साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३२ ✪ अङ्क ४९ ✪ ८ पुस २०८२, मङ्गलबार ✪ 23 December, 2025, Tuesday ✪ मूल्य रू. १०।-

## ‘खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५’ को उद्‌घाटन

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौँ विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिकशास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको ‘खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५’ को पुस ६ गते उद्‌घाटन गर्नुभयो ।

कार्यक्रममा उहाँले नेमकिपाले आफ्नो राजनीतिक प्रतिबद्धताअनुसार ख्वप शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउँदै अन्तर्राष्ट्रिय कार्यशाला आयोजनाले युवा इन्जिनियर, वैज्ञानिक, अनुसन्धानकर्ता, प्रोफेसरहरू उत्साहित हुने र भौतिक विज्ञानतर्फ विद्यार्थीको आकर्षण बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालको पाठ्यक्रम पुरानो भएका कारण धेरै युवा विद्यार्थीहरू उच्च शिक्षा अध्ययन र रोजगारीको नाममा विदेश जान बाध्य भइरहेको उहाँले बताउनुभयो ।

ख्वप इ. कलेज, ख्वप कलेज अफ इन्जिनियरिङलगायतका कलेजमा विद्यार्थी भर्ना योग्यता सूचीको आधारमा हुने बताउँदै उहाँले भन्नुभयो, “तोडफोड र आगजनी समस्याको समाधान होइन, भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ, ठुल्ठुला भ्रष्टाचारीहरूलाई ज्यानसजायको बन्दोबस्त हुनुपर्छ ।”

चीनले इमानदारीपूर्वक कोभिड भाइरसबारे सारा जनतालाई समयमै सचेत गराएको उल्लेख गर्दै उहाँले राजनीति सबै नीतिको मूल नीति भएकोले देश र जनताको निःस्वार्थ सेवा गर्नुपर्नेमा नेमकिपाले जोड दिँदै आएको बताउनुभयो ।

फौजदारी अभियोग लागेकाहरू ठुल्ठुला पदमा पुग्ने स्थिति सिर्जनाले देशलाई कतातिर लग्दै छ भन्ने विषयमा समीक्षा हुनुपर्ने उल्लेख गर्दै उहाँले सबै प्राणीको साझा घर पृथ्वी हो, पृथ्वीलाई

बाँकी पृष्ठ १२ मा

### भक्तपुर नगरपालिकाको ७६[औँ] स्थापना दिवस सम्पन्न

## जनताको सेवामा समर्पित हुन आग्रह




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवसको अवसरमा नगरपालिकाको आयोजनामा मङ्सिर २० गते सम्पन्न योमारी प्रतियोगिताका विजयीहरूलाई पुरस्कार र सहभागीहरूलाई प्रमाण-पत्र वितरण तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रममा अतिथि सुवालले जनप्रतिनिधि र कर्मचारीहरू नगर र नगरवासीको सेवामा थप समर्पित भएर आआफ्नो जिम्मेवारी पूरा गर्नु नै आजको स्थापना दिवसको औचित्य पुष्टि हुने बताउनुभयो ।

रुसको निर्वाचन पर्यवेक्षणमा पुगेका एक सरकारी अधिकारीले त्यहाँको नगरपालिका, गाउँपालिका र वडा कार्यालयको काम हिउँ सफा गर्ने भएको, हवाईजहाज ओराल्न मिल्ने चौडा-चौडा सडक भएको र विकासमा नेपाल रुसभन्दा ५०० वर्ष पछाडि परेको अनुभव सुनाउनुभएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, “अहिले घर-घरमा खानेपानी ट्याङ्कीको व्यवस्था छ तर ती ट्याङ्की सफा गर्ने प्राविधिकहरूको अभाव देखिन्छ । खानेपानी ट्याङ्की सफा नभए पानीजन्य रोग बढ्नेछ । यतातिर पनि नगरपालिकको ध्यान जानु जरुरी छ ।”

“विद्यालय र कलेजको सङ्ख्या बढी भएको नगरकोट सडकमा बढ्दो सवारी साधनको कारण दुर्घटना हुने खतरा बढ्दो छ । विद्यार्थीको चाप नगरकोट सडकमा नपर्ने गरी वैकल्पिक सडकको व्यवस्था हुनुपर्नेबारे हामीले संसद्‌मा पटक-पटक उठाएका थियौँ । हनुमन्ते र खासाङखुसुङ खोलाको दुवैतिर सडक विस्तार गरे सवारी साधनको चाप कम हुनेछ र दुर्घटना हुने खतरा पनि कम हुनेछ”, उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, “संस्कृतिभित्र मानिसको बोली व्यवहार, भेषभूषा, लवाइखवाइ, सरसफाइ आदि पर्दछन् ।”

सचिव सुवालले भन्नुभयो, “नगरपालिकाले जनताको सबै समस्या समाधान गर्न जनतासँग छलफल गरी अगाडि बढिरहेको सकारात्मक हो । जनताको गुनासो समयमै सम्बोधन गर्न छलफल महत्त्वपूर्ण हुनेछ । स्थानीय तहलाई आवश्यक कर्मचारी स्थानीय तहमै कर्मचारी पदपूर्ति समितिको व्यवस्था हुनुपर्दछ । यसबारे संसदीय समितिमा हामीले संशोधन पनि राखेका थियौँ । त्यसबेला एक सरकारी अधिकारीले स्थानीय तहका प्रमुख र अध्यक्षले आफ्ना परिवारजन र नातेदार नियुक्ति गरेको आरोप लगाए । यसको हामीले खण्डन गरेका थियौँ । लोक सेवा आयोगबाट नियुक्ति गरिएका कतिपय निजामती कर्मचारीहरू पनि भ्रष्टाचारमा परेका उदाहरण सार्वजनिक भइरहेका छन् । सुसंस्कृत समाजले मात्र भ्रष्टाचारलाई नियन्त्रण गर्ने सरकारले बुझ्नुपर्ने हो ।”

उहाँले भन्नुभयो, “उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, सबैको निम्ति योग्यताअनुसार काम र

बाँकी पृष्ठ १२ मा

### निर्वाचन धाँधलीरहित गर्न नेमकिपाको जोड

## निर्वाचन नभए देशै नरहने खतरामा प्रमको चिन्ता ?



काठमाडौँ, ७ पुस । प्रधानमन्त्री सुशीला कार्कीले प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा सोमबार २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन कानुन एवम् व्यवस्थापन सम्बन्धमा सर्वपक्षीय बैठकको आयोजना गर्नुभयो ।

बैठकमा उहाँले फागुन २१ गते निर्वाचन हुनुपर्नेमा जोड दिँदै नेपालीहरू एकापसमा रिस पोखिरहे मुलुकै नरहने अवस्था पनि आउन सक्नेतर्फ सबै सचेत हुन आवश्यक भएको विचार व्यक्त गर्नुभयो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन गर्नु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “गते भदौ २३ र २४ गतेपछि राष्ट्रिय मानव अधिकार आयोगको वक्तव्यमा सरकारमा गएकाहरूले जनताको समस्या समयमा समाधान गर्न नसकेको र सम्भावित विध्वंसको पूर्वानुमान गर्न नसकेको उल्लेख गरेकोले यसबारे सम्बन्धित सबै सचेत हुनु जरुरी छ ।”

“राजनीतिक पार्टी दर्शन र वर्ग आधारमा स्थापना र सञ्चालन हुने हो; राजनीतिक पार्टी स्थापनाको उद्देश्य देश र जनताको निःस्वार्थ सेवा गर्ने हो । यो विषय निर्वाचन आयोगको कानुनमा उल्लेख हुनु जरुरी छ”, उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, “चुनावमा धेरै स्थान जितेको र पटक-पटक प्रम र मन्त्री भएको नै जनताको समर्थन हुने गर्दैन; राणाहरूले पनि १०४ वर्षसम्म शासन गरे तर तिनीहरूलाई जनताले रुचाएनन् । सरकारमा पुगेका प्रम र मन्त्रीहरूको दल तथा नेता फरक भए पनि ती पार्टीहरूको वैदेशिक र आर्थिक मामिला एउटै हुनु देश र जनतालाई धोका नै हो ।”

चुनाव जित्न र सरकारमा पुग्न सिद्धान्तहीन गठबन्धन गर्ने शासकहरूकै कारण देशमा अराजकता र भ्रष्टाचार बढेको स्पष्ट पार्दै उहाँले पद नपाएसम्म इमानको कुरा गर्ने र पद पाएपछि बेइमान गर्नेहरू लामो समय जेलमा बसेको दाबी गरे पनि त्यसको औचित्य पुस्टि हुनेछैन भन्नुभयो ।

उहाँले भन्नुभयो, “देश र जनताको हितविरुद्ध लागेका नेपोलियन परिवारलाई फ्रान्समा चुनावमा उठ्न नदिएको तर्फ शासक दलहरू सचेत हुनु आवश्यक छ ।”

सचिव सुवालले भन्नुभयो, “संविधानविपरीत निर्वाचन ऐन, नियम र निर्देशिका जारी गर्नु हुँदैन; १६ वर्ष पुगेका नेपालीले नागरिकता प्रमाणपत्र पाउने, जागिर र सम्पत्तिको हक पाउने हुँदा मतदानको अधिकार पनि पाउनु जरुरी छ ।”

खुला सिमाना भएका जिल्लाहरूमा निर्वाचनको लागि उम्मेदवार मनोनयन पत्र दर्ताको दिनदेखि नतिजा प्रकाशित नभएसम्म विदेशी नम्बर प्लेटका गाडी सञ्चालन बन्द गराउनु जरुरी भएको उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, “कतिपय देशमा फौजदारी अभियोग लागेका, पैसा र सामान बाँडेका उम्मेदवारहरू निर्वाचनमा जितेको सार्वजनिक भइरहेको छ । नेपालमा पनि त्यस्तो सम्भावना बढ्दो छ; यसतर्फ निर्वाचन

बाँकी पृष्ठ १२ मा

## एमाले जनताको बहुदलीय जनवाद (जबज) बाट बाहुबलीवादमा (बाबवा) मा पतन !

**- विवेक**

एमालेको ११ औँ महाधिवेशन हालै सम्पन्न भयो । पोखरामा गर्ने भनिए पनि भदौ २३ र २४ गतेको युवाहरूको आन्दोलनपछि एमालेले भक्तपुरको सल्लाघारीमा महाधिवेशन सम्पन्न गऱ्यो । महाधिवेशनमा कुनै वैचारिक बहस भने भएन । पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टीमा ल्याउने वा नल्याउने भन्ने विषय नै महाधिवेशनको मुख्य मुद्दा बन्यो । केपी ओली पक्ष जसरी पनि भण्डारीलाई रोक्ने पक्षमा थियो भने ईश्वर पोखरेल पक्ष जसरी पनि भण्डारीलाई एमालेको सदस्यता दिएरै छाड्ने पक्षमा थियो । त्यसैले एमालेको महाधिवेशन जनताको लागि खास चासोको विषय भएन । आफ्नै कार्यकर्ताहरूबिचको निर्वाचनमा भारी मतले केपी ओली पक्षका उम्मेद्‌वारहरू विजयी बन्नुमा कुनै आश्चर्यको विषय पनि थिएन । आगामी निर्वाचनमा एमालेको अवस्था के हुन्छ त्यो भने हेर्न बाँकी नै छ ।

महाधिवेशनमा कुनै किसिमको वैचारिक बहस नहुँदा एमाले विचार शून्य पार्टीमा रूपान्तरण भएको धेरैले अड्कल काट्दै छन् । एमालेले पहिले नै माओ त्से तुङ विचारधारा छोडिसकेको थियो । तापनि एमाले नाममा मात्रै भए पनि मार्क्सवादी लेनिनवादी झण्ड्याएर पार्टी चलाइ रहेको छ र जनतालाई कम्युनिस्ट भनी झुक्याइरहेको छ । पाँचौँ महाधिवेशनदेखि मदन भण्डारीले अघि सारेको ‘जनताको बहुदलीय जनवाद’ (जबज) लाई अङ्गीकार गर्दै आएको एमालेले यस पटकको महाधिवेशनमा ईश्वर पोखरेल पक्षले जबजको वकालत गऱ्यो । केपी ओली पक्षले भने जबजको नाम लिनसमेत चाहेको देखिएन । बरु महाधिवेशनको केही समय अघि ओलीले एक सार्वजनिक कार्यक्रममा मदन भण्डारीको नामै किटेर ‘चार श्रीमती राख्ने, सहकारी ठग’ सम्मको आरोप लगाए । त्यो केपी ओली पक्षले महाधिवेशनबाट ‘जनताको बहुदलीय जनवाद’ (जबज) छोड्ने सङ्केत थियो भने निर्वाचनपछि त्यसको पुष्टि पनि भयो ।

केपी ओली पार्टी अध्यक्षमा निर्वाचित भएको लगत्तै राखिएको सभामा बोल्दै ओलीले ‘एमालेलाई छुने प्रयास गर्यो भने देश ठप्प पार्न’ कार्यकर्ताहरूलाई निर्देशन दिए । त्यो गौरीबहादुर कार्की आयोगलाई चेतावनी थियो । पटक पटक प्रधानमन्त्री भइसकेका व्यक्तिबाट देश ठप्प पार्ने चेतावनी आउनुले एमाले निर्वाचन होइन अराजकता चाहन्छ भन्ने पुष्टि गर्छ । हुन पनि ओली पक्षबाट निर्वाचित पदाधिकारीहरू विभिन्न फौजदारी मुद्दामा विवादित छन् । सचिवमा निर्वाचित महेश बस्नेत बलात्कार र भ्रुण हत्याको मुद्दा अदालतमा खोपिरहेका व्यक्ति हुन् । उनी सांसद अपहरण, चन्दा आतङ्क मच्चाउने, गुण्डा नाइकेको नाउँमा पार्टीभित्रै बद्‌नाम व्यक्ति हुन् । उनी आफैले लेखेको पुस्तकमा ‘युथ फोर्सलाई विभिन्न क्यासिनोले

बाँकी पृष्ठ ११ मा

## सर्वहारा वर्गको मुक्तिका लागि समाजवाद

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा विश्व सर्वहारा वर्गका महान् गुरुहरू स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मदिवसको अवसरमा शुक्रबार कार्यकर्ता प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले हरेक कार्यकर्ताहरूले स्तालिन र माओको योगदानबारे ज्ञान राख्न पार्टी प्रकाशनहरू, ‘श्रमिक’ साप्ताहिक र ‘मजदुर’ दैनिक नियमित अध्ययन गरे पछुटाउन नपर्ने बताउनुभयो ।

“मार्क्स र एंगेल्सले आफूले अध्ययन गरेर, भोगेर, अनुभवहरू सङ्गालेर विश्वका सर्वहारा वर्गको मुक्तिको लागि समाजवादी सिद्धान्त प्रतिपादन गर्नुभएको थियो”, उहाँले भन्नुभयो, “समाजवादी सिद्धान्तलाई रूसी अक्टोवर क्रान्तिका नेता लेनिन र स्तालिनले रुसी भूमिमा उपयोग गरेर देखाउनुभयो । रुसी समाजवादी झन्डालाई फरफराउँदै विश्वमा पुँजीवादको विकल्प समाजवाद नै हो भने व्यवहारमा देखाइदिनुभयो । रुसी समाजवादलाई रक्षा गर्न स्तालिनले साम्राज्यवादीहरूको दोस्रो विश्वयुद्ध छेड्ने हिटलरलाई परास्त गरी रुसी समाजवादलाई बचाएको हुँदा साम्राज्यवादीहरूले स्तालिनविरूद्ध अनेक भ्रमहरू फैलाउँदै आएका छन् ।”

“मार्क्सवाद र लेनिनवादलाई माओ त्सेतुङले चिनियाँ माटो सुहाउँदो जनवादी क्रान्ति सफल पारी चिनियाँ भूमिमा समाजवाद लागु गरी चीनलाई आजको अवस्थामा पुऱ्याउने माओ त्सेतुङ विचारधारा अजेय छन् । तर, नेपालका कम्युनिस्टहरू भने मार्क्सवाद-लेनिनवाद, समाजवादको वकालत गर्छन् तर स्तालित

बाँकी पृष्ठ १२ मा


माओ त्सेतुङ

वर्गीय समाजमा हरेक व्यक्ति एक विशेष वर्गको सदस्यको रूपमा बाँच्छ र उसको हरेक विचारमा विनाअपवाद आफ्नो वर्गको छाप परेकै हुन्छ ।

## सम्पादकीय

# धमिलो पानीमा माछा मार्ने दाउ !

नेपालका शासक राजनीतिक दलहरूमा राणाकाल र पञ्चायतकालीन छापबाट मुक्त छैनन् - नेकाको महाधिवेशनको निम्ति र सम्भावित महानिर्वाचनमा कहिले पनि राजनीति, सिद्धान्त, आर्थिक र अन्य विषयका नीतिगत छलफल भएनन् । बीपी कोइरालाबाट निर्देशित नेपाली काङ्ग्रेस पार्टीमा 'प्रजातान्त्रिक समाजवाद' को आजको अन्तर्राष्ट्रिय परिवेशमा के कसरी प्रयोग गर्ने भन्नेबारे एक शब्द कहिले पार्टी अध्यक्षदेखि कार्यकर्तासम्म बोलेका, देखेका र लेखेका देखिएका छैनन् । तर, पश्चिमी युरोपमा आज पनि बीपी कोइराला र उनले स्थापना गरेको दललाई अन्तर्राष्ट्रिय समाजवादी संस्थाकै सदस्य मान्दै आइएको छ । तर, काङ्ग्रेस र एमालेको संयुक्त शासनमा सरकारका नेता प्रधानमन्त्री ओली आफै 'धर्मप्रसाद हत्याकाण्ड' का नेता थिए तर उनको नेतृत्वको सरकारमा सबभन्दा ठुलो दलका नेताहरू पछिपछि लाग्दै छन् । प्रश्न त ताजै छ - यो कस्तो प्रजातन्त्र ?

'देशलाई २२ भदौतिरै फर्काउने रणनीतिमा काङ्ग्रेस- एमाले' शीर्षकमा ७ पुस २०८२ को 'नयाँ पत्रिका' ले लेख्यो - 'संसद् पुन: स्थापनामा किन र कसरी नजिकिए ओली देउवा ?' राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेल भन्छन्- "काङ्ग्रेस पनि एमाले हुँदै गयो ।" निवर्तमान प्रमुख सचेतक श्याम घिमिरे भन्छन् - "देउवाको इशारामा काङ्ग्रेस संस्थापन अदालत जाने हतारोमा ।"

काकताली हो वा योजनाबद्ध चिन्तन - 'एमाले महाधिवेशनबाट 'जेन-जी विद्रोह अस्वीकृत' (नागरिक - ८ पुस २०८२) । 'पारित प्रस्तावमा 'जेन-जी विद्रोह' को नाममा भएको विध्वंश र राजनीतिक परिवर्तनलाई पूर्णता अस्वीकार गरिएको छ ।' एमालेले प्रस्ट घोषणा गऱ्यो - "आपराधिक कृत्यहरूको उद्देश्य एकैसाथ मुलुकको लोकतान्त्रिक संरचना ध्वस्त पार्ने, अर्थतन्त्रको मेरुदण्ड भाँच्ने, समाजमा भय र त्रासको वातावरण बनाउँदै नागरिकलाई निरीह तुल्याउने थियो । देशलाई माया गर्ने कुनै पनि नव युवाबाट यस्तो काम हुन सक्छ भन्ने एमाले ठान्दैन ।"

यसबाट हिजोका संसद्मा बहुमत प्राप्त गर्ने शासक दलहरू एकै ठाउँमा उभिएको प्रस्ट छ । अब नयाँ चुनौती भनेको संसदीय दलहरूलाई नयाँ दलहरूबाटै छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अर्थात् 'घण्टी' का सभापति रवि लामिछानेले "नयाँ राजनीतिक शक्तिहरू छिट्टै एकताबद्ध हुने" बताए र भने "पुराना दललाई कुनामा राख्नुपर्छ" (नागरिक - ६ पुस २०८२) । त्यस हाँकलाई तत्काल भृकुटी मण्डपमा आयोजना गरेको 'नेपाली कम्युनिस्ट पार्टी' संयोजक र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले 'नयाँ शक्तिहरू भुइँफुटा' सामाजिक सञ्जालका भरमा राजनीति गर्नेलाई बलिदानको इतिहास बोकेका भरमा पार्टीलाई हेप्न दुस्साहस नगर्न खबरदारी" गरे ।

### काङ्ग्रेस-एमालेको साझा अगुवाइ ?

६ पुस २०८२ कै 'नेपाल समाचारपत्र' ले लेख्यो - 'प्रतिनिधिसभा पुन:स्थापनाका लागि काङ्ग्रेस एमालेको साझा पहल' 'बहुमत सांसदको हस्ताक्षरसहित सर्वोच्च जाने तयारी ।'

नेपाली कम्युनिस्ट पार्टीको एकतासभा गर्दै संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले शनिबार काठमाडौँमा भएको सभामा 'जेन-जी कुनै व्यक्ति वा समूहको पेवा नभएको खुलासा गरे तथा नक्कली राजनीतिक गतिविधि (स्टन्ट) नगर्न चेतावनी दिए ।'

यसरी नेपाली राजनीति अहिले लयमा आएको राजनीतिक चिन्तक र बुद्धिजीवी समुदायको अनुमान छ । तर, सत्य के हो भने काठमाडौँमा देखिने गतिविधिले नै नेपालको राजनीतिले सबै कुराको निर्क्योल गर्छ भन्ने होइन भन्नेबारे दुई/चार महिनाका घटनाहरूले नै बताइसकेको कुरा हो । दुई दिन अगाडिसम्म पनि राजधानीमा नचिताएका भीषण घटनाहरूबारे प्रम ओलीसमेत बेखबर थिए । पूर्वप्रधानमन्त्री ओलीले आफूलाई प्रशासनिक संयन्त्रबाट थाहा नपाएको भन्ने गलत बचाउ आउना साथै सेना, प्रहरी र गुप्तचर विभागको खण्डन निस्केर जनतामा सरकार र प्रशासनबारे असमझदारी भएको पत्ता लाग्यो !

भोलि जेसुकै भए पनि संसद्बाट सरकारमा पुगेका दलका नेताहरूले राज्य व्यवस्थामा आफूहरू सर्वेसर्वा र विकल्परहित सम्झने हो भने समयले कहिलेकाहीँ नयाँ-नयाँ पाठ पनि सिकाउनेछ । संसारमा आज पनि वेस्ट मिनिस्टर सिस्टम वा बेलायती शैलीको प्रजातन्त्र र अमेरिकी शैलीको राष्ट्रपतीय बन्दोबस्तलाई संसारका ८० प्रतिशत देशका बुद्धिजीवीहरूको माझको जनमतमा बहुमतले दोषपूर्ण भएको निर्क्योल निकाले । बेलायत र संयुक्त राज्य अमेरिकाको परिवेश नै एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरूको होइन भन्ने बुझे । दक्षिण एसियाली देशहरूमा समेट्न बेलायती शैलीको संसदीय प्रणालीले देशलाई तुलनात्मकरूपले अगाडि ल्यायो न त राष्ट्रपतीय बन्दोबस्तले देश र जनतालाई उठायो ।

नेपालकै सन्दर्भलाई हेर्दा स्थानीय निकाय राज्य व्यवस्थाको जगको रूपमा विकास गरियो भने माथिल्लो तहमा हुने खराबी तलसम्म पुग्ने थिएनन् भने अनुमान गर्न सकिन्छ । भ्रष्टाचार र नातावाद-कृपावाद माथिल्लो तह र माथिल्लो वर्गबाटै सुरु भएको हो । वैचारिक र नीतिगतरूपले तलबाट सुधार गर्दा तुलनात्मकरूपले बेहत्तर परिणाम आउने अड्कल गर्न सकिन्छ । हामी सबैले चिन्तन गरौँ ।

# "शासक दलहरूको कारण देश सङ्कटमा पुगेको हो"

**भक्तपुरका जनताले भक्तपुरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउने लक्ष्य लिएका छन् । यो लक्ष्य पूरा गर्न जनप्रतिनिधिहरूले नीति कार्यक्रम बनाउने र कर्मचारीहरूले कार्यान्वयन गर्ने कामलाई निरन्तरता दिनु उपयुक्त हुनेछ । नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यूले धेरै अगाडि नै कर्मचारीहरू एम्बुलेन्स र दमकलजस्तै देश र जनताप्रति जिम्मेवार हुनुपर्ने बताउनुभएको छ । तत्अनुसार कर्मचारीहरू चौबीसै घण्टा देश र जनताप्रति जिम्मेवार र जवाफदेही भएर सेवा गर्नु जरुरी छ ।**




जनप्रतिनिधि र कर्मचारीहरूले नगर र नगरवासीको सेवामा समर्पित भएर आ-आफ्नो जिम्मेवारी पूरा गरेमा स्थापना दिवसको औचित्य थप पुष्टि हुनेछ ।

रुसको निर्वाचन पर्यवेक्षणमा पुगेका एक सरकारी अधिकारीले त्यहाँको नगरपालिका, गाउँपालिका र वडा कार्यालयको काम हिउँ सफा गर्नेमात्र भएको, हवाईजहाज ओराल्न मिल्ने चौडा-चौडा सडकलगायत पूर्वाधार निर्माण कम्युनिस्ट सरकारकाबाट अगाडि नै सम्पन्न भएको र विकासमा रुसभन्दा ५०० वर्ष नेपाल पछाडि परेको अनुभव बताउनुभएको थियो ।

संस्कृतिभित्र मानिसको बोली व्यवहार, भेषभूषा, लवाइखवाइ, सरसफाइ आदि पर्दछन् । अहिले भक्तपुरका जनताका घर-घरमा खानेपानी ट्याङ्कीको व्यवस्था छ तर ती ट्याङ्की सफा गर्ने प्राविधिकहरूको अभाव भयो । खानेपानी ट्याङ्की सफा नभए पानीजन्य रोग बढ्नेतर्फ पनि नगरपालिका सचेत हुनु जरुरी छ ।

विद्यालय र कलेज आउने यातायातको सङ्ख्या बढी भएको नगरकोट सडकमा बढ्दो यातायात आवतजावतको कारण दुर्घटना हुने सम्भावना बढ्दो छ । विद्यार्थीको चाप नगरकोट सडकमा कम पर्ने बनाउन र सम्भावित दुर्घटना नियन्त्रण गर्न वैकल्पिक सडक जरुरी छ । यो विषय नेमकिपाले संसद्मा पटक-पटक उठाएको हो । हनुमन्ते र खासाङखुसुङ खोलाको दुवैतिर सडक विस्तार गरिए नगरकोट सडकमा सवारी साधनको चाप कम हुनेछ ।

नगरपालिकाले जनताको समस्या समाधान गर्न जनतासँग छलफल गरी अगाडि बढिरहेको सकारात्मक हो । स्थानीय तहलाई आवश्यक पर्ने कर्मचारी नियुक्तिको लागि स्थानीय तहमा कर्मचारी पदपूर्ति समितिको व्यवस्था गर्नु जरुरी छ । यसबारे संसदीय समितिमा नेमकिपाले संशोधन पनि राखेका हो तर, शासक दलहरू मानेनन् । त्यसबेला एक सरकारी अधिकारीले स्थानीय तहका प्रमुख र अध्यक्षले आफ्ना परिवार र नातेदार कर्मचारीमा नियुक्ति गर्ने आरोप लगाए । यसको नेमकिपाले खण्डन गऱ्यो । लोकसेवा आयोगबाट नियुक्ति गरिएका कतिपय निजामती कर्मचारीहरू पनि भ्रष्टाचारमा परेको सार्वजनिक भइरहेको छ । सुसंस्कृत समाजमा मात्र भ्रष्टाचार नियन्त्रण हुने विषय सरकारले बुझ्नु जरुरी छ । स्थानीय तहमा सङ्घ र प्रदेश सरकारले हस्तक्षेप गर्नु उपयुक्त होइन ।

उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, सबैको निम्ति योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोवस्त भए सुसंस्कृत समाज निर्माणमा मद्दत पुग्ने छ । भौतिक पूर्वाधारमा आगजनीभन्दा पनि भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भष्टाचारीहरूलाई मृत्युदण्डसमेत हुने कानुनी व्यवस्था जरुरी छ । यस्तो व्यवस्था बहुदलीय व्यवस्था पुन: स्थापना पछि हटाइएको गलत हो ।

कर्मचारीहरूले हाजिर गरेपछि तलब र पारिश्रमिक पाउने ठान्नु हुँदैन, हाजिर सँगसँगै पारिश्रमिकअनुसारको काम पनि गरेर देखाउन जरुरी हुन्छ । अहिले देशको अर्थतन्त्र कर्मचारीको तलब-पेन्सनको लागि समेत विदेशी ऋण लिनुपर्ने अवस्था छ ।

भक्तपुरका जनताले भक्तपुरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउने लक्ष्य लिएका छन् । यो लक्ष्य पूरा गर्न जनप्रतिनिधिहरूले नीति कार्यक्रम बनाउने र कर्मचारीहरूले कार्यान्वयन गर्ने कामलाई निरन्तरता दिनु उपयुक्त हुनेछ । नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यूले धेरै अगाडि नै कर्मचारीहरू एम्बुलेन्स र दमकलजस्तै देश र जनताप्रति जिम्मेवार हुनुपर्ने बताउनुभएको छ । तत्अनुसार कर्मचारीहरू चौबीसै घण्टा देश र जनताप्रति जिम्मेवार र जवाफदेही भएर सेवा गर्नु जरुरी छ ।

भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगले सरकारहरू जनताका समस्यालाई समयमा सम्बोधन गर्न असमर्थ भएको र सम्भावित दुर्घटनाको पूर्वानुमान गर्न नसकेको वक्तव्य प्रकाशित गरेकोतर्फ शासक दलहरू सचेत हुनु आवश्यक छ ।

सरकारको प्रधानमन्त्री र मन्त्री हुनुको अर्थ झन्डावाल गाडीमा सिंहदरबार भित्र-बाहिर गर्नुमात्र होइन, देश र जनताको समस्या समयमा समाधान गर्नु हो । यो विषय संसद्मा प्रधानमन्त्री र मन्त्रीहरूको सामु नेमकिपाले बारम्बार दोहोऱ्याएको हो । तर, शासक दलहरू सचेत नहुँदा अहिलेको सङ्कट उत्पन्न भएको हो ।

संवत् २०१९ सालयता नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले भक्तपुर नगरपालिकामा स्थानीय जनताको उपभोक्ता समितिमार्फत श्रमदानमा आधारित भएर विकासका कार्य अगाडि बढाउनु भएको हो । भक्तपुर नगरपालिका आर्थिक अनुशासन, मितव्ययीता, पारदर्शिता भएर अघि बढ्दै छ । भक्तपुर नगरपालिकालाई देशको नमुना नगरपालिका बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले थप मेहनत गर्ने जनताको अपेक्षा हो ।

नयाँ पुस्ता हाम्रा भविष्य हुन् । चिकित्सकहरूका अनुसार सहरका केही विद्यार्थीहरूमा कुपोषण देखिएको, शारीरिक गतिविधि र सरसफाइमा कमी भएको सार्वजनिक भयो । यसबारे जनप्रतिनिधि र विद्यालयहरूबिच छलफल हुनु उपयुक्त हुनेछ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले २०८२ पुस २ गते भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवसको अवसरमा भनपाको आयोजनामा मङ्सिर २० गते सम्पन्न योमारी प्रतियोगिताका विजयीहरूलाई पुरस्कार र सहभागीहरूलाई प्रमाण-पत्र वितरण तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार : सं)*

# प्रगतिशील कर प्रणाली समाजवादी व्यवस्थामा मात्र सम्भव




शुक्र

नेपाल सरकारले आव २०६६/६७ देखि पारिश्रामिक पाउने नेपालीहरूबाट १ प्रतिशत रकम सामाजिक सुरक्षा कर बापत उठाइरहेको छ । यसरी उठाइएको रकम हालसम्म ६५ अर्बभन्दा बढी भए पनि सामाजिक सुरक्षा कोषमा जम्मा भएको छैन । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ उपदफा २ (ङ) मा सामाजिक सुरक्षा करबापत हालसम्म सङ्कलित र भविष्यमा सङ्कलन हुने रकम सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्था छ । तर, सरकारले आफैले बनाएको कानुनी व्यवस्थाको धज्जी उडाउँदै श्रमिक र कर्मचारीको रकम सामाजिक सुरक्षा कोषमा जम्मा नगरी सञ्चित कोषमा जम्मा गरेको छ । यसले श्रमिक र कर्मचारीको लागि सो कोषको रकम खर्च नहुने पक्का छ । सरकारले सञ्चित कोषको रकम अन्य शीर्षकमा खर्च गर्ने गरेको छ ।

आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार सामाजिक सुरक्षा कर वापत गत आव २०८१/८२ मा ८ अर्ब ८३ करोड रुपैयाँ, २०८०/८१ मा ८ अर्ब ५७ करोड रुपैयाँ, २०७९/८० मा ८ अर्ब ५६ करोड रुपैयाँ, २०७८/७९ मा ७ अर्ब ६४ करोड रुपैयाँ, २०७७/७८ मा ६ अर्ब ८२ करोड रुपैयाँ सङ्कलन भएको छ । पछिल्लो ५ वर्षको तथ्याङ्कअनुसार नेपालमा सामाजिक सुरक्षा कर २ प्रतिशतले वृद्धि भएको देखिन्छ । विभागको प्रतिवेदनले हरेक वर्ष सामाजिक सुरक्षा कर वृद्धि हुँदै गइरहेको देखाएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन बनेको ८ वर्ष भयो । तर, पनि कोषको रकम १५ वर्षदेखि कर तिरिरहेका श्रमिक तथा कर्मचारी निम्ति खर्च गरिएन ।

सरकारले करको सामान्य सिद्धान्तभन्दा बाहिर गएर सामाजिक सुरक्षा कर उठाइरहेको छ । प्रगतिशील कर प्रणालीअनुसार अत्यन्त न्यून आय भएका जनतालाई आयकर छुट दिनुपर्ने तथा आम्दानी बढी भएकासँग करको दर बढाउनुपर्ने हो । यस विपरीत सरकारले सबै श्रमिक र कर्मचारीलाई बराबर १ प्रतिशत कर लगाएको छ ।

सुशासनको चर्को भाषण गर्ने शासक दलहरूको गलत रबैयाको कारण भदौ २३ र २४ गते नयाँ पुस्ताका युवाहरूले आन्दोलन छेडेका हुन् । तर, आन्दोनमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका मतियारहरूले घुसपैठ गरेर विध्वंस मच्चाए । विगतका सरकारहरूको अकर्मन्यताको कारण वर्तमान सरकार गठन भएको भनिए पनि नयाँ पुस्ताका युवाहरूको भावनाअनुसार वर्तमान सुशीला कार्की नेतृत्वको सरकारले काम गर्न सकेन । विदेशी हस्तक्षेप बढ्दो छ । श्रमिक तथा कर्मचारीहरूको हितअनुकूलको कर प्रणाली समाजवादी व्यवस्थामा मात्रै हुनेतर्फ जनता सचेत हुनु जरुरी छ ।

# "भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र स्मारक संरक्षित नमुना नगरको रूपमा विकास गर्ने कोसिस गर्दै छौँ"

*भनपाले निर्वाचनमा जनताबिच घोषणामार्फत गरेका प्रतिबद्धताहरू पूरा गर्न शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ तथा विभिन्न पर्यटनकेन्द्रित गतिविधिहरू गर्दै जनताको सेवा गर्दै आएको छ।*

*नेमकिपाका अध्यक्ष नारायणमा बिजुक्छेँ (रोहित) ले २५-२६ वर्षअघि देख्नुभएको सपनाअनुसार भक्तपुर 'एक घर एक स्नातक', पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो छुट्टै पहिचान बोकेको नमुना नगरको रूपमा विकास हुँदै छ।*




**सुनिल प्रजापति,**
प्रमुख भक्तपुर नगरपालिका

२००६ सालमा भक्तपुर म्युनिसिपालिटीको रूपमा स्थापना भएको आजको भक्तपुर नगरपालिका २००७ सालमा नगर पञ्चायत, २०१० सालमा नगरपालिका, २०१९ सालमा नगर पञ्चायत, २०४५ सालमा नगर पञ्चायत समिति हुँदै २०४७ साल जेठ ३० गतेदेखि हालसम्म नगरपालिकाको नाउँमा सञ्चालित छ। नगरपालिका स्थापनाकालदेखि आजसम्म विभिन्न कालखण्डमा निर्वाचित भएर सेवा गर्नुभएका जनप्रतिनिधिहरू, प्रत्यक्ष र अप्रत्यक्षरूपमा भक्तपुरको विकासमा योगदान गर्नुभएका सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २०१९ सालमा नगर पचायतको सदस्य निर्वाचित भएर सेवा गर्नुभएको थियो। त्यतिबेलै उहाँहरूले भक्तपुर एउटा सुन्दर, सफा नगरको सपना देख्नुभएको थियो। निरङ्कुश पञ्चायती शासन कालका विभिन्न समयमा निर्वाचनको व्यवस्था थिएन। २०३६ सालको जनआन्दोलनपछि २०३७ सालमा जनमतसङ्ग्रह, २०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनाव र २०३९ सालमा स्थानीय पञ्चायतको चुनाव सम्पन्न भयो।

त्यतिबेला पार्टी प्रतिबन्धित थियो। प्रतिबन्धित नेपाल मजदुर किसान सङ्गठन (पार्टी) को तर्फबाट किसान नेता ज्ञानबहादुर न्याईच्याइँ प्रधानपञ्चसहित बहुमत उम्मेदवारहरू भक्तपुर नगर पञ्चायतमा जित्नुभयो। पारदर्शी, आर्थिक अनुशासन र भ्रष्टाचारमुक्त नगर बनाउने अभियान त्यतिबेलादेखि उहाँहरूले सुरु गर्नुभयो।

त्यतिबेला भक्तपुर अत्यन्त फोहर र शिक्षामा देशकै पछाडि परेको मध्ये एक नगर थियो भने स्वास्थ्य उपचारको पनि राम्रो बन्दोबस्त थिएन। अर्थात्, नाउँ मात्रको नगरपालिका थियो। ज्ञानबहादुर न्याईच्याईँको नेतृत्वमा २०३९ सालदेखि सफाइ अभियान, वडा-वडामा साक्षरता कक्षा सञ्चालन, सिलाइ-बुनाइका तालिमजस्ता सीपमूलक तालिमहरू दिने कार्य सुरु भयो। नगर पञ्चायतको हिसाब पारदर्शी गर्न 'पञ्चायत' नाउँको पत्रिका प्रकाशन भयो।

२०४४ सालको स्थानीय निकायको निर्वाचनमा नेपाल मजदुर किसान सङ्गठन (पार्टी) को तर्फबाट आशाकाजी बासुकला प्रधानपञ्चमा निर्वाचित हुनुभयो। उहाँसँगै नेमकिसङ्घ (पार्टी) का बहुमत वडा सदस्यहरू निर्वाचित हुनुभयो। हामी वडा सदस्यको रूपमा कार्यरत थियौँ।

देशभरका ३६ वटा नगर पञ्चायतहरूमध्ये भक्तपुर नगर पञ्चायतले पृथक रूपमा काम सुरु गर्यो। देशभर कक्षा ५ सम्म सरकारले नि:शुल्क गरेको बेला भक्तपुर नगर पञ्चायतभित्र कक्षा ७ सम्म नि:शुल्कको व्यवस्था गरियो। 'पञ्चायत' पत्रिकामा पार्टी प्रतिबन्धित अवस्थामा पनि विश्व सर्वहारावर्गका महान् गुरुहरू कार्ल मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओ त्सेतुङका जीवनीहरू र समाजवादी साहित्यहरू प्रकाशित हुन थालियो। 'पञ्चायत' पत्रिका देशभरिका नगर पञ्चायतमा पुर्याउने व्यवस्था थियो। त्यतिबेला 'पञ्चायत' मासिक पत्रिका 'कम्युनिस्ट' वा क्रान्तिकारी पत्रिका थियो। त्यसमा नपाका बोर्ड निर्णयहरू, आम्दानी र खर्च विवरणदेखि समसामयिक विषयका लेखहरू छापिन्थ्यो। पञ्चायत पत्रिका देशका लोकप्रिय पत्रिकाहरूमध्ये एक थियो। यसरी देशमा भक्तपुर नगर पञ्चायत छुट्टै छाप निर्माण गर्दै अगाडि बढ्दै गयो। भक्तपुर नगर पञ्चायत त्यतिबेला पनि चर्चित थियो।

प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने लेनिनवादी नीतिलाई नेमकिसङ्गठन (पार्टी) ले राम्ररी उपयोग गर्दै थियो। त्यो पञ्चायतको आँखामा कसिङ्गर बन्यो। २०४५ साल भदौ ९ गते राज्यस्तरको षड्यन्त्र 'भक्तपुर काण्ड' रचेर नेमकिसङ्गठन (पार्टी) का अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित), रापस गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी बासुकला, उपप्रधानपञ्च चैत्यराज शाक्यलगायत हामी सबैजसो वडाध्यक्षहरू त्यो जाली मुद्दामा फसाइयो। नगर पञ्चायत भङ्ग गरियो र मण्डलेहरूको नेतृत्वमा नगरपञ्चायत समिति गठन गरियो। पञ्चायती सरकारले अध्यक्ष रोहितलगायत नेमकिपाका नेता, कार्यकर्ताहरूलाई सर्वस्वसहित जन्मकैद वा ज्यान सजायको माग गर्यो। ६७ जना नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दामा फसाइएको थियो। हजारौँ जनताले दु:ख पाए। जनताको तीव्र विरोधसँगै २०४६ सालको जनआन्दोलनको सफलतापछि २०४७ साल वैशाख ५ गते अध्यक्ष रोहितसहित हामी सबै बन्दीहरू रिहा भयौँ।

२०४९ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचनमा पुन: ज्ञानबहादुर न्याईच्याइँ नगरपालिका प्रमुखमा निर्वाचित हुनुभयो। उहाँको नेतृत्वमा विगतका असल र जनपक्षीय कार्यहरूलाई निरन्तरता दिँदै नगरपालिकाका जनप्रतिनिधिहरू जनताको सेवामा अगाडि बढ्नु भयो। त्यतिबेला सम्पदाहरू बेवारिसे अवस्थामा थिए। न गुठी संस्थानले वास्ता गर्यो न पुरातत्त्व विभागले नै। भक्तपुरका अधिकांश सम्पदाहरू छरपष्ट थिए। त्यही समयमा २०५० सालदेखि विदेशी पर्यटकहरूसँग शुल्क लिन सुरु गरियो। भक्तपुरका केही पर्यटक व्यवसायीहरूले त्यसको विरोध गरे। तत्कालीन सरकारले पनि त्यसलाई रोक्न हर तरहले कोसिस गर्यो। तर, जनप्रतिनिधिहरू पछि हट्नु भएन। पर्यटकहरूबाट उठेको शुल्क र नगरपालिकाका सबै हिसाब पारदर्शी गर्दै गयो। पर्यटकहरूबाट उठेको रकमसमेतबाट सम्पदाहरूको मर्मत, जीर्णोद्धार गर्नुका साथै शिक्षा, स्वास्थ्य उपचार, सरसफाइलगायतका कार्यहरूमा खर्च गरियो। बिस्तारै विरोधका स्वरहरू कम हुँदै गयो। आज पर्यटक शुल्क भनपाको विभिन्न आर्थिक स्रोतहरूमध्ये एक महत्त्वपूर्ण स्रोत भएको छ। श्रमदानको संस्कृतिले आजसम्म निरन्तरमा पाउँदै छ।

२०५४ सालमा प्रेम सुवाल नगर प्रमुखमा निर्वाचित हुनुभयो। 'शिक्षालाई जोड दिने' त्यतिबेलाको निर्वाचन घोषणापत्रमा उल्लेख थियो। त्यही क्रममा २०५६ सालमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'सय वर्षपछिको भक्तपुर' नाउँको लेख प्रकाशित गर्नुभयो। २०५९ सालमा त्यो पुस्तकको रूपमा प्रकाशित भयो। पुस्तकमा 'सय वर्षपछिको भक्तपुर' शिक्षा, स्वास्थ्य उपचारको बन्दोबस्त, सरसफाइ, पर्यटन विकास तथा कला संस्कृति विकासको कल्पना गर्दै 'भक्तपुर संसारकै आकर्षक नगर, बिहान प्राचीन सहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो र राति सुन्दर आधुनिक सुन्दरीजस्तो देखिने' उल्लेख गर्नुभयो। त्यो भक्तपुर विकासको मार्गचित्र थियो। २०५६ सालमा उच्च शिक्षा परिषद्बाट स्वीकृति लिई ख्वप माविको सुरुआत भयो। अनेकौँ समस्याबिच ख्वप उच्च मावि सुरु भयो।

२०५८ साल माघ २१ गते भक्तपुरका बुद्धिजीवीहरूको एक बृहत् भेलामा अध्यक्ष नारायणमान बिजुक्छेँले अत्यन्त महत्त्वपूर्ण घोषणा गर्नुभयो। उहाँले 'बिचमा कुनै बाधा व्यवधान आएन भने भक्तपुर पहिलो साक्षर जिल्ला, प्रत्येक घरमा एक स्नातक भएको, पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो पहिचान भएको जिल्ला बनाउन सकिने' उल्लेख गर्नुभएको थियो। कतिको लागि त्यो पचेको थिएन। त्यो घोषणालाई लिएर महत्त्वाकाङ्क्षी योजना, चर्चाको लागि मात्र घोषणा गरेको, असम्भव योजनाजस्ता आलोचना पनि नभएको होइन। एक घर एक स्नातकको सपनालाई साकार पार्न नगरपालिका निरन्तर अगाडि बढ्यो। २०५८ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर ख्वप कलेज र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बधन लिएर ख्वप इन्जिनियरिङ कलेजका कक्षाहरू सुरु भयो। कुनै पनि शैक्षिक संस्थाहरूको स्वीकृति र सञ्चालन सहज थिएन। ख्वप मावि स्थानीय तहहरूले सञ्चालन गरेको एकमात्र मावि हो। त्यो कार्यकालमा अन्य कार्यको अतिरिक्त उच्च शिक्षा प्रदान गर्ने महत्त्वपूर्ण शैक्षिक संस्थाहरू स्थापना भए।

२०५९ साल असार मसान्तपछि तत्कालीन निर्वाचित पदाधिकारीहरूको म्याद समाप्त भयो। शेरबहादुर देउवा नेतृत्वको सरकारले न म्याद थप गर्यो न निर्वाचित नै गर्यो। देशभरका स्थानीय निकायहरू जनप्रतिनिधिविहीन भए। पार्टीले अर्को निर्वाचितहरू नआएसम्म पहिलेका निर्वाचितहरू जिम्मेवारीबाट हट्न नहुने, जनतालाई सङ्कट परेको बेला जिम्मेवारीबाट भाग्न नहुने निर्देशनपछि सबै जनप्रतिनिधिहरूले आ-आफ्ना ठाउँमा बसेर जनताको सेवालाई निरन्तरता दिइरहनुभयो।

जनप्रतिनिधिविहीन अवस्थामा पनि नगरपालिकाको शैक्षिक विकासको क्रम रोकिएन। २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ र त्यसपछि शारदा मावि/कलेज नगरपालिकाले स्थापना र सञ्चालन गर्यो। १५ वर्षसम्म देश जनप्रतिनिधिविहीन हुँदा देश विकासमा २५-३० वर्ष पछि पर्यो। भक्तपुर पनि त्यसबाट अछुटो रहेन। सकेसम्म भक्तपुरका जनतालाई जनप्रतिनिधिविहीनताको अनुभव गर्न दिइएन।

२०७४ सालमा स्थानीय तहको निर्वाचन भयो। गणतान्त्रिक राज्य व्यवस्था, नयाँ संविधानसँगै नेपालमा पहिलोपटक सङ्घीयता कार्यान्वयनमा आयो। संविधानमै स्थानीय तहको अधिकार स्पष्ट उल्लेख गरियो। भक्तपुर नगरपालिकाले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर विभिन्न ऐन-कानुनहरू निर्माण गर्दै सबै क्षेत्रमा विकास निर्माणलाई अगाडि बढायो। शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माण, सीपमूलक तालिमहरू दिएर भनपाले जनभावनाअनुसार कार्य गर्दै आएको छ।

२०७९ सालको स्थानीय निर्वाचनमा पनि भक्तपुर नगरपालिकामा शतप्रतिशत नेमकिपाका जनप्रतिनिधिहरूले जीत हासिल गर्नुभयो। पहिले स्थापना गरिएका सबै शैक्षिक संस्थाहरूलाई निरन्तरता दिँदै थप व्यवस्थित रूपमा सञ्चालन गर्दै आएका छौँ। निर्वाचन घोषणापत्रको आधारमा २०७९ सालमा ख्वप कलेज अफ लको स्थापना गरी जनताका छोराछोरीलाई सस्तोमा गुणस्तरीय कानुन शिक्षा (बीएएलएलबी) पाँचवर्षे कक्षा चलाउँदै छौँ। अहिले नपाद्वारा सञ्चालित ७ वटा शैक्षिक संस्थाहरूमा देशभरका ७ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। गरिब विद्यार्थीहरूका लागि रु. ५ लाखसम्म शैक्षिक ऋण, इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, नेपालभाषालगायतका विषयमा अध्ययन गर्ने नगरवासी विद्यार्थीहरूलाई विद्यावारिधिसम्म पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै शैक्षिक क्षेत्रलाई अझ व्यवस्थित र व्यापक बनाउँदै छौँ। शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म शैक्षिक संस्थाहरू चलाउने भक्तपुर नेपालको एक मात्र नगरपालिका हो। सरकारले विधेयक पारित गरिदिएको भए ख्वप विश्वविद्यालयहरू सञ्चालन गर्न पनि हामी तयार छौँ। त्यसको लागि हामीले प्रयास जारी राखेका छौँ।

स्वास्थ्य क्षेत्रमा वडा वडामा स्वास्थ्य केन्द्रहरूको व्यवस्था, घरदैलो नर्सिङ सञ्चालन, १०० शय्याको ख्वप अस्पताल सञ्चालनले भक्तपुरका जनतालाई मात्र होइन सारा जनतालाई स्वास्थ्य उपचार सेवामा सुविधा भएको छ। गत आ.व. २०८१/०८२ मा ७० भन्दा बढी जिल्लाका २ लाख ८९ हजार बिरामीलाई ख्वप अस्पतालले सेवा दिन सफल भयो। जनताको सेवालाई ध्यान दिएर वर्षको ३६५ दिन चल्ने र दैनिक ११ घण्टा विशेषज्ञसहित ओपीडी सेवा दिने ख्वप अस्पतालको विशेषता हो भने नगरपलिकाले भक्तपुरवासीहरूलाई नि:शुल्क अक्सिजन र नि:शुल्क रगतको पनि व्यवस्थासँगै गरिबहरूको लागि नि:शुल्क उपचारको पनि व्यवस्था गर्दै आएका छौँ।

सांस्कृतिक नगर भक्तपुरका मूर्त तथा अमूर्त सम्पदाहरूलाई जीवन्त राख्न भनपाले निरन्तर जोड दिँदै आएको छ। विदेशीको सहयोगमा होइन आफ्नै पौरखले हाम्रो सम्पदा उठाउनुपर्छ भन्ने भावनाले नगरपालिकाले जनतासँग मिलेर श्रमदान, आर्थिक सहयोग लिएर सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्दै आएको छ।

२०७२ सालमा ढलेका सयौँ सम्पदाहरू विदेशीको सहयोगबिना जस्ताको तस्तै पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भइसकेका छन्। भूकम्पपछि हालसम्म क्षतिग्रस्त र नयाँ निर्माणसमेत गरेर १६९ वटा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेका छौँ भने अझै डेढ दर्जन सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धारको क्रममा छन्। सांस्कृतिक नगरको पहिचानलाई कायम राख्न समय-समयमा सांस्कृतिक प्रतियोगिता, बहाबही चिनौँ, पोखरी चिनौँ! योमारी उत्सवजस्ता गतिविधिहरू गर्दै आएका छौँ। यसले आन्तरिक र बाह्य पर्यटन विकासमा टेवा पुगेको हाम्रो अनुभव छ। गत वर्षमात्रै हामीले भव्य 'भक्तपुर महोत्सव' सम्पन्न गर्यौँ। भक्तपुर पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै छ। नेपाल आउने पर्यटकहरूमध्ये २५ देखि ३० प्रतिशत भक्तपुर आउने गरेको रेकर्ड छ।

सरसफाइलाई पनि मौलिक शैलीमै व्यवस्थापन गर्दै आएका छौँ। कुहिने र नकुहिने अलग अलग फोहर सङ्कलन गरी कुहिने फोहर जतिको कम्पोस्ट मल बनाई किसानहरूलाई बिक्री गर्दै आएका छौँ भने नकुहिने फोहर छुट्याएर बिक्री गर्दै फोहरलाई पनि नगरपालिकाको आयस्रोत बनाउने प्रयास गर्दै आएका छौँ।

युवाहरू बिदेसिने क्रमलाई न्यूनीकरण गर्न युवाहरूलाई लक्षित गरी विभिन्न सीपमूलक तालिमहरूको व्यवस्था गर्दै आएका छौँ। सिकर्मी, डकर्मी, कुक, सिलाइ, कम्प्युटर, जग्गा नापजाँच, प्लम्बिङ, विद्युत्, हेयर कटिङ, छाला जुत्ता बनाउनेजस्ता थुप्रै तालिमहरू दिइरहेका छौँ। यसले युवाहरूलाई आत्मनिर्भर बन्न मद्दत पुर्याएको अनुभव छ।

यसरी भनपाले निर्वाचनमा जनताबिच घोषणामार्फत गरेका प्रतिबद्धताहरू पूरा गर्न शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ तथा विभिन्न पर्यटनकेन्द्रित गतिविधिहरू गर्दै जनताको सेवा गर्दै आएको छ।

नेमकिपाका अध्यक्ष नारायणमा बिजुक्छेँ (रोहित) ले २५-२६ वर्षअघि देख्नुभएको सपनाअनुसार भक्तपुर 'एक घर एक स्नातक', पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो छुट्टै पहिचान बोकेको नमुना नगरको रूपमा विकास हुँदै छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा स्पष्ट दृष्टिकोण राख्दै आउनुभएका, देश विकासको दीर्घकालीन सोच तथा भक्तपुरको सय वर्षपछिको मार्गचित्र कोर्नुभएका आदरणीय नेता नारायणमान बिजुक्छेँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ। भक्तपुरको विकासको निम्ति विगतदेखि वर्तमानसम्म निर्वाचित पदमा काम गर्नुभएका जनप्रतिनिधिहरू, नेमकिपाका नेता कार्यकर्ताहरू, राजनैतिकरूपमा फरक विचार भए पनि विभिन्न रचनात्मक आलोचना गरी सहयोग गर्ने विभिन्न राजनैतिक दलका नेता कार्यकर्ताहरू र भक्तपुरका सबै तह र तप्काका जनताप्रति नगरपालिका स्थापनाको ७६ औँ वर्षको अवसरमा हार्दिक आभार व्यक्त गर्दछौँ।

***(भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवसको अवसरमा पुस २ गते योमारी प्रतियोगितामा विजयीहरूलाई पुरस्कार वितरण तथा धन्यवाद ज्ञापन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्य)***

# बहुपक्षीय विश्व व्यवस्थाविरुद्ध संरा अमेरिका

✍ सर्गश्री

**भेनेजुयलामाथि अवैध लागूऔषधि निर्यात या ओसारपसारको आक्षेप अमेरिकाको हो। तर वास्तवमा यो प्यालेस्टिन पछि अर्को आक्रामक युद्धका लागि जनसमर्थन तयार पार्न बनाइएको अमेरिकी बहाना हो। अमेरिका यस्तो युद्ध चाहन्छ जसले बहुध्रुवीय विश्व व्यवस्थालाई चुनौती दिन्छ र विश्व भूराजनीतिमा अस्थिरता ल्याउँछ। शीतयुद्धको अन्त्यपछि अमेरिकाले आफ्नो वर्चस्वमा आधारित एकध्रुवीय विश्व व्यवस्था स्थापना गर्ने नीति अपनायो, अमेरिकाकेन्द्रित विश्व। कुनै पनि देश वा देशहरूको समूहले अमेरिकाको विश्वव्यापी प्रभुत्वलाई चुनौती दिने तागत नराखोस् भन्ने ध्येय हो।**

सन् १९७८ मा चीनले खुलापन र सुधारको यात्रा सुरु गऱ्यो। यस क्रममा चीनले आर्थिक सुधार तीव्र बनायो, देशहरूसँग दुईतर्फी व्यापार प्रवर्द्धन गऱ्यो र वैदेशिक लगानी भित्र्यायो। ४० वर्षको अन्तरालमा चीन दोस्रो ठुलो अर्थतन्त्रमात्र होइन, पहिलो निर्यातकर्ता, वैदेशिक मुद्रा सञ्चिति ज्यादा भएको र ऋण नभएको देश बन्न सफल भयो। २५० भन्दा बढी देशसँग आर्थिक, कूटनीतिक सम्बन्ध विस्तार गर्नुका साथै आफ्नो देशभित्र गरिबी निवारणमा सफल भयो। ४० वर्षको अवधिमा ७७ करोडभन्दा बढी मानिसहरूलाई चरम गरिबीबाट मुक्त गर्नु कुनै चमत्कारभन्दा कम होइन। आज चीन उच्च प्राविधिक या एआईको विकाससँगै चिनियाँ विशेषताको आधुनिकीकरण र समृद्धितर्फ लम्कँदै छ। चीनको खुलापनले देश–देशबिचको सम्बन्ध बलियो बनाउनुका साथै बहुपक्षीय विश्व व्यवस्था निर्माणमा सहयोग गऱ्यो। पेइचिङ रिभ्यूको नोभेम्बर अङ्कमा चीनको पछिल्लो खुलापनलाई विश्व व्यवस्थामा नयाँ क्षितिजको रूपमा विश्लेषण गरिएको छ।

भर्खरै जारी १५ औँ पञ्चवर्षीय योजना (२०२६-३०) अनुसार चीन अन्तर्राष्ट्रिय खुलापनको नयाँ चरणमा प्रवेश गर्ने तयारी गरिरहेको देखिन्छ। चीनको कम्युनिस्ट पार्टीको केन्द्रीय समितिले पनि उच्चस्तरीय खुलापनलाई प्रवर्द्धन गर्न र पारस्परिक लाभमा आधारित सहकार्यका लागि नयाँ क्षितिजहरू सिर्जना गर्न आह्वान गरेको छ। बहुपक्षीय व्यापार प्रणालीको संरक्षण तथा अझ व्यापक अन्तर्राष्ट्रिय आर्थिक प्रवाहको प्रवर्द्धन गर्न जोड दिएको छ।

परम्परागत मोडेलले मुख्यत: कर छुटजस्ता प्राथमिकतामूलक नीतिहरूका माध्यमबाट लगानी र व्यापार आकर्षित गर्ने गरेको भए पनि संस्थागत खुलापनले आन्तरिक नियम र प्रणालीलाई विश्वव्यापी उत्कृष्ट अभ्याससँग जोड्यो। यसले निष्पक्ष, पारदर्शी र पूर्वानुमान गर्न सकिने व्यवसायिक वातावरण सिर्जना गर्न कानुनी संरचना, बजार पहुँच र नियमनका अभ्यासहरू सुधार गऱ्यो। उच्चस्तरीय खुलापन, निरन्तर आर्थिक तथा सामाजिक विकास, अनुभवको आदान-प्रदान र विश्वव्यापी शासन प्रक्रियामा बढ्दो सहभागितामार्फत चीनले विश्वव्यापीकरणलाई अझ व्यापक बनाउने र विश्वलाई साझा समृद्धितर्फ लैजाने मार्गका रूपमा संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

नोभेम्बर ५ देखि १० सम्म साङ्घाइमा आठौँ चीन अन्तर्राष्ट्रिय आयात प्रदर्शनी (CIIE) सम्पन्न भयो। CIIE विश्वकै पहिलो राष्ट्रिय स्तरको आयात-थिममा आधारित प्रदर्शनी हो। स्थापना भएदेखि नै CIIE विदेशी कम्पनीहरूका लागि चिनियाँ बजारमा अवसर खोज्ने प्रवेशद्वार बन्यो। यस वर्षको CIIE ले आफ्नो इतिहासकै सबैभन्दा ठुलो प्रदर्शनी क्षेत्र ओगट्यो र १३८ देश तथा क्षेत्रका ४,१०८ उद्यमहरूलाई एकै ठाउँमा ल्यायो। १२३ वटा बेल्ट एन्ड रोड साझेदार देशका उद्यमहरूले कार्यक्रममा सहभागिता जनाए, जून २०२४ को तुलनामा २३.१ प्रतिशतले बढी हो। चीनले प्रस्ताव गरेको बेल्ट एन्ड रोड पहलले प्राचीन सिल्क रोड मार्गहरूमा तथा ती क्षेत्रभन्दा बाहिरसमेत सम्पर्क विस्तार गर्न काम गरिरहेको छ। कम विकसित देशहरूबाट सहभागी कम्पनीहरूको सङ्ख्या १६३ पुग्यो, जुन अघिल्लो वर्षको तुलनामा २३.५ प्रतिशतले बढी हो। अफ्रिकी उद्यमहरूको सङ्ख्या भने गत वर्षको तुलनामा ८० प्रतिशतले बढी थियो। प्रदर्शनीमा ४६१ नयाँ उत्पादन, प्रविधि र सेवाहरूको पहिलो पटक प्रस्तुति भयो। यस वर्ष प्रदर्शनीले घरपालुवा जनावर अर्थतन्त्र, हिम अर्थात् हिउँ अर्थतन्त्र तथा डिजिटल उपभोगजस्ता नयाँ विषयवस्तुहरू पनि समावेश गऱ्यो। प्रदर्शनीमा धेरै अमेरिकी कम्पनीहरूले नयाँ उत्पादनहरू सार्वजनिक गरे। यो खुलापनको पछिल्लो दृष्टान्त हो।

नोभेम्बर १ को बिहान राष्ट्रपति सी चिनफिङले कोरियाली गणतन्त्र (ROK) को ग्योङ्जुमा आयोजित ३२ औँ एशिया-प्रशान्त आर्थिक सहयोग (APEC) मञ्चको अध्यक्षता हस्तान्तरण सत्रमा सहभागी हुनुभयो र चीनले ग्वाङदोङ प्रान्तको शेन्झेनमा ३३ औँ APEC बैठक आयोजना गर्ने घोषणा गर्नुभयो। आजको परिस्थितिमा यो चयन अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। संरक्षणवाद बढ्दो अवस्थामा नेता सीले एपेक सम्मेलनमार्फत स्पष्ट सन्देश दिनुभयो – "विश्वका लागि चीनले आफ्नो ढोका अझ फराकिलो खोल्नेछ र एसिया-प्रशान्त क्षेत्र तथा विश्वका लागि नयाँ अवसरहरू सिर्जना गर्नेछ।"

अक्टोबर १५ देखि नोभेम्बर ४ सम्म क्वाङचाउमा आयोजित १३८ औँ चीन आयात-निर्यात मेला अर्थात् क्यान्टन फेयर पनि चीनको खुलापनको सशक्त नमुना हो भन्न सकिन्छ। ३२,००० भन्दा बढी प्रदर्शकहरू सहभागी त्यस मेलाले चीनको उत्पादन र नवप्रवर्तनको जीवन्तता देखायो। स्मार्ट चिकित्सा उपकरणदेखि रोबोट सेवासम्म र कृत्रिम बुद्धिमत्ता (AI) तथा डिजिटल व्यापारसम्बन्धी मञ्चहरूसम्मका प्राविधिक नवप्रवर्तनले कसरी नयाँ प्रकारको विश्वव्यापी सहकार्यलाई अघि बढाइरहेको छ भन्ने कुरा उजागर गऱ्यो।

देशभर २२ वटा पाइलट स्वतन्त्र व्यापार क्षेत्र (FTZs) र हाइनान स्वतन्त्र व्यापार बन्दरगाहले पनि खुलापनको रूपान्तरणलाई नेतृत्व गरिरहेको छ। अप्रिल महिनामा CPC केन्द्रीय समिति र राज्य परिषद्ले पाइलट FTZ हरू सुधारसम्बन्धी मार्गनिर्देशन जारी गर्दै वस्तु व्यापार सहज र स्तरोन्नति, सेवा व्यापारको विकासलाई सक्रिय बनाउने तथा डिजिटल व्यापारमा नवप्रवर्तनशील विकासलाई समर्थन गर्न आह्वान गऱ्यो।

उच्चस्तरीय स्वतन्त्र व्यापार क्षेत्रहरूको सञ्जाल विस्तार गर्ने चीनको प्रयास आन्तरिक सुधार र अन्तर्राष्ट्रिय साझेदारी दुवैमा फैलिएको छ। यस रणनीतिमा एउटा महत्त्वपूर्ण उपलब्धि भनेको अक्टोबर २८ मा मलेसियाको क्वालालम्पुरमा चीन-दक्षिणपूर्व एसियाली राष्ट्रहरूको सङ्घ (ASEAN) स्वतन्त्र व्यापार क्षेत्र (CAFTA) ३.० स्तरोन्नति प्रोटोकलमा हस्ताक्षर हुनु हो। यो स्तरोन्नति चीन र ASEAN बिचको बलियो साझेदारीको आधारमा अघि बढाइएको हो। दुवै पक्ष एकअर्काका ठुला साझेदार हुन्। सन् २०२४ मा द्विपक्षीय व्यापार ९ खर्ब ८२ अर्ब अमेरिकी डलर नाघ्यो, जून २००२ मा स्वतन्त्र व्यापार क्षेत्र स्थापना हुँदाको तुलनामा १७ गुणाले वृद्धि हो। यस वर्षको पहिलो तीन त्रैमासिकमा आयात-निर्यात कुल ९.६ प्रतिशतले वार्षिक रूपमा वृद्धि भएको छ, जसले दुई पक्षको आर्थिक साझेदारीको लचकता र जीवन्तता देखाउँछ।

चीन १५ औँ पञ्चवर्षीय योजनाको अवधिमा प्रवेश गर्दा प्राविधिक क्रान्ति र




औद्योगिक रूपान्तरणको नयाँ चरण अघि बढिरहेको छ। विज्ञान तथा प्रविधिमा आत्मनिर्भरता र सुदृढता हासिल गर्ने लक्ष्यसहित देशको ध्यान नवप्रवर्तनमा अग्रणी स्थान हासिल गर्न केन्द्रित छ। क्वान्टम प्रविधिदेखि हाइड्रोजन ऊर्जासम्म, मस्तिष्क-कम्प्युटर अन्तरसम्पर्कदेखि रोबट बुद्धिमत्तासम्म विश्वव्यापी नवप्रवर्तनको शिखरमा पुग्ने चीनको खाका प्रस्ट छ। यो लक्ष्य व्यापक खुलापनविना सम्भव छैन भन्ने ठम्याइ चीनको हो।

तथ्याङ्कले स्पष्ट तस्वीर प्रस्तुत गर्छ – सन् २०२४ मा चीनको कूल अनुसन्धान तथा विकास (R&D) लगानी ३६ खर्ब युआन (५०७ अर्ब अमेरिकी डलर) नाघ्यो जुन सन् २०२० को तुलनामा ४८ प्रतिशतले बढी हो। कूल गार्हस्थ उत्पादन सापेक्ष R&D खर्चको अनुपात अर्थात् R&D तीव्रता २.६८ प्रतिशत पुग्यो जुन युरोपेली सङ्घको औसतभन्दा माथि हो। क्वान्टम प्रविधि, जीवन विज्ञान र सामग्री अनुसन्धानमा महत्त्वपूर्ण उपलब्धिहरू देखिएका छन् र अन्तर्राष्ट्रिय पेटेन्ट तथा वैज्ञानिक शोधपत्रमा चीन विश्वको अग्रणी देश बनेको छ।

संसारमा ग्लोबल साउथ एउटा नयाँ आवाज या व्यवस्थाको रूपमा उदाउँदो छ। शान्ति, सहकार्य र एकीकरणसहितको बहुपक्षीय विश्वको कल्पनामा चीनको खुलापन सहयोगी नीति साबित भइसकेको छ। तर, ग्लोबल साउथको दृष्टिकोण दक्षिणपन्थी आन्दोलनमाथि खतरा अनुभव गरिईंदै छ। विभेद र विभाजनलाई प्रोत्साहनमात्र होइन चरम असमानता निम्त्याउन उद्यत छन् दक्षिणपन्थीहरू ।

आर्थिक शक्ति या पुँजी झन्झन् केही सीमित हातमा केन्द्रित हुँदै छ। यो केन्द्रीयकरण केही देश होइन बरु बहुराष्ट्रिय कम्पनीहरूमा देखिन्छ, जसको शक्ति थुप्रै राष्ट्रहरूको भन्दा बढी छ। यो ग्लोबल साउथका लागि ठुलो चुनौती हो। आर्थिक सार्वभौमिकताबिना साँचो राजनीतिक स्वतन्त्रता सम्भव हुँदैन। साथै डिजिटल विभाजन अझै स्पष्ट रूपमा कायम छ। नयाँ सूचना, सञ्चार र डिजिटल प्रविधिहरूले ग्लोबल नर्थ र साउथबिचको दूरी बढाइदिएको छ। ग्लोबल साउथको वास्तविक आकाङ्क्षा भनेको नयाँ अन्तर्राष्ट्रिय व्यवस्था हो, अझ न्यायोचित र समतामूलक व्यवस्था, सार्वभौम समानताको सम्मान गर्ने विश्व। संयुक्त राष्ट्रसङ्घको महासभाको आधारभूत सिद्धान्त 'एक देश, एक मत' हो। कुनै देशको आकार, सम्पत्ति वा जनसङ्ख्या जेसुकै भए पनि प्रत्येक देशको आफ्नै पहिचान हुन्छ र आफ्ना जनतासहित सम्मानका साथ अस्तित्वमा रहने अधिकार हुन्छ। यसर्थ राष्ट्रिय सार्वभौमिकताको सम्मान अत्यन्त महत्त्वपूर्ण हुन्छ, यो बिना अरू केही पनि टिक्न सक्दैन। यो विचारकै आधारशिलामा टेकेर चीन खुलापन अघि बढाउँदै छ। तर, संरा अमेरिकी युद्ध र युद्ध अपराधहरू रोकिएकै छैन। यतिबेला विश्व शान्ति, सार्वभौमिकता, सुरक्षा, सुशासनमाथि खतरा कसैको छ भने त्यो संरा अमेरिका नै हो। यसबारे पनि पेइचिङ रिभ्युको नोभेम्बर अङ्कले बोलेको छ।

युक्रेनमा रुसविरुद्धको प्रोक्सी युद्धलाई निरन्तरता दिँदै गर्दा, एसिया-प्रशान्त क्षेत्रमा चीनसँगको तनावलाई अझ चर्काउँदै गर्दा, संरा अमेरिकाले युरेशियाभरि मात्र होइन, त्यहाँभन्दा धेरै टाढासम्मका देशहरूलाई समेत निशाना बनाइरहेको छ। यसमा ल्याटिन अमेरिकाको देश भेनेजुयला पनि समावेश छ।

भेनेजुयलामाथि अवैध लागूऔषधि निर्यात या ओसारपसारको आक्षेप अमेरिकाको हो। तर वास्तवमा यो प्यालेस्टिन पछि अर्को आक्रामक युद्धका लागि जनसमर्थन तयार पार्न बनाइएको अमेरिकी बहाना हो। अमेरिका यस्तो युद्ध चाहन्छ जसले बहुध्रुवीय विश्व व्यवस्थालाई चुनौती दिन्छ र विश्व भूराजनीतिमा अस्थिरता ल्याउँछ। शीतयुद्धको अन्त्यपछि अमेरिकाले आफ्नो वर्चस्वमा आधारित एकध्रुवीय विश्व व्यवस्था स्थापना गर्ने नीति अपनायो, अमेरिकाकेन्द्रित विश्व। कुनै पनि देश वा देशहरूको समूहले अमेरिकाको विश्वव्यापी प्रभुत्वलाई चुनौती दिने तागत नराखोस् भन्ने ध्येय हो।

हालका वर्षहरूमा अमेरिकी प्रयासहरू मुख्यत: रुसको पुनरुत्थान र चीनको उदय रोक्न केन्द्रित छन्। साथै अमेरिकी प्रभावभन्दा बाहिर रहेका अन्य देशहरूले रुस, चीन वा दुवैसँग सहकार्य गर्न नपाओस् या नसकोस् भन्ने प्रयास पनि जारी छ। अमेरिका यस उद्देश्यलाई प्रभाव, दबाब, राजनीतिक नियन्त्रणमार्फत हासिल गर्छ, नसके प्रोक्सी युद्ध र अन्तत: प्रत्यक्ष युद्धसम्म पुग्छ।

यो शताब्दीको सुरुआतीबाटै अमेरिकाले भेनेजुयलामा शासन परिवर्तन (regime change) को प्रयास गर्दै आइरहेको हो। सन् २००२ मा जर्ज डब्ल्यु. बुश प्रशासनले केही समयका लागि भेनेजुयलाका राष्ट्रपति ह्युगो चाभेजको सरकारलाई सत्ताबाट हटायो। त्यसयता ह्वाइट हाउसमा को बस्छ वा अमेरिकी कङ्ग्रेसमा कसको नियन्त्रण हुन्छ भन्ने कुराको परवाहभन्दा ज्यादा भेनेजुयलामा अमेरिकाको अर्थ–राजनीतिक हस्तक्षेप, प्रतिबन्ध र गोप्य सैन्य कारबाहीहरू निरन्तर चल्दै आएका छन्। अमेरिका भेनेजुयलामा अमेरिकी हितअनुकूलको सरकार स्थापना गर्न चाहन्छ। बुशदेखि ट्रम्प प्रशासनसम्म भेनेजुयलाविरुद्ध निरन्तर प्रतिबन्ध र राजनीतिक हस्तक्षेप जारी रह्यो।

ट्रम्प प्रशासनले सन् २०२० मा भेनेजुयला सरकारलाई उल्ट्याउने असफल प्रयासमा आफ्नो संलग्नता अस्वीकार गरे पनि त्यो विश्वभर अमेरिकी हस्तक्षेपको ऐतिहासिक ढाँचासँग मेल खान्छ र ट्रम्प प्रशासनअन्तर्गत गरिएका अन्य गोप्य कारबाहीहरूसँग पनि सुसङ्गत देखिन्छ।

अहिले अमेरिका खुला रूपमा भेनेजुयला सरकारलाई सत्ताच्युत गर्ने कुत्सित प्रयत्न गर्दै छ। यसका लागि भेनेजुयलाको तट नजिकै ठुलो सैन्य शक्ति तैनाथ गरेको छ। यसमा अमेरिकी नौसेना र मरीन कोर्प्सका जहाजहरू, युद्ध विमान र सैनिकहरू समावेश छन्। यदि सैन्य कारबाही सुरु गरियो भने त्यसले सम्भवत: गत वर्ष लेबनान हिजबुल्लाहविरुद्ध अमेरिका र उसको इजरायली सहयोगले गरेको 'सघन आक्रमण' कै स्वरूप लिनेछ।

ट्रम्पले चुनाव प्रचारको क्रममा 'अनन्त युद्धहरू' अन्त्य गर्ने नारा दिएका थिए। तर, पद सम्हालेपछि उनले अघिल्लो बाइडेन प्रशासनबाट विरासतमा पाएका सबै युद्धहरूलाई निरन्तरता दिएका छन्, साथै केही नयाँ द्वन्द्वहरू सुरु गर्न र सुरु गर्ने तयारी पनि गरेको खबर छ। भेनेजुयलाविरुद्ध शासन परिवर्तन लक्षित आक्रामक युद्धलाई जायज ठहऱ्याउन राष्ट्रपति ट्रम्पले पहिले 'भ्रष्टाचार' र 'तानाशाही' विरुद्ध लडाइँको चिप्लो नारा प्रयोग गरे। अहिले अचानक अमेरिकाको दशकौँ पुरानो लागूऔषध सङ्कटको सम्पूर्ण दोष भेनेजुयलामाथि थोपर्ने टिकडम झिकेको प्रस्ट छ।

ह्वाइट हाउसको आधिकारिक वेबसाइटमा, "ट्रम्पले पद सम्हालेदेखि नै उनले र उनको प्रशासनले आधुनिक अमेरिकी इतिहासकै सबैभन्दा सुरक्षित सिमाना स्थापना गरेका छन् र यसका लागि कुनै नयाँ कानुनको आवश्यकता परेन। ट्रम्पले चुनावी अभियानमा गरेका वाचा पूरा गर्दै मातृभूमि सुरक्षाको अभूतपूर्व युगको सुरुवात गरेका छन्" भनी लेखिएको छ। तर त्यही प्रशासनका अनुसार भेनेजुयला एक्लैले अमेरिकाको 'अभूतपूर्व मातृभूमि सुरक्षा' नीति छल्दै लाखौँ अमेरिकीलाई अवैध लागूऔषध या 'विष' खुवाइरहेको दाबी गऱ्यो।

अमेरिकाले भेनेजुयलाबाट आएका डुङ्गाहरूलाई निशाना बनाइरहेको छ, जबकि ती डुङ्गाहरूमा १,००० माइल (१,७०० किलोमिटर) भन्दा बढी दूरी तय गर्ने भौतिक क्षमता नै छैन। स्पष्ट छ अमेरिका निहु खोज्दै छ। तर, २० वर्षभन्दा बढी अवधिमा यस्ता युद्धहरूले मुख्यत: सर्वसाधारण नागरिककै ज्यान लिएको तथ्य छ। एउटा सूचनानुसार "अफगानिस्तानमा सञ्चालन गरिएको एउटा आक्रामक अभियानको पाँच महिनामा मारिएका व्यक्तिहरूमध्ये झण्डै ९० प्रतिशत त लक्षित व्यक्ति नै थिएनन्।" 'आतङ्कवादविरुद्धको युद्ध' भन्दै आम जनता हताहत गराउने अस्पष्ट बहाना र पारदर्शिताको अभाव अहिले ट्रम्प प्रशासनको 'लागुऔषधविरुद्धको युद्ध' मा पनि दोहोरिएको छ।

झूटा बहानामा आक्रामक युद्ध सुरु गर्नु २१ औँ शताब्दीभर अमेरिकी विदेश नीति नै बन्यो। यसको सबैभन्दा स्पष्ट उदाहरण सन् २००३ मा इराकमाथि गरिएको अमेरिकी कब्जा हो। सन् २०११ मा द गार्डियनमा प्रकाशित एउटा लेखले इराक आक्रमणको औचित्य बनावटी भएको स्वीकारोक्ति प्रस्तुत गऱ्यो। हाल ट्रम्प प्रशासन विगतका अमेरिकी द्वन्द्वहरूको निकै खराब पक्षहरू पुन: एकत्रित गर्दै अर्को अनावश्यक आक्रामक युद्धतर्फ उद्यत छ।

केही विश्लेषकहरूले भेनेजुयलातर्फको चर्को कदमलाई एसिया वा युरेशियाबाट अमेरिका 'पछाडि हटेको' वा विश्वव्यापी प्रभुत्वको सट्टा अमेरिकी 'प्रभाव क्षेत्र' सीमित गर्न खोजेको सङ्केतका रूपमा व्याख्या गरेका छन्। तर, वास्तवमा अमेरिका रुस र चीन दुवैलाई घेर्ने, नियन्त्रण गर्ने र सामना गर्ने आफ्नो रणनीतिलाई पूरक बनाउँदै उनीहरूका कमजोर सहयोगीहरूमध्ये एक भेनेजुयलालाई हटाउने प्रयास गरिरहेको देखिन्छ। त्यसकारण, अमेरिका पछाडि हटेको होइन बरु बहुध्रुवीयताविरुद्ध वाशिङटनले युद्धलाई अझ चर्काउन खोज्दै छ। पेइचिङ रिभ्युको विश्लेषण यही हो।

### सन्दर्भ : भदौ २३ र २४ गतेको प्रदर्शन

# साम्राज्यवादीहरूको छद्म युद्ध अध्ययन – १२

✍ रामरतन चौधरी

**चीनले प्रस्ताव गरेको 'जीएसआई' (Global Security Initiative) के हो ?**

सन् २०२२ अप्रिल २१ को दिन बोआओ फोरम एसियाको वार्षिक सम्मेलनको उद्घाटन समारोहमा चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव एवम् राष्ट्रपति सि चिनफिङले सबै देशको सार्वभौमसत्ताको सम्मान गर्ने सुरक्षासँग सम्बन्धित 'जीएसआई' (Global Security Initiative) प्रस्ताव गरे । उक्त सम्मेलनमा विश्वका ११९ देश सहभागी थिए । यो प्रस्तावबाट चीनले वैश्विक सुरक्षा पहलको विषय उठान गरे । यसले धेरै देशको मन जित्यो । विश्लेषकहरूले जीएसआईलाई अमेरिकी नेतृत्वको एकध्रुवीय विश्वको अत्याचारबाट संसारलाई मुक्त गर्ने चीनको सुरक्षा नीति भनेका छन् । जसले अमेरिकी साम्राज्यवादको टाउको दुखाउनु स्वाभाविकै हो ।

सि चिनफिङले सम्मेलनको उद्घाटन समारोहमा भन्नुभयो, "स्थिरताले मुलुकमा समृद्धि ल्याउँछ भने अस्थिरताले गरिबीको खाडलमा धकेल्न सक्छ । सुरक्षा विकासको आधारशिला हो । सुरक्षित समुदायमा मानवता हुन्छ । शीतयुद्धको मानसिकता, प्रभुत्ववाद र शक्ति राजनीतिले विश्व शान्तिलाई खतरा पुऱ्याउन सक्छ । गुटगत टकरावले २१ औं शताब्दीको सुरक्षामा खतरामात्र बढाउन सक्ने प्रमाणित भएको छ । यसकारण, चीनले विश्वव्यापी सुरक्षा पहलको प्रस्ताव गर्दछ ।

हामीले विश्व शान्ति कायम राख्न व्यापक, सहयोगी र दिगो सुरक्षाको साझा दृष्टिकोणप्रति प्रतिबद्ध भएर सँगै काम गर्नुपर्छ । सबै देशको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्दै आन्तरिक मामिलामा गरिने हस्तक्षेपको विरोध गर्नुपर्छ । विभिन्न देशका जनताले स्वतन्त्र रूपले छनोट गरेका विकासका मार्ग तथा सामाजिक प्रणालीलाई मान्यता दिनु जरुरी छ ।

संयुक्त राष्ट्रसङ्घको बडापत्रको उद्देश्य र सिद्धान्तको पालना गर्नुपर्छ । शीतयुद्धको मानसिकतालाई अस्वीकार गर्नुका साथै एकपक्षीयतावाद, गुटगत राजनीति र द्वन्द्वको पनि विरोध गर्नु जरुरी छ ।

हामीले सबै देशको जायज सुरक्षा चासोलाई सम्बोधन गर्दै सन्तुलित, प्रभावकारी र दिगो सुरक्षा संरचना निर्माण गर्नु जरुरी छ । आफ्नोमात्रै सुरक्षा सुनिश्चित गरेर अरु देशको सुरक्षा खतरामा पार्ने कुनै पनि देशको गलत प्रयासलाई विरोध गर्नुपर्छ ।

विभिन्न मुलुकबिचको विवाद र मतभेदहरू संवाद, परामर्श तथा अन्य शान्तिपूर्ण माध्यमबाट समाधान गर्नुपर्छ । सङ्कटको शान्तिपूर्ण समाधानका प्रयासहरूलाई समर्थन गर्दै दोहोरो मापदण्ड, एकपक्षीय प्रतिबन्ध र अनावश्यक हस्तक्षेपलगायत कुनै पनि गलत कार्यको विरोध गर्नु जरुरी छ ।

परम्परागत र गैरपरम्परागत दुवै क्षेत्रमा सुरक्षा कायम गर्दै क्षेत्रीय विवाद, आतङ्कवाद, जलवायु परिवर्तन, साइवर सुरक्षा, जैविक सुरक्षालगायत विश्वव्यापी मुद्दाहरूमा संयुक्त रूपले समाधानका उपाय खोज्नुपर्छ ।" (XI Jinping, The Governance Of China-IV)

चिनियाँ विदेश मन्त्रालयले २०२४ फेब्रुअरीमा जारी गरेको अवधारणपत्रअनुसार जीएसआई मुख्य ६ वटा प्रतिबद्धताहरूमा आधारित छन् । ती हुन् :

१. साझा, व्यापक, सहयोगी र दिगो सुरक्षा सुनिश्चित गर्ने,
२. सबै मुलुकको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने,
३. संयुक्त राष्ट्र सङ्घको बडापत्रको उद्देश्य र सिद्धान्तहरूको पालना गर्ने,
४. विश्वका विभिन्न देशहरूबिचको विवाद र मतभेदलाई शान्तिपूर्ण रूपमा समाधान गर्ने,
५. परम्परागत र गैरपरम्परागत दुवै क्षेत्रमा सुरक्षा कायम राख्ने,
६. अविभाज्य सुरक्षाको सिद्धान्तलाई समर्थन गर्ने ।

चीनले जीएसआईलाई विश्वव्यापी मञ्चमा सक्रिय रूपमा प्रवर्द्धन गर्न खोजेको छ । २०२४ जूनमा सम्पन्न भएको ब्रिक्स शिखर सम्मेलनमा पनि सि चिनफिङले सदस्य देशहरू ब्राजिल, रुस, भारत र दक्षिण अफ्रिकालाई जीएसआईलाई समर्थन गरेर आधिपत्यवादबाट बच्न नयाँ स्वरुपको अन्तर्राष्ट्रिय सम्बन्धलाई बढावा दिन आग्रह गरे ।

चीनको विश्वव्यापी सुरक्षा पहलले पश्चिमाहरूले अवलम्बन गर्दै आएको उदार मूल्य मान्यतामा आधारित अन्तर्राष्ट्रिय व्यवस्थालाई चुनौती दिन्छ । यसले अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेपलाई भन्दा प्रत्येक देशको सार्वभौमिकतालाई प्राथमिकता दिनुपर्ने विषयलाई जोड दिन्छ । सैन्य गठबन्धन गरेर अन्य देशलाई तसाउनुभन्दा सामूहिक सुरक्षाको विषयलाई प्राथमिकता दिन्छ । पश्चिमाहरूले बयान गर्ने लोकतन्त्र र मानव अधिकारको बकम्फुसे गफभन्दा मानव जीवनको चौतर्फी विकासलाई प्राथमिकता दिन्छ । जीएसआईले अन्तर्राष्ट्रिय व्यवस्थालाई भत्काउनुभन्दा सुधार गर्ने चीनको लक्ष्यलाई प्रतिबिम्बित गर्छ ।

एसिया, मध्यपूर्व, ल्याटिन अमेरिका, अफ्रिकाका धेरै देशहरूले चीनको जीएसआईलाई समर्थन गरेका छन् । चिनियाँ विदेश मन्त्रालयले विश्वका करिब १०० भन्दा बढी देश र अन्तर्राष्ट्रिय संस्थाहरूले चिनियाँ नेता सिले प्रस्ताव गरेको जीएसआईलाई समर्थन गरेको दाबी गरेको छ ।

संरा अमेरिका र पश्चिमा देशहरूको कारण विश्वमा द्वन्द्व चर्कँदै छ । संरा अमेरिकाले आफूलाई विश्वको शक्तिशाली मुलुक रहेको साबित गर्न विभिन्न देशमा आगो सल्काउँदै छ । तर, चीनले आफ्नो कूटनीतिक संलग्नतामार्फत द्वन्द्व समाधान गरेर विश्वव्यापी सुरक्षा कायम राख्न भरपुर प्रयास गर्दै गरेको देखिन्छ । अन्तर्राष्ट्रिय द्वन्द्व समाधानमा चीन एक प्रभावशाली र नेतृत्वदायी भूमिका निर्वाह गर्दै छ । चीनको वैश्विक द्वन्द्व समाधान गर्ने नेतृत्वकारी भूमिकामाथि अमेरिका र पश्चिमा मुलुक सशङ्कित बन्दै छन् । अमेरिकी नेतृत्वमा विश्वका विभिन्न देशहरूमा अशान्ति मच्चाउने रङ्गीन क्रान्तिको अन्तर्निहित कारण विश्वमा चीनको बढ्दै गरेको सकारात्मक प्रभाव पनि हो ।

चीनले विश्व शान्ति र सुरक्षालाई कायम राख्दै विश्वव्यापी विकास र समृद्धिलाई प्रवर्द्धन गर्नु सबै देशहरूको साझा लक्ष्य हुनुपर्ने धारण राख्दछ । उसले जित जित मानसिकतासाथ जटिल र अन्तर्निहित सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्न विश्वका सबै देशलाई आह्वान गरेको छ । यही विषय साम्राज्यवादी अमेरिका र पश्चिमा मुलुकलाई खट्किएको हो ।

चीनले ३ सेप्टेम्बर २०२५ मा चीनको तियानजीनमा जापानमाथि जित हासिल गरेको ८० औं वर्षको अवसरमा विशाल सैन्य परेडको आयोजना गरेको थियो । जसमा चीनका करिब १२ हजार जनसेनाले सहभागिता जनाएका थिए । विश्लेषकहरूले यो विषय अमेरिकी नेतृत्वको नेटोलाई चुनौती भनेका छन् । उक्त सम्मेलनमा नेपालको पनि सहभागिता रहेको थियो । त्यसपछि नेपालमा जेनजीको नाममा नयाँ पुस्ताको आन्दोलन अगाडि बढ्यो । यो आन्दोलनमा नयाँ पुस्ताका युवाहरूले नेपालका भ्रष्ट शासक नेताहरूविरुद्ध सङ्घर्ष त गरे तर साम्राज्यवादी अमेरिकाले चीनको वैश्विक नेतृत्वदायी भूमिकालाई निस्तेज पार्ने कुत्सित योजना पनि प्रस्तुत गऱ्यो । नेपाली युवाले यो विषय बुझ्नु जरुरी छ ।

*२०८२ पुस ६ गते*

# शासक राजनैतिक दलका महाधिवेशनहरू

सामान्यतया राजनैतिक दलका कार्यकर्ता र समर्थकहरूमा आमसभा, जनसभा, कोणसभा, क्षेत्रीय भेला, जिल्ला सम्मेलन, महाधिवेशन (काङ्ग्रेस), प्लेनम - राष्ट्रिय परिषद् आदि बैठक र भेलाहरूको नामबाट अलमलिएका धेरै उदाहरणहरू छन् । यसबारे केन्द्रीय स्तरका नेताहरूले चासो नै नलिएको प्रस्ट छ ।

राणाविरोधी प्रजातन्त्रका निम्ति सङ्घर्ष गर्ने नेपालका पुराना दलहरूमध्ये प्रजापरिषद्बाहेक नेपाली राष्ट्रिय काङ्ग्रेस, नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीसमेतका सुरुका नेता र कार्यकर्ताहरू भारतमै शिक्षा प्राप्त गरी भारतमा रही राणाविरोधी सङ्घर्षमा सामेल भएका थिए । तिनीहरूको अध्ययन, सङ्गत, परिवेश र राजनीति भारतीय स्वतन्त्रता आन्दोलनकै सेरोफेरोमा घुमिरहन्थ्यो । यसकारण, राणाविरोधी 'कानुनीराज' को निम्ति सत्याग्रह वा पक्राउमा परेका कार्यकर्ताहरू 'इन्क्लाव जिन्दावाद !', 'राणा शाही मुर्दावाद !' र 'कानुनीराज जिन्दावाद !' आदि नारा लगाउँथे । अलि होलो भएको बेला '.... टोलमा आज ३ बजे आमसभा हुँदै छ, भेला हुनु होला' भनी पोस्टर र पर्चा टाँसिएको हुन्थ्यो वा सानो ध्वाङमा सूचना प्रसार गर्दै तोकिएको ठाउँमा तिनीहरू पुग्थे । भारतीय स्वतन्त्रता आन्दोलनको बेला भारतमा प्रयोग गरिने 'आमसभा', 'इन्क्लाव' आदि उर्दू र फारसीबाट आउने शब्दहरू कार्यकर्तालाई जे-जे अर्थ होला भन्ने लाग्थ्यो त्यही त्यही भन्थे !

त्यसको परिणाम 'हकिकत', 'मक्सद', 'गद्दार' शब्दहरूको अर्थबारे गाउँ र नगर स्तरका धेरै कार्यकर्ताहरू अनभिज्ञ थिए । यसले थाहा हुन्छ - पुराना सबैजसो राजनैतिक पार्टीका नेताहरू मनोगतवादी वा आत्मकेन्द्रित थिए । उनीहरू गाउँ र गल्लीका कार्यकर्ताहरूको सैद्धान्तिक र राजनैतिक स्तर उकास्नेमा ध्यान दिँदैनथे । त्यसको परिणाम गरिब र पछि परेका जनता र कार्यकर्ताहरू झन्झन् पछि पर्दै छन्, दुई-तीन पुस्तापछि पनि । यसमा जातीय भावनाले पनि काम गरेको प्रस्ट हुन्छ ।

XXX

नेकपाको दोस्रो महाधिवेशन फोहरा दरबारमा भएको थियो । महाधिवेशनको मुख्य छलफल 'राजतन्त्र' र 'गणतन्त्र' हुन्थ्यो । देशमा राणाहरू मात्रै जनतामाझ बदनाम भएको हुँदा मुख्य शत्रु राजा होइन भन्ने नीति पारित गरियो । डा. केशरजङ्ग रायमाझी महासचिवमा चुनिए; २०१७ सालपछि नेकपा छिन्नभिन्न भयो । त्यसबेला रायमाझीले 'राजालाई जीवित सत्य हो' भने ! रायमाझीलाई 'विश्वासघाती', 'राजावादी' र 'गद्दार' भनियो । तर, मनमोहन प्रधानमन्त्री हुँदा राजाबारे उनले पनि डा. रायमाझीकै भाषा बोले । आश्चर्य छ, डा. रायमाझीले राजाको पक्ष लिँदा उनी 'राजावादी' भए । तर, मनमोहनले 'राजा जीवित सत्य हो' भन्दा मनमोहन र एमाले पार्टी कसरी क्रान्तिकारी भए !? अहिले एमालेका सबै पक्षले सैद्धान्तिक र नीतिगत दृढता नदेखाएको 'महाधिवेशन' एक तगारा ( जात्रा) मात्रै साबित हुन्छ । सिद्धान्तमा अडिग भएन भने एमाले सारमा 'कम्युनिस्ट' नभई 'भाइकाङ्ग्रेस' साबित हुनेछ । सत्य त्यहीं हो, भने जेन-जीलाई नेपाल निम्त्याउने दुई शासक दल नै साबित हुन्छ ।

राजनैतिक दलहरूको जात्रा त त्यसबेला देखापर्छ जब हरेक गाउँ समितिको बैठकलाई 'सम्मेलन' को संज्ञा दिइन्छ । त्यस्तै, नगरका हरेक स-साना वडाका सबै सदस्यहरू जम्मा भएर गरिने साधारणसभालाई सम्मेलन भनिन्छ । सम्मेलनमा सदस्यहरू धेरै भएमा ठाउँ र सङ्ख्याको आधारमा 'प्रतिनिधि' हरू छानिन्छन् । त्यसो भए ५० जनाको सदस्य संस्थालाई 'प्रतिनिधि' बताइन्छ र साधारण सदस्य र समर्थकहरूसमेत 'अधिकार सम्पन्न' प्रतिनिधि बताइन्छ ।

त्यस्तै, जिल्लाको पनि 'महाधिवेशन' र गाउँपालिकामा पनि कुनै राजनीतिक पार्टीको 'महाधिवेशन' र 'राष्ट्रिय सम्मेलन' भनियो भने निर्वाचन आयोगको आँखा कुन बेला खुल्ने हो - पहिल्यै विचार गर्नु आवश्यक छ । त्यस्तै, २०१२-०१३ सालमा 'नेपाल कम्युनिस्ट पार्टी' को 'महाधिवेशन' (काङ्ग्रेस).. हुँदै छ भन्ने पोस्टरबारे एकजना समर्थकले पार्टी कार्यकर्ता (सदस्य) लाई भन्दै थिए, "सबै ठीक छ, धेरै वर्षदेखि चन्दा दिन्छु, तर 'कम्युनिस्ट पार्टी' अहिले 'काङ्ग्रेस' कसरी भयो ? मलाई चित्त बुझेन ।" कार्यकर्ताले केही बोल्नै सकेन किनभने उनलाई पनि राम्रो जानकारी थिएन होला !

XXX

फरक-फरक विषयका भेलालाई 'कन्फ्रेन्स' भनेजस्तै विभिन्न देशका दलहरूको पनि कन्फ्रेन्स (सम्मेलन) र काङ्ग्रेस (महाधिवेशन) भन्ने गरिन्छ । तर, कहिलेकाहीँ फरक-फरक अर्थ दिन्छ ।

नेपाल, एसिया र अन्य देशमा कम्युनिस्ट पार्टीहरूको 'महाधिवेशन' (काङ्ग्रेस) सदस्यता सङ्ख्याको आधारमा प्रतिनिधि बोलाइन्छ - १०० सदस्यमा एक वा हजार सदस्य सङ्ख्यामा एक - त्यहाँको परिस्थितिअनुसार निर्धारण गरिएको हुन्छ । महाधिवेशनको २-४ महिना पहिले नै महाधिवेशनको निम्ति चालु पार्टी केन्द्रीय समितिले हेरफेर गर्नुपर्ने सबै विषय भएको दस्ताबेज जिल्ला र प्रदेशमा पठाइन्छ । त्यस दस्ताबेजमा जिल्ला र प्रदेशले बहुमत र अल्पमतको आधारमा आ-आफ्नो राय पठाउनुपर्ने हुन्छ । महाधिवेशनले पार्टीको नाउँ, चिह्न, सिद्धान्त, उद्देश्य, अन्यसँग संयुक्त मोर्चा आदिबारे बहुमतको आधारमा निर्णय गर्छ । केन्द्रीय समितिको दस्ताबेजको पक्ष र विपक्षअनुसार प्रदेश वा जिल्लाको बहुमतको आधारमा प्रतिनिधि छान्ने गरिन्छ । महाधिवेशनमा सहभागी बहुमत प्रतिनिधिको निर्णय महाधिवेशनको निर्णय हुनेछ । महाधिवेशनमा सशस्त्र सङ्घर्ष वा शान्तिपूर्ण आन्दोलन, सरकारमा जाने वा निर्वाचनलाई उपयोग गर्ने वा नगर्ने, पुँजीवादी दलहरूसँग मिलेर सरकारमा जाने वा नजाने, परराष्ट्र नीति आदिबारे पनि छलफल गरी निर्णय हुन्छ । देशको परिस्थितिअनुसार भूमिसुधार वा उद्योगधन्दाको विस्तार, बजेटमा यातायातलाई प्राथमिकता दिने हो वा शिक्षा, स्वास्थ्य, कृषि वा सेना-प्रहरी-कर्मचारीहरूको तलब बढाउने वा व्यापारीहरूलाई कर मुक्त गर्ने वा सरकारले पुँजी दिने आदिबारे छलफल हुन्छ । नेपालका शासक पार्टीहरूले उद्देश्य र नीतिमा नगई महाधिवेशनलाई नयाँ नेतृत्व चयनको रूपमा लिँदै छन् । यस्तै हो भने दलहरू दलहरू होइनन् व्यापारी दल हुनेछन् ।

# आर्थिक पारदर्शिता सदस्यहरूको विश्वासको आधार




भक्तपुर । वागीश्वरी मा.वि. र वागीश्वरी कलेजमा कार्यरत निजी स्रोतका शिक्षक-कर्मचारीहरूको सञ्चिति कोषको नवौँ साधारणसभा भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो ।

सभामा प्रमुख प्रजापतिले कोषको हिसाबकिताबसहितको प्रतिवेदनको प्रस्तुति पारदर्शिताको उदाहरण भएको चर्चा गर्दै कुनै पनि संस्थाको आर्थिक पारदर्शिता सदस्यहरूको विश्वासको आधार हुने विचार व्यक्त गर्नुभयो ।

कोषको आय-व्ययको सन्तुलन मिलाइराख्न सुझाव दिँदै उहाँले भन्नुभयो, "आय-व्ययको सन्तुलन बिग्रे कुबेर पनि कङ्गाल हुन्छ भन्ने भनाइ छ, त्यसैले खर्चमा घाँटी हेरी हाड निल्न जान्नुपर्छ ।"

वागीश्वरी स्कूल-कलेजको हालको प्रगति सन्तोषजनक भए पनि त्यसलाई निरन्तरता दिनु चुनौतीपूर्ण रहेको बताउँदै उहाँले त्यसको लागि सामूहिक भावनासहित अनुशासनलाई कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली मुद्रा दिनपरदिन अवमूल्यन भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले कोषको रकम बैङ्कमा थुपार्नु भन्दा त्यसलाई परिचालन गर्नुपर्ने सुझाव दिनुभयो ।

देश हरेक कुरामा परनिर्भर हुँदा आर्थिक अवस्था खस्कँदै गएको उल्लेख गर्दै उहाँले आर्थिक अनुशासनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ताका हाम्रा छोराछोरीको सङ्गत र क्रियाकलापमा अभिभावकको ध्यान नपुग्दा धेरैले दु:ख भोग्नुपरेका उदाहरणहरू दिनुभयो ।

वाग्मती प्रदेशका नमुना स्कूलहरूको गोष्ठीमा सहभागी हुँदाको अनुभव सुनाउँदै उहाँले प्रदेशका १९ वटा नमुना स्कूलहरूमध्ये वागीश्वरी स्कूलको असल अभ्यास अन्यको भन्दा पृथक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्यत्र ठुला विद्यालयमा स-साना विद्यालयहरू मर्ज गर्ने गरिएको छ तर, हामीले यहाँ सबल र दुर्बलबिच सहकार्य गरी दुर्बललाई पनि सबल बनाउने प्रयास गरेका छौँ; यो अरूको लागि नौलो भएको छ ।"

कार्यक्रममा पूर्वप्रअ मोहनप्रसाद प्रजापतिले अनावश्यक खर्च रोक्नु पनि आम्दानी सरह नै हुने हुँदा मितव्ययी हुन सुझाव दिनुभयो भने कोषका सल्लाहकार पूर्व सप्रअ ज्ञानसागर प्रजापतिले नमुना विद्यालयका शिक्षक-कर्मचारीहरू पनि नमुना लायक हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "जागिरे मनोवृत्तिले स्कूल बन्दैन; विद्यार्थी सङ्ख्या र परीक्षाको नतिजा घट्यो भने कोष दीर्घकालसम्म नटिक्ने कुरामा सबैजना सधैँ सचेत हुनुपर्छ ।"

विद्यालयका प्रअ एवं कोषका संरक्षक कृष्णप्रसाद कर्माचार्यको सभापतित्वमा भएको उक्त सभामा कोषका अध्यक्ष एवं कलेजका प्राचार्य धनकुमार श्रेष्ठले कोषको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने प्रतिवेदन सर्वसम्मतबाट पारित गरिएको थियो ।

सभामा पूर्वप्रअ कृष्णप्रसाद धन्छा र शिक्षक विश्वेश्वरप्रसाद मानन्धरले पनि बोल्नुभएको थियो ।

# सोभियत सङ्घको समाजवादी क्रान्ति : नायक र खलनायकहरू–१

स्तालिनको स्वाभाविक मृत्यु होइन, हत्या गरिसकेपछि पनि साम्राज्यवादीहरू र कम्युनिस्ट लुगामा पुँजीवादी संशोधनवादीहरूले सोभियत कम्युनिस्ट पार्टी र सरकारका नेताहरूलाई समेत कुटिल नीति प्रयोग गर्दै एक-एक गरेर मार्दै आपसमा भिडाए र पार्टीबाट निकाले । अन्ततः समाजवाद र कम्युनिस्ट पार्टीलाई विघटनपछि सोभियत सङ्घलाई नै विशृङ्खलित पारे । देखिने शत्रुहरूभन्दा लुकेका शत्रुहरू झन् डरलाग्दा हुन्छन् भन्ने उखान त्यसैकारण पुस्तौँपुस्तादेखि समाजमा प्रचलित हुँदै आएको छ ।

हरेक देशमा चाणक्यजस्ता कुटिल राजनीतिज्ञहरू हुन्छन्, कोही समाजवादको पक्षमा हुन्छन् भने कोही समाजवादको विरोधमा हुन्छन् । माओ त्से तुङले भन्नुभएजस्तै 'गोलीले जित्न नसकिने कम्युनिस्टहरूलाई चास्नी पोतेको गोलीले जित्छन् ।'

शत्रुको प्रशंसा, उपहार र आर्थिक सहयोग (घुस, छात्रवृत्ति, नातागोतालाई पुँजीवादी देशहरूका कम्पनीहरूका एजेन्ट बनाउँदै) बाट टाढा नरहने हो भने कुनै पनि देशका राजनीतिक दलका नेता र कार्यकर्ताहरू शत्रुका जाल र षड्यन्त्रबाट जोगिने छैनन् । आफ्नै देशका कर्मचारीतन्त्र र पार्टीका नेताहरूमार्फत पद र पैसाको जोहो गरेर एक-एक जना नेता र कार्यकर्ताहरूलाई हुर्मत लिँदै जनताको सामुन्ने पत्रु बनाई देशको राजनैतिक मञ्चबाट दुधको झिङ्गा जस्तै फाल्नेछन् । देशको स्वतन्त्रता र सार्वभौमिकता नै समाप्त हुने खालका गतिविधि बढाउनेछन् ।

गोर्बाचोभले प्रस्टै भने, उनको जीवनकै उद्देश्य 'समाजवाद र कम्युनिस्ट पार्टीलाई विघटन गर्ने तथा सोभियत सङ्घलाई विशृङ्खलित पार्ने' हो । घुस, पदलोलुपता र आलोचना-आत्मालोचना एवम् सैद्धान्तिक सङ्घर्षलाई पार्टीभित्र बरोबर चलाउँदै नगए कम्युनिस्ट पार्टी कम्युनिस्ट रहने छैन भन्ने उदाहरण सोभियत सङ्घको पतन र रुसमा पुँजीवादको पुनर्स्थापनापछि पूर्वी युरोपेली समाजवादी देशहरूको रङ्ग फेराईबाट प्रस्ट हुन्छ । स्वाभाविकरूपले र सरलताबाटै समाजवादको स्थापना हुन्छ भन्ने युरोपेली देशहरूका कम्युनिस्ट दलहरू पनि सुक्दै गए । सङ्घर्षहीनताको परिणाम यस्तै हुन्छ ।

यसकारण, नेपालका प्रगतिशील नयाँ पुस्तालाई विभिन्न देशका उत्थान र पतनका विषयमा अध्ययन र अध्यापन गराउन स्तालिनका अङ्गरक्षक ए.टी. रेबिनको 'स्तालिनसँग' भन्ने संस्मरण अत्यन्त महत्त्वपूर्ण संस्मरण हो । यसको अनुवाद गर्ने युवा साथीहरू धन्यवादका पात्र हुन् ।

नयाँ युवा साथीहरूलाई स्तालिन को हुनुहुन्थ्यो भन्नेबारे र उहाँको योगदानबारे स-साना ऐतिहासिक घटनाहरू बताउने उद्देश्यले स्तालिनका महत्त्वपूर्ण घटनाहरूलाई छोटोमा उल्लेख गरिएको हो ।

त्यस्तै, सोभियत सङ्घको समाजवादी क्रान्ति र समाजवादको रक्षाको निम्ति सङ्घर्ष गर्ने नायक र खलनायकहरूको पनि स-साना परिचय राख्नु सान्दर्भिक देख्छु ।

**स्तालिन एक पार्टी कार्यकर्ताको रूपमा**

रूसको दक्षिण-पश्चिम भागको ककेसियामा सन् १८७९ अर्थात् १४२ वर्ष पहिले जन्मनुभएका स्तालिनको बालक बेलाको नाम शोशो थियो । एक गरिब किसान परिवारमा जन्मनुभएका स्तालिनको सानैमा बुबाको देहान्त भयो र आमाबाट हुर्काइनुभयो । १५ वर्षको उमेरमा उहाँलाई एक धार्मिक विद्यालयमा भर्ना गरियो ।

तिफलिस त्यसबेला जर्जियाको राजधानी थियो । त्यहाँ रेल पुग्यो, कल-कारखानाहरू पनि खुले, स्कूल-कलेजहरू पनि स्थापना भए । मजदुर सङ्गठनहरू पनि बिस्तारै स्थापना भए । गुप्तरूपले मार्क्सवादी अध्ययन गोष्ठीहरू सक्रिय भए, समाजवाद चाहने क्रान्तिकारी मजदुर सङ्गठनहरू पनि भित्र-भित्र काम गर्न थाले । शोशो पनि त्यस्ता मार्क्सवादी अध्ययन गोष्ठीमा सामेल हुनुभयो, मेहनती विद्यार्थी हुँदा मार्क्स-एँगेल्सको 'कम्युनिस्ट घोषणापत्र' देखि 'पुँजी' भन्ने पुस्तक समेत अध्ययन गर्न थाल्नुभयो ।

शोशोको गतिविधि र पाठ्य सामग्रीबाट राजा जारको गुप्त प्रहरी उहाँको कोठामा पुग्यो । त्यस बेलासम्म उहाँ मजदुरहरूको एक युवा शिक्षकको रूपमा परिचित भइसक्नुभएको थियो । साथीहरूसँग मिलेर उहाँले 'सङ्घर्ष' भन्ने एक पत्रिका प्रकाशित गर्नुभयो । सन् १९०२ मा उहाँ पहिलो पटक २३ वर्षको उमेरमा पक्राउ पर्नुभयो । त्यसपछि उहाँ बारम्बार पक्राउ पर्नुभयो र कालापानी भन्ने साइबेरियाका गाउँ र दुर्गम क्षेत्रमा निर्वासनमा पठाइनुभयो । निर्वासनबाट पनि उहाँ बरोबर फुत्किरहनुहुन्थ्यो र आफ्नो कर्मक्षेत्र मजदुर सङ्घर्षमा पुग्नुहुन्थ्यो ।

स्तालिनले 'सर्वहारा सङ्घर्षका अग्रदूत' नामका समाचारपत्र र आफ्नै सम्पादनमा प्रकाशित 'सर्वहारा सङ्घर्ष' मा पनि विभिन्न सैद्धान्तिक रचनाहरू लेख्नुहुन्थ्यो । सन् १९०५ को ९ जनवरीको आइतबारको दिन आफ्नो मागलाई लिएर ग्यापोन भन्ने एक धार्मिक नेताको अगुवाइमा दरबारमा प्रदर्शन गर्न गराका नि:शस्त्र हजारौँ जनतामाथि राजा जारको शासनले गोली काण्ड गराएको थियो ।

सन् १९०५ डिसेम्बर महिनामा रूसी बोल्शेविकहरूको पहिलो राष्ट्रिय सम्मेलन फिनल्यान्डमा भयो । त्यहीँ स्तालिनले लेनिनसँग भेट गर्नुभएको थियो । सम्मेलनको निम्ति राजनैतिक दस्तावेजको खेस्रा लेनिन र स्तालिन मिलेर गर्नुभयो ।

१९०६ अप्रिल महिनामा पार्टीको चौँथो महाअधिवेशन स्वीडेनको राजधानी स्टकहोममा भएको थियो । स्तालिनले लेनिनसँग मिलेर मेन्सेविकहरूको फितलो नीतिको खण्डन गर्दै भन्नुभयो, "पार्टीभित्रको मुख्य विवाद सर्वहारा वर्गको प्रभुत्व हो वा प्रजातन्त्रवादी पुँजीपति वर्गको हो भन्ने प्रश्नमा हो ।"


सन् १९१२ जनवरी महिनामा प्रागमा बोल्शेविक पार्टीको छैटौँ सम्मेलन भयो र जार शासनको दमनचक्रबाट पार्टीलाई जोगाउन सम्मेलनको बैठकले कानुनी र गैर-कानुनी सङ्घर्ष गर्ने निर्णय गऱ्यो तथा मेन्सेविकहरूलाई पार्टीबाट निकाला गऱ्यो । मेन्सेविकहरू (अल्पमत) भई पराजित भएको र बहुमत भएका 'रूसी समाजवादी प्रजातान्त्रिक मजदुर पार्टी' लाई बोल्शेविक नाम राखियो । देशभित्र व्यावहारिक काम गर्न स्तालिनको नेतृत्वमा एक केन्द्रीय समिति बनाइयो ।

सन् १९१२ मा चौँथो संसद् ( ड्यूमा) को निर्वाचन भएको थियो । त्यस निर्वाचनमा ६ जना 'बोल्शेविक' मजदुर प्रतिनिधिले १० लाख मत प्राप्त गरेका थिए भने ७ जना मेन्सेविक प्रतिनिधिले मात्र २ लाख मत पाएका थिए । त्यस संसदीय निर्वाचनको निर्देशन स्तालिनले गर्नुभएको थियो । तर, त्यस बोल्शेविक प्रतिनिधिहरूमध्ये मेलिनोभ्स्की नामको एकजना सरकारी गुप्तचर थियो । उसले सच्चा र सक्रिय कार्यकर्ताहरू पक्राउ गर्न प्रहरीलाई सहयोग गरेको विषय धेरैपछि मात्र पार्टीलाई थाहा भयो ।

फेब्रुअरी १९१३ मा पोल्यान्डको काक्रो भन्ने सहरमा पार्टीको केन्द्रीय समितिको बैठक भएको थियो, त्यस बैठकमा संसद्का जनप्रतिनिधिहरूले पनि भाग लिएका थिए । त्यसैबेला लेनिन र स्तालिनले पार्टीको गम्भीर विषयमा छलफल गर्ने अवसर पाउनुभएको थियो ।

**स्तालिन, प्रहरी, जेल र कालापानी**

२५ मार्च १९०१ मा स्तालिन २२ वर्षका युवा हुनुहुन्थ्यो । प्रहरी उहाँको कोठामा पुग्यो । पहिलो चोटी उहाँ पक्राउबाट बच्नुभयो र भूमिगत भई पूर्णकालीन कार्यकर्ता बन्नुभयो । बाकु क्षेत्र सर्वहारा वर्गको गतिविधिको एक



केन्द्र बन्यो ।

२ अप्रिल १९०२ बाटुम सहरका ठाउँ-ठाउँमा 'मुख्य व्यक्ति' समात्न प्रहरीले छापा मार्दै गर्दा स्तालिन २३ वर्षको उमेरमा पहिलो पटक पक्राउ पर्नुभयो र बाटुम जेलमा थुनिनुभयो । जेलमा पनि आफ्नो राजनैतिक गतिविधिका कारण उहाँ बरोबर जेल सरुवामा पर्नुभयो ।

सन् १९०३ मा स्तालिनलाई पुर्वी साइबेरियाको इर्खुटस्क प्रान्तमा ३ वर्षको निम्ति कालापानीमा पठाइयो ।

५ जनवरी १९०४ मा उहाँ पार्टी सङ्गठनको विकासको निम्ति कालापानीबाट बेपत्ता हुनुभयो । २ वर्षको जेलपछि पुन: ककेसियाको बाटुम र तिफलिसमा सक्रिय हुनुभयो ।

२५ मई १९०८ मा उहाँ पुन: पक्रिनुभयो र आठ महिना जेलमा थुनिनुभयो । त्यसपछि उहाँ भोलाग्दा प्रान्तमा दुई वर्षको निम्ति निर्वासनमा पठाइनुभयो ।

२४ जून १९०९ मा निर्वासनबाट उहाँ गायब भई बाकुमै भूमिगतरूपले सक्रिय हुनुभयो । त्यसबेला उहाँ २९ वर्षको युवा हुनुहुन्थ्यो ।

२३ मार्च १९१० मा स्तालिन फेरि पक्राउ पर्नुभयो र ६ महिना जेलमा थुनिनुभयो । आफ्नो अध्ययन र सङ्गठनको काम चालु राख्नुको कारण उहाँलाई पाँच वर्षको निम्ति कालापानीको निर्वासनमा पठाइयो ।

लेनिनले पार्टीभित्रको गन्जागोलबारे स्तालिनलाई पत्र पठाउनुभयो र ६ सेप्टेम्बर १९११ मा कालापानीबाट गायब भई अर्को मजदुर सङ्घर्षको नगर सेन्ट पिटर्सवर्ग पुग्नुभयो ।

९ सेप्टेम्बरको दिन उहाँ पुन: पक्राउ पर्नुभयो र पहिलेकै कालापानीमा निर्वासित गरिनुभयो ।

**कालापानीबाट क्रान्तिमा**

२९ फ्रेबुअरी १९१२ को दिन निर्वासनबाट भाग्न सफल हुनुभयो र पिटर्सवर्गको पार्टी केन्द्रीय समितिको काम सम्हाल्नुभयो ।

२२ अप्रिल १९१२ मा स्तालिन सेन्ट पिटर्सवर्गमै पक्रिनुभयो र केही महिना जेलमा थुनिनुभएपछि ३ वर्षको निम्ति निर्वासनमा पठाइनुभयो । क्रान्तिकारीहरूको निम्ति टाढा र नजिकको अर्थ हुने गर्दैन, त्यस्तै गाऱ्हो र सजिलोको कुरा पनि हुन्न । खाली सङ्घर्षप्रति समर्पणको भावनाले काम गर्छ ।

१ सेप्टेम्बर १९१२ मा स्तालिन निर्वासनबाट सरकारको आँखा छलेर अचानक पुन: सेन्ट पिटर्सवर्ग जस्तो सङ्घर्षको थलोमा पुग्नुभयो । उहाँ त्यसबेला ३३ वर्षको हुनुहुन्थ्यो ।

स्तालिन २२ फेब्रुअरी १९१३ मा सेन्ट पिटर्सवर्गमा पार्टी कार्यालयमा 'प्राब्दा' प्रकाशनको निर्देशन दिँदै हुनुहुन्थ्यो, भवनमा जारका गुप्तचरहरू घुसिसकेका थिए । उहाँ पक्राउ पर्नुभयो र ४ वर्षको निम्ति दुरुखान्सको कोस्तिनो कालापानीमा निर्वासित हुनुभयो । बरोबर निर्वासनबाट अलप हुनाको कारण उत्तरी ध्रुवको सुमेरुको कुरिया भन्ने ठाउँमा सरुवा गरिनुभयो । त्यो ठाउँ मस्कोबाटै ५-६ हजार माइल टाढा थियो । तर, लेनिनसँग पत्रद्वारा सम्पर्क भइरहेको थियो ।

सन् १९१४ मा पहिलो विश्वयुद्ध सुरु भयो । लेनिन स्वीजरल्यान्डमा हुनुहुन्थ्यो । दोस्रो इन्टरनेसनलका नेताहरूले आ-आफ्नो पुँजीवादी सरकारको समर्थन गरेको हुँदा लेनिनले त्यस अन्ध-राष्ट्रवाद र बडा-राष्ट्रवादको खण्डन गर्नुभयो । सन् १९१५ मा कालापानीमा स्तालिनले बन्दी बोल्शेविकहरूको बैठक गर्नुभयो । तर, पार्टीभित्रै मैलिनोभ्स्की जस्ता जासुसहरू हुँदा स्तालिनलाई जार सरकारले थप कडा पहरा राख्दै एभिन्समा सरुवा गऱ्यो । जार सरकार युद्धमा हार्दै थियो । देशको विभिन्न ठाउँमा मजदुर हडताल चर्किँदै थियो । २६ फेब्रुअरी १९१७ मा मजदुर वर्गको विद्रोह सुरु भयो । २७ फेब्रुअरीको दिन ६० हजार सरकारी सेना जनतासँग मिल्न गए । सबै मन्त्रीहरू पक्राउ परे । जार सरकारको पतन भयो । रूसमा पुँजीवादी क्रान्ति सफल भयो । राज-बन्दीहरू सबै छुटे । १२ मार्चको दिन स्तालिन कालापानीबाट राजधानी सेन्ट पिटर्सवर्ग पुग्नुभयो ।

**स्तालिन- एक मार्क्सवादी र लेनिनवादीको रूपमा**

स्तालिन सुरुदेखि नै मार्क्सवादी साहित्य र दर्शनबाट प्रभावित एक युवक हुनुभएको हुँदा उहाँ भावुकताभन्दा विषयवस्तुको गहिराइमा जानुहुन्थ्यो । उहाँले मार्क्स-एँगेल्सको 'कम्युनिस्ट घोषणापत्र' देखि मार्क्सको 'पुँजी 'को पनि गहिरो अध्ययन गर्नुभएको थियो ।

रूस विभिन्न जातजाति र भाषाभाषीको देश हुँदा त्यहाँका जातिय वा राष्ट्रियताको प्रश्न महत्त्वपूर्ण थियो । यसकारण, स्तालिनले लेनिनकै निर्देशनमा त्यसबारे एक गहन रचना लेख्नुभयो । 'मार्क्सवाद र अराजकतावाद' देखि 'लेनिनवादको मूल सिद्धान्त', 'लेनिनवादका समस्याहरू' जस्ता गहन विषयमा पनि उहाँले महत्त्वपूर्ण विश्व सर्वहारा वर्ग र समाजवादको निम्ति बाटो देखाउनुभयो ।

यस अर्थमा स्तालिन सुरुदेखि नै रूसी कम्युनिस्ट पार्टीको निम्ति एक सशक्त सिद्धान्तकारको रूपमा प्रस्तुत हुनुभयो । सङ्घर्षकै सिलसिलामा उहाँले धेरै पत्रपत्रिकाको सम्पादन र प्रकाशनको चाँजोपाँजो मिलाएर मजदुर आन्दोलनलाई अगाडि बढाउनुभयो ।

**रूसको अक्टोबर क्रान्ति**

पुँजीपति वर्गको हितको निम्ति पुँजीवादी सरकारको माझमा सन् १९१४ मा पहिलो विश्वयुद्ध सुरु भयो, त्यसमा जारको रूस पनि सामेल थियो ।

२७ फेब्रुअरी १९१७ मा २७ हजार सरकारी सेनाका जवानहरू क्रान्तिमा सामेल भएपछि परिस्थितिमा ठुलो उथलपुथल भयो । जारका सबै मन्त्रीहरू पक्राउमा परे, बन्दी क्रान्तिकारीहरू जेलमुक्त भए र जारतन्त्र फालिएपछि पुँजीवादी दलहरूको अस्थायी सरकार बन्यो, त्यसको पुँजीवादी नेता प्रधानमन्त्री करेन्स्की थिए ।

युरोपका 'समाजवादी' दलहरूले साम्राज्यवादी देशहरूको युद्धमा आ-आफ्नो सरकारको समर्थन गरे । नाम समाजवादी तर कामले साम्राज्यवादलाई समर्थन गर्ने 'दोस्रो इन्टरनेसनल' भन्ने अन्तर्राष्ट्रिय समाजवादी पार्टी र त्यसका नेताहरूलाई लेनिनले 'समाजवादी साम्राज्यवादी' भनी उदङ्ग्याउनुभयो ।

त्यस लेनिनवादी नीतिअनुसार बोल्शेविक पार्टीले आ-आफ्नो देशमा पुँजीवादी सरकारहरूको विरोधमा गृहयुद्ध गर्न आह्वान गर्ने निर्णय गऱ्यो । कामेनेभले आफ्नो देशको पुँजीवादी सरकारलाई समर्थन गर्दै लेनिनवादी नीतिको विरोध गरे । मैलिनोभ्स्कीले पार्टी निर्णयलाई सरकारसम्म पुऱ्याए । अल्पमतमा परी निकालिएका मेन्सेविकहरूले पनि देशको 'रक्षा गर्ने' नाममा पुँजीवादी सरकारको समर्थन गरे ।

२४ अप्रिल १९१७ को दिन बोल्शेविक पार्टीको सातौँ सम्मेलन भयो र अन्तर्राष्ट्रिय पुँजी र सङ्कीर्ण राष्ट्रवादको विरोध गर्दै लेनिनले पुँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई समाजवादी क्रान्तिमा फेर्ने सिद्धान्त प्रस्तुत गर्नुभयो ।

कामेनेभ, जिनोभिखव, बुखारिनजस्ता नेताहरूले सिद्धान्तमा अडान नराख्ने दोधारे नेताहरूको विरोध गरेपनि सम्मेलनको बहुमत प्रतिनिधिहरूले प्रस्तावलाई समर्थन गरी पारित गरे । त्यस बैठकले एक राजनीतिक समिति निर्वाचित गऱ्यो । स्तालिन पनि त्यस समितिको सदस्य चुनिनुभयो । लेनिन पेट्रोग्रादमा बसेर काम गर्ने निर्णय गरियो । लेनिन त्यसबेला ४७ र स्तालिन ३८ वर्षका हुनुहुन्थ्यो ।

२६ जुलाईदेखि ३ अगस्तसम्म पार्टीको आठौँ गुप्त महाअधिवेशन भयो । सोअनुसार स्तालिनले शान्तिको समय टुङ्ग्यो र अब सशस्त्र विद्रोहको समय आएको रिपोर्ट प्रस्तुत गर्नुभयो । त्रोत्स्कीहरूले पश्चिमी देशहरूमा समाजवादी क्रान्ति नभएसम्म रूसमा समाजवादी क्रान्ति नहुने कुतर्क प्रस्तुत गरे ।

स्तालिनले 'युरोपको बाटोमात्र समाजवादको बाटो' भन्ने विचार त्यागेर रचनात्मक मार्क्सवादको तर्क अगाडि सार्नुभयो । बैठकले बैङ्क र कलकारखाना राष्ट्रियकरण गर्ने, किसानहरूलाई नि:शुल्क जग्गा प्रदान गर्ने नीति पारित गऱ्यो । स्तालिनले गरिब किसानहरूलाई मजदुर वर्गको साथी र क्रान्तिको सहयोगीको रूपमा घोषणा गर्नुभयो ।

बुखारिनले किसानहरूसँगको मित्रतालाई विरोध गरे भने कामेनेभ, राइकोभ र त्रोत्स्कीहरू लेनिनलाई अदालतमा हाजीर गराउने पक्षमा थिए । तिनीहरू अस्थायी पुँजीवादी सरकारबाट लेनिनको हत्या गराउने षड्यन्त्र गर्दै थिए ।

बैठकले पार्टीको तलदेखि माथिल्लो सबै समितिहरू निर्वाचित गराउने, वर्गीय सङ्गठनहरूले पार्टीलाई सबै रिपोर्टहरू दिनुपर्ने र बहुमतको निर्णयलाई मान्नुपर्ने कडाइपूर्वक अनुशासन मान्ने, तल्लो समितिले माथिल्लो समितिको निर्णय मान्ने एवम् प्रजातन्त्र र केन्द्रीयताको नीति स्वीकार्नुपर्ने निर्णय गऱ्यो । बैठकहरूमा लेनिन सिपाहीहरूले आ-आफ्नो देशको पुँजीवादी सरकारहरूलाई हराउन बन्दुकलाई आफ्नै देशमा सोझ्याउनुपर्नेमा जोड दिनुहुन्थ्यो ।

१६ अक्टोबर १९१७ मा विद्रोहको नेतृत्व गर्न स्तालिनको नेतृत्वमा एक केन्द्रलाई निर्वाचित गरियो । कामेनेभ र जिनोभियुवले विद्रोहको विरोध गरे । अक्टोबर क्रान्तिमा सर्वहारावर्गले विजय प्राप्त गऱ्यो ।

क्रान्तिलाई सफलतातिर लान रूसलाई शान्ति आवश्यक हुँदा 'मित्र' देशहरू बेलायत र फ्रान्ससँग शान्तिको प्रस्ताव अघि साऱ्यो । रूसले जर्मनी र अस्ट्रियासँग शान्तिको वार्ता गऱ्यो । जर्मनीले पोल्यान्ड, युक्रेन र बाल्टिक प्रदेशहरू कब्जा गर्न चाहन्थ्यो । समाजवादलाई जोगाउन ब्रेस्टलिटोभ्स्क सन्धि गर्न त्रोत्स्कीलाई सोभियत प्रतिनिधिमण्डलको सभापति बनाइयो । १० फेब्रुअरी १९१८ मा सम्झौता वार्ता भङ्ग गरी त्रोत्स्की, बुखारिन, रोडेक, प्याताकोभले 'वामपन्थी कम्युनिस्ट' नामको एक षड्यन्त्रकारी गुट बनाए । 'वामपन्थी कम्युनिस्ट' को नाममा साम्राज्यवादी जर्मनीलाई पोल्यान्ड, लाटभिया, एस्टोनिया दिन चाहन्थ्यो । युक्रेनसमेत जर्मनीलाई दिई तिनीहरूले रूसलाई ठुलो हर्जाना दिन बाध्य पारे । तिनीहरूसँग लड्न लेनिनसँगसँगै सङ्घर्षमा स्तालिन पनि हुनुहुन्थ्यो ।

पार्टीभित्र 'मजदुरविरोधी' 'प्रजातान्त्रिक केन्द्रवादी' र 'वामपन्थी कम्युनिस्ट' भनिने विभिन्न गुटले लेनिनको सिद्धान्तको विरोध गर्दै थिए । वास्तवमा तिनीहरूले सर्वहारा क्रान्तिको वर्ग शत्रुहरूलाई सहयोग गरिरहेको बताउनुहुँदै लेनिनले ३ अप्रिल १९२२ मा केन्द्रीय समितिको विस्तारिक बैठकमा ४३ वर्षीय स्तालिनलाई महासचिव बनाउन पार्टीमा प्रस्ताव राख्नुभयो । पार्टीले यो प्रस्ताव पारित गरेर अत्यन्त दूरदर्शी निर्णय लिएको साबित भयो ।

लेनिनलाई रोगले चाप्दै लगेपछि पार्टीभित्रका जिम्मेवार नेताहरूले आफ्ना गतिविधि बढाउँदै गए । २१ जनवरी १९२४ मा मस्को नजिकैको गोर्की भन्ने गाउँमा लेनिनले अन्तिम सास लिनुभयो । रूसी कम्युनिस्ट पार्टी, रूसी जनता र संसारका तमाम कामदार वर्गको निम्ति दु:खद घटना थियो ।

सन् १९२४ मा त्रोत्स्कीहरूले 'स्थायी क्रान्ति' र 'पुँजीवादको घेरा चुँडाल्ने' नाममा युरोपमाथि हमला गर्न लगाई रूसको समाजवादलाई समेत क्षति पुऱ्याउन चाहन्थे ।


बुखारिनहरू पुँजीपतिहरूलाई नास नगरी गरिबलाई धनी बनाउने गफ हाँक्थे, सारमा 'धनी बन' भन्दै रूसको शोषक किसान कुलाकहरूलाई जोगाउन चाहन्थे ।

जिनोभियव र कामेनेभले कला-कौशलमा पछि परेको रूसमा समाजवादको विजय सम्भव नहुने बताउँदै रूसलाई कच्चा माल आपूर्ति गर्ने देशमै झार्न चाहन्थे, मेसिनरी (यान्त्रिक सामान) र तयारी सामानमा रूसलाई परनिर्भर बनाउन चाहन्थे । यसरी पार्टीविरोधी पक्षहरू मजदुर वर्गको सहयोगी मध्यम किसानलाई समाजवादको पक्षमा हुनसक्दैनन् भन्दै कुलाकहरूसँग मिलाउन चाहन्थे, जसको अर्थ समाजवादलाई पछाडिबाट तान्ने काम थियो ।

डिसेम्बर १९२५ मा पार्टीको चौधौँ महाअधिवेशनले त्रोत्स्की, बुखारिन, कामेनेभ, जिनोभियवका खोटा दृष्टिकोणलाई अस्वीकार भन्दै स्तालिनले 'लेनिनवाद', को 'नयाँ विरोध' भनी 'रूसलाई एक खेतीवाल देश' बाट मेसिनहरूमा आत्मनिर्भर बनाई एक औद्योगिक देशमा रूपान्तरण गर्ने योजना प्रस्तुत गर्नुभयो । जिनोभियव र कामेनेभले स्तालिनको त्यस आर्थिक योजनाको विरोध गरेपनि महाअधिवेशनमा प्रतिनिधिहरूले योजनाविरोधीहरूले देशलाई पुँजीवादी र साम्राज्यवादीहरूको कमारा बनाउने षड्यन्त्र गरेको बताउँदै 'स्तालिनको योजना' लाई नै पूर्ण समर्थन गरे ।

# नेपालमा अमेरिकाको सत्तापलट : एक खुलासा

✍ जिम नौरेकास




नेपालको सरकारलाई हटाउने गरी सन् २०२५ सेप्टेम्बरमा हिंस्रक सत्तापलट भयो। घटना हुनुभन्दा अगाडि अमेरिकी संस्था 'NED' (प्रजातन्त्रका लागि राष्ट्रिय सशक्तीकरण, नेड) ले नेपालका दर्जनौं युवालाई 'जुलुस र विरोध प्रदर्शन आयोजना गर्ने सीप र रणनीति' बारे तालिम दिएको थियो। त्यसको लागि 'नेड' ले लाखौं अमेरिकी डलर खर्च गरेको थियो। हालै चुहिएका गुप्त दस्तावेजबाट यो कुरा पुष्टि हुन्छ।

ती दस्तावेजबाट 'नेड' को एउटा शाखा 'IRI' (अन्तर्राष्ट्रिय रिपब्लिकन संस्थान) ले एउटा भूमिगत अभियान नै चलाएको खुल्न आएको छ। 'IRI' ले नेपालमा जवान राजनीतिक अभियन्ताहरूको 'सञ्जाल' लाई हुर्काउन खोज्यो। 'अमेरिकी स्वार्थलाई टेवा दिने महत्त्वपूर्ण शक्ति बनाउने' गरी यो 'सञ्जाल' लाई मलजल गरिएको थियो। ती दस्तावेजअनुसार 'IRI' को कार्यक्रमले 'जाँगरिला युवा र राजनीतिक नेताहरूलाई जोड्छ' र 'समर्थन अभियान तथा विरोध प्रदर्शन कसरी सञ्चालन गर्ने भनी विस्तृत तालिम दिन्छ'।

'NED' को छातामुनि आयोजना गरिने विरोध प्रदर्शनको 'मुद्दा छनोट' 'IRI' र उसका स्थानीय साझेदारले गर्छन्। यसरी 'नेपालको लोकतन्त्रप्रति अमेरिकी चासोलाई समाधान गरिने' 'IRI' को प्रतिवेदनमा उल्लेख छ। 'द ग्रेजोन' को रिपोर्टअनुसार बङ्गलादेशमा 'IRI' ले यसै प्रकारको प्रयास गर्दा त्यहाँ सन् २०२४ अगस्टमा सत्तापलटको सूत्रपात भएको थियो।

गत सेप्टेम्बरमा नेपाल तथाकथित 'जेनजी' आन्दोलनले थर्कमान भयो। सरकारले फेसबुक, युट्युब र ट्वीटर/एक्स लगायत सामाजिक सञ्जालका प्ल्याटफर्म बन्द गरेपछि यो आन्दोलन उठेको थियो। यी कम्पनीले नेपाल सरकारले दर्ता प्रक्रियाका लागि अघि सारेका सर्त मान्न अस्वीकार गरेपछि सरकारले तिनलाई बन्द गरेको थियो। आन्दोलनको हिंसामा कम्तीमा ७६ जनाको मृत्यु भयो। तीमध्ये केही प्रहरी अधिकारी छन्। हिंसा भड्केको केही दिनमै 'कम्युनिस्ट' प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिमा दिनुपरेको थियो।

केही दिनपछि उनको स्थानमा एक अन्तरिम नेता छनोट भइन्। यसको लागि एक अज्ञात निर्वाचन घोषणा गरियो। डिस्कर्ड अकाउन्टहरूबाट १० हजारभन्दा पनि कम मतले अन्तरिम नेता छनोट भइन्।

उपद्रोलाई पश्चिमा मिडियाले स्वेच्छाचारी सरकारविरुद्ध शान्तिपूर्ण र प्रजातान्त्रिक जनउभार भनी प्रचार गरे। तर, बाहिर आएका भिडियोहरू हेर्दा प्रदर्शनकारीहरूले अर्धस्वचालित राइफल बोकेर सहरभरि आगो सल्काउँदै हिँडेको देखिन्छ। सर्वत्र चर्चित एनिमी रिसिज 'वान पिस' को 'जोली रोजर' झन्डा बरोबर देखियो। फिलिपिन्स, इन्डोनेसिया र मेक्सिकोमा भएका पछिल्ला सरकारविरोधी 'जेनजी' विद्रोहमा पनि यही झन्डाको प्रयोग भएको थियो। चीन वा अमेरिकानिर रहेका यी देशलाई पनि ठूलो अन्तर्राष्ट्रिय भूराजनीतिक चेस बोर्डका महत्त्वपूर्ण गोटी देश मानिन्छ।

बाहिरिएको 'IRI' को दस्तावेजमा नेपालको विशेष महत्त्व उल्लेख छ। यसले नेपाललाई चीन र भारतबीच रहेको 'सामरिक महत्त्वको भूभाग' भनिएको छ। यसकारण, नेपाल वासिङ्टनको 'हिन्द-प्रशान्त' महत्त्वाकाङ्क्षाको लागि 'भित्री देश' बनेको दस्तावेजमा उल्लेख छ। चीनलाई वरिपरिबाट अस्थिर सरकारहरू र सैन्य अखडाहरूले घेर्नु नै अमेरिकाको 'हिन्द-प्रशान्त' महत्त्वाकाङ्क्षा हो। 'IRI' ले काठमाडौँका युवाहरूलाई 'नीतिगत हस्तक्षेपका लागि आफ्नो शक्ति प्रयोग गर्न' र 'राष्ट्रिय नीति निर्माण' लाई प्रभावित गर्न लिएको पहल एउटा दूरगामी कदम थियो। 'IRI' को चालू परियोजनाको 'म्याद नाघिसकेपछि' पनि असर गर्ने गरी तालिम सञ्चालन गरिएको थियो। तालिम सहभागीहरूले पछि गएर सडकमा तहसनहस ल्याएर मात्र पुग्दैनथ्यो। उनीहरूलाई पछि राजनीतिक दल स्थापना गर्ने र विभिन्न पदका लागि उम्मेदवारको रुपमा पनि तयार पारिएको थियो।

बाहिरिएका दस्तावेजले 'IRI' ले तथाकथित 'अत्ति भयो' (इनफ इज इनफ) आन्दोलनबाट प्रेरणा लिएको देखाउँछ। सरकारको कोभिड नीतिविरुद्ध सन् २०२० को गर्मी याममा नेपालमा यो आन्दोलन चलेको थियो। ती विरोध प्रदर्शनहरू हेरेपछि 'IRI' ले युवाविद्यार्थीले 'नेपाली राजनीतिलाई आकार दिन सक्ने र त्यसमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने' र सरकारबाट सहुलियत लिन सक्ने क्षमता देखेको थियो। 'IRI' युवाविद्यार्थीको त्यो क्षमतालाई 'दिगो पार्न' र त्यसबाट 'फाइदा उठाउन' उत्सुक थियो। यसकारण, 'IRI' ले देशका युवाहरूलाई 'अवसर र प्ल्याटफर्म' दिने निर्णय गर्‍यो। यसले 'अमेरिकाको समर्थनमा साझा चासोका मुद्दाको प्रभावकारी पैरवी गर्न र लोकतान्त्रिक परिवर्तनका सफल वाहक बन्न एउटा व्यापक, दिगो सञ्जालको विकास गर्ने' अवसर र प्ल्याटफर्म दिने निधो गर्‍यो।

'NED' को स्थापना सन् १९८३ मा भएको थियो। त्यस यता यो अमेरिकी संस्थाले विश्वभरि यसैखाले गतिविधिमार्फत विभिन्न सरकारलाई सत्ताच्यूत गर्नका लागि गोप्य रुपमा पैसा बाँड्दै आएको छ। यसका एक संस्थापकले खुलेरै धाक लगाएका थिए, "आज हामी जे गर्छौं यीमध्ये धेरै काम २५ वर्षअघि (अमेरिकी गुप्तचर निकाय) सिआइएले गुप्त रुपमा गर्थ्यो।" दस्तावेजहरूले काठमाडौँमा सेप्टेम्बरमा खेलिएको विध्वंसको खेल नेपालमा 'हिन्द-प्रशान्त रणनीति' अनुकूल राजनीतिक नेतृत्व हुर्काउने वासिङ्टनकै प्रयासको उत्कर्ष भएकोमा जोड दिन्छन्। पछिल्लोपल्ट भार चीन र रुसतर्फ ढल्किँदै गइरहेको पछिल्लो समय यो क्षेत्र आपसमा झन्झन् जोडिँदै गइरहेको छ। यसकारण, अमेरिकाले भूराजनीतिक रुपमा महत्त्वपूर्ण देश नेपालमा (आफूप्रति) अझ लचिलो सरकार स्थापना हुनुलाई निश्चय नै स्वागत गर्नेछ।

## 'अमेरिकाले पैरवी गरिरहेको सुधार' लाई बढावा दिँदै युवा अभियन्ता

नेपालमा 'IRI' का सबैभन्दा अहम परियोजनामध्ये एक थियो - 'युवा नेतृत्व : पारदर्शी नीति' कार्यक्रम। यो कार्यक्रम सन् २०२१ जुलाईदेखि सन् २०२२ जूनसम्म चलेको थियो। यसमा 'IRI' ले सुरुमा साढे ३ लाख डलर खर्च गरेको थियो। यो कार्यक्रममार्फत 'IRI' ले 'उदीयमान नेताहरूलाई युवा आन्दोलनलाई तीव्रतर पार्न र नेपाली राजनीतिका नीति निर्मातालाई दबाब दिन अवसरहरू बढाइदिने' लक्ष्य लिएको थियो - गुप्त दस्तावेजहरूमा उल्लेख छ। यो कार्यक्रमले ६०-७० जना नेपाली युवालाई 'लाभ' दिने अनुमान गरिएको थियो।

दस्तावेज भन्छ - नेपालमा 'युवा अभियन्ता र राजनीतिक नेताहरूको सञ्जाल' हुर्काइनेछ र तिनलाई 'सम्पर्कहरू बनाउन र आफ्ना पीडाहरू सार्वजनिक रुपमै राख्नका लागि सीप, स्रोत र मञ्च' प्रदान गरिनेछ। यसपछि उनीहरूलाई 'राजनीतिक उथलपुथल, सरकारको भ्रष्टाचार र राष्ट्रिय नीति निर्माणमा सार्वजनिक चासोका विषयको पैरवी गर्न' तालिम दिइनेछ। यसपछि, वासिङ्टनको चासोलाई 'पैरवी अभियान र विरोध प्रदर्शनहरू' बाट सम्बोधन गरिनेछ। सरकारलाई आफूहरूका मद्दामा बढी ध्यान दिन र अमेरिकाले पैरवी गरेको लोकतान्त्रिक सुधारलाई बढावा दिन भनिनेछ।

अमेरिकी 'मूल्यमान्यता' लाई 'अनुमोदन र पैरवी' गर्ने पर्याप्त नेपाली 'युवा नेताहरू' लाई हुर्काएपछि तिनलाई 'अमेरिकाको चासो सम्बोधन हुने नेपाली मुद्दामा समर्थन अभियान छेड्न' परिचालन गर्न सकिन्छ। आफ्नो परियोजनालाई सबल पार्न 'IRI' ले 'उदीयमान अगुवा एकेडेमी' ('ELA') नामक संस्था सञ्चालन गर्ने वाचन दियो। यो 'एकेडेमी युवा नागरिक अगुवा र राजनीतिक नेताहरूलाई सँगै ल्याउने र तिनलाई तिनका समुदायमा सकारात्मक परिवर्तन थाल्न चाहिने सीप, मञ्च र स्रोत उपलब्ध गराउने 'IRI' को कार्यक्रम हुनेछ।'

'IRI' ले श्रीलङ्का र इन्डोनेसियाजस्ता 'एसियाका अन्य देश' मा 'ELA' कार्यक्रम चलाइरहेको छ। ती कार्यक्रमले छनोट गरेका युवा अभियन्ताहरू 'आआफ्ना समुदाय र दलभित्र नेतृत्वदायी स्थानमा उक्लिन सफल' भएकोमा 'IRI' गर्व गर्छ।

'IRI' ले आफ्ना नेपाली 'ELA' तयार पार्नका लागि 'विशेषत: राजनीतिक तल, नागरिक समाज र मिडियालगायत विविध क्षेत्रका युवा सहभागीहरूबाट आवेदन माग्ने' प्रतिबद्धता जनायो। यी 'युवा नेताहरू' लाई 'भविष्यमा तिनका अभियान र विरोध प्रदर्शनहरूलाई प्रभावकारी र दिगो बनाउने सीप र ज्ञान' प्रदान गर्ने र यसले अमेरिकाले अनुमोदन गरेको राजनीतिक गतिविधिमा झन् बढी मानिस सहभागी हुन हौसिने प्रतिवेदनमा उल्लेख छ।

एकपल्ट उनीहरू दैनिक जीवनमा फर्केपछि 'IRI' ले 'तालिमेहरूलाई तिनका राजनीतिक दलहरूमा उच्च पदमा पुग्न उत्साहित र सहयोग दिनेछ'।

नेपालमा 'राष्ट्रिय नीति निर्माणमा आफ्नो कुरा स्थापित गर्न सक्ने युवा सञ्जाल' निर्माण गर्नेमा 'IRI' विश्वस्त छ। 'IRI' ले छनोट गरेका युवा उपध्याहाहरूले 'समर्थन अभियान र विरोध प्रदर्शनका सन्देश प्रभावकारी ढङ्गले प्रसार गर्ने विधि' सिक्नेछन् - दस्तावेज भन्छ। खासगरी 'सामाजिक सञ्जाल र अन्य वेबमा आधारित टुल वा उपकरण' प्रयोग गरेर प्रचारप्रसार गर्न सिकाइनेछ। दस्तावेजको अन्त्यमा 'IRI' भविष्यवाणी गर्छ - 'समर्थन अभियान र विरोध प्रदर्शनले परिणाममुखी हुने कुरा युवाहरूले झन्झन् बुझ्दै जानेछन् र यसमा सहभागी हुन उनीहरू झन् उत्सुक हुनेछन्'।

सन् २०२१ अगस्तमा 'IRI' ले एउटा स्थानीय 'युवा नागरिक शिक्षा परियोजना' का लागि ५ हजार डलर खर्च गर्न खोज्यो। यसका लागि उसले एक आन्तरिक अध्ययनको परिणामलाई तर्कको रुपमा अघि सारेको थियो। सो तथ्याङ्कअनुसार ९० प्रतिशत नेपाली युवा 'राजनीतिमा चासो राख्दैनन्'। ४० प्रतिशत नेपाली युवा छन्। यसकारण तिनलाई भावी नागरिक र राजनीतिक अगुवाको रुपमा तालिम दिनुलाई महत्त्वपूर्ण ठानियो। तिनलाई 'अमेरिकाको हिन्द-प्रशान्त रणनीतिका लागि महत्त्वपूर्ण हुने दिगो बलियो सङ्घीय राष्ट्रको विकासमा सहयोग गर्ने' तालिम दिनुपर्ने आवश्यकता बोध गरियो। यो लक्ष्यलाई टेवा दिन 'IRI' ले 'नागरिक समाज र राजनीतिक सम्पर्कहरूलाई प्रयोग गर्न आफू तम्तयार रहेको' मा फुर्ती गरेको छ। यी बजेट अनुमोदन भए/भएनन् भन्ने अज्ञात छ।

## अमेरिकाको 'सत्ता उल्ट्याने समूह' ले नेपाली युवालाई 'विरोध प्रदर्शन आयोजना गर्न' सिकायो

बाहिर चुहिएको अर्को एक दस्तावेजमा 'IRI' ले कसरी 'युवा सशक्तीकरण वर्कशपको तालिम दिने नियम पुस्तिका (गाइड) नै' विकास गर्‍यो भनी लेखिएको छ। 'युवा नेतृत्व : पारदर्शी नीति' र 'NED' को स्थानीय 'ELA' शाखाका उद्देश्य परिपूर्ति गर्न यो 'गाइड' तयार गरिएको थियो। देशभरिका युवा नेपालीहरूको ध्यान तान्न यी कार्यक्रम गरिएको थियो। 'सकारात्मक परिवर्तनका लागि राजनीतिमा आबद्ध भएका वा नभएका युवाको क्षमता बढाउन र तिनको नेतृत्व क्षमता विकास गर्न' यी कार्यक्रम गरिएको थियो। सहभागीहरूको 'वाक कला, रणनीतिक सन्देश आदानप्रदान, स्रोत परिचालन, समर्थन एवम् विरोध अभियानको व्यवस्थापन र प्रभावकारी सुशासन' क्षमता बढाउनका लागि यी कार्यक्रम गरिएको दस्तावेजमा उल्लेख छ।

वर्कशपका सहभागीहरूलाई युवा अभियन्ताहरूले कसरी विश्वभरि 'सामाजिक, आर्थिक र राजनीतिक बदलाव' ल्याएका थिए भनेर सिकाइयो। तिनलाई स्थानीय स्तरमा कसरी ती सफल आन्दोलनको नक्कल गर्ने भनेर 'टिप्स' दिइयो। साथै, तिनको 'नेतृत्व क्षमता' को निजी तवरले मूल्याङ्कन गर्दै 'परिवर्तनको नेतृत्व गर्न सक्ने सुसङ्गत, असल र प्रभावकारी नेता बन्न सहभागीहरूलाई उत्प्रेरित' गरिएको थियो। उनीहरूलाई 'युवा नेताहरूले कसरी विरोध प्रदर्शनमार्फत राजनीतिक बदलाव ल्याउन सक्छन्' भन्ने पाठसहित 'नेतृत्वको अभ्यास' गर्न उत्साहित पनि गरिएको थियो।

अन्तिम तरिका 'सार्वजनिक पद धारक' लाई 'जवाफदेही' बनाउन 'सहभागीहरूको ज्ञान र सीप बढाउने'। यसको लागि तालिमेहरूलाई 'तथ्य सङ्कलन गर्न, सम्बन्धित समुदायलाई पछ्याउन र अनलाइन अभियानमार्फत सार्वजनिक चासोका मुद्दा उठाउनका निम्ति आधुनिक प्रविधिको प्रयोग' गर्न सिकाइयो। 'IRI' को 'डिजिटल डिमोक्रेसी' मा कार्यरत प्राविधिकहरूले डिजिटल टूलहरूको प्रयोग गर्न सिकाए।

'IRI' को गोप्य पाठ्यक्रम अनुसार 'स्थानीय, प्रान्तीय र राष्ट्रिय' राजनीतिलाई प्रभावित गर्न 'विरोध प्रदर्शन र जुलुसको आयोजना गर्ने रणनीति र सीप' का पाठ पनि सिकाइन्छ। यसबीच, 'IRI' ले सन् २०२२ फेब्रुअरीदेखि अप्रिलसम्म ठूला युवा समूहहरू गठन गर्न काठमाडौँमा रहेको 'सल्युसन्स कन्सल्टेन्ट' को मद्दत लियो। 'राजनीतिक प्रक्रियामा भाग लिनबाट नेपाली युवाहरूलाई रोकिरहेका तगाराहरूको पहिचान र जाँचबुझ गर्न' सो संस्थाले 'IRI' लाई सघाएको थियो।

यसको लागि सो संस्थाले सातवटा फोकस समूह बनाउनुपर्थ्यो। 'प्रत्येक समूहमा ८-१० जना सशरीर सहभागी हुन्थे र अनलाइनमा ५-७ जना सहभागी हुन्थे। सुरुका सहभागी अनुपस्थित हुन सक्ने हुनाले विकल्पमा २-३ सहभागी राख्नुपर्थ्यो।' यो कार्यक्रमको खर्च ९ हजार १ सय ३५ डलर थियो। नेपाली 'युवा सशक्तीकरण' अपरेसनमा 'IRI' ले वार्षिक रुपमा गर्ने साढे ३ लाख डलर खर्च हेर्दा कार्यक्रमको खर्च नगन्य थियो। यसबाट स्थानीय स्तरमा कति धेरै सर्वेक्षण भयो होला भनी सहजै अनुमान लगाउन सकिन्छ। तर, यी कार्यक्रमबाट कति जना युवाको दिमाग भाँडिन्थ्यो भन्ने प्रस्ट छैन।

'IRI' का कर्मचारीहरूले 'फोकस समूहमा हुने छलफललाई टाढै बसेर हेर्न र प्रत्येक व्यक्तिका कुरा बुझ्न' चाहे। यसको लागि उनीहरूले 'सल्यूसन्स कन्सल्टेन्ट' सँग बैठकको भिडियो 'उच्च गुणस्तरको हुनुपर्ने', 'आवाज प्रस्ट सुनिनुपर्ने', 'बोलेका सबथोकको अङ्ग्रेजी लिप्यान्तरण गरिनुपर्ने' माग गरेको थियो। 'IRI' को माग थियो - 'प्रत्येक सहभागी वक्ता' लाई उसको 'नम्बर वा पहिलो नाम' बाट चिन्न सक्नुपर्छ, तिनका टिप्पणीहरूलाई 'तिनको उमेर, शैक्षिक स्तर, सहर वा पेशा' सँग जोड्न सक्नुपर्छ। सहभागीहरू '१८ देखि ३५ वर्ष उमेर समूहका थिए। प्रत्येक समूहमा युवायुवतीको सङ्ख्या प्राय: बराबर थियो'।

बाँकी पृष्ठ ८ मा

# निर्वाचन नयाँ जनादेशसँगै भ्रष्ट, फटाहाहरूलाई ठेगान लगाउने अवसर



रामप्रसाद प्रजापति

**निर्वाचन प्रतिनिधि छनोटको माध्यम**

आवधिक निर्वाचनलाई प्रजातन्त्रको सौदर्य मानिन्छ । तर, विश्वभरका विभिन्न प्रकारका निर्वाचन पद्धतिहरू प्रचलनमा छन् ।

सामान्यतया प्रत्यक्ष निर्वाचन प्रणाली अपनाएका देशहरूमा जनताले दिएको सामान्य बहुमत प्राप्त उम्मेदवारलाई निर्वाचित भएको मानी प्रतिनिधि छनौट गरिन्छ । सामान्य बहुमत प्राप्त उम्मेदवारको भन्दा अन्य पराजित भनिएका उम्मेदवारहरूको कुल मत बढी हुन सक्छ ।



उदाहरणको लागि १० जना उम्मेदवार निर्वाचनमा सहभागी हुँदा बढी मत ल्याउने उम्मेदवारले ११ प्रतिशतमात्रै मत ल्याएको छ । अरूले सोभन्दा घटी ल्याएको छ भने ११ प्रतिशत मतले बाँकी ८९ प्रतिशत जनतालाई शासन गर्ने देखियो । त्यसैले सामान्य बहुमतबाट निर्वाचित हुने प्रत्यक्ष निर्वाचन प्रणालीलाई सामान्यतया प्रजातान्त्रिक वा बहुमतको शासन व्यवस्था भन्न सकिन्न । तर, विश्वका अधिकांश देशहरूमा यहि निर्वाचन प्रणाली लागु गरिएको पाइन्छ ।

अर्को स्पष्ट बहुमत अर्थात् कुल खसेको मतको ५१ प्रतिशत मत प्राप्त उम्मेदवार निर्वाचित हुने प्रणाली संरा अमेरिकी राष्ट्रपतिको लागि हुने निर्वाचनमा लागु गरिने गरेको पाइन्छ । तर, संरा अमेरिकामा पनि अन्य जनप्रतिनिधिहरूले स्पष्ट बहुमत पाउनुपर्ने जरुरी छैन ।

अझ अमेरिकाको निर्वाचन प्रणालीको कुरा गर्दा त्यहाँ निर्वाचनमा मतदाताहरू निकै उदासीन देखिने गरेका प्रतिवेदनहरू सार्वजनिक हुने गरेको छ । संरा अमेरिकाको संसदीय निर्वाचनमा ५२ प्रतिशतमात्रै मतदाताले मतदान गर्ने गरेको देखिन्छ । ५२ प्रतिशत मतदाताले मतदान गर्ने अवस्थामा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारले कहिलेकाहीँ १८/१९ प्रतिशतमात्रै मत पाउने गरेको देखिन्छ । यस मानेमा संरा अमेरिकाको निर्वाचनलाई निकै थोरै मत पाउने ( पहिलो हुने निर्वाचित हुने भएकोले) प्रतिनिधिले बहुमत जनतालाई शासन गर्ने पघति मान्न सकिन्छ ।

तर चीनमा त्यस्तो अवस्था छैन । चीनमा सबै जनताले आफ्नो इलाका/क्षेत्रमा मतदान गरी आफ्नो प्रतिनिधि छनोट गरिन्छ ।

**नेपालमा निर्वाचनको सुरुआत**

नेपालमा पछिल्लो ३५ (पैत्तीस) वर्षमा पटक-पटक निर्वाचन भए । तर, ती आवधिक निर्वाचनबाट गठित व्यवस्थापिका संसद् होस् वा संसद्बाट निर्वाचित सरकारले तोकिएको आयु पूरा गरेको रेकर्ड राम्रो छैन ।

यस मानेमा नेपालमा आवधिक निर्वाचनलाई सफल मान्न सकिन्न या नेपालको लागि आवधिक निर्वाचनप्रति आम जनताको चेतनास्तरमा कमी महसुस गर्न सकिन्छ ।

त्यसैले नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गर्दै आएको पाइन्छ । चाहे त्यो २०१९ सालको पञ्चायती व्यवस्थामा भएको निर्वाचन होस् या बहुदलीय व्यवस्थामा भएका निर्वाचनहरू ।

राजा महेन्द्रले भगवतीप्रसाद सिंहको अध्यक्षतामा संविधान मस्यौदा समिति गठन गरेका थिए । सोही समितिले तयार गरेको मस्यौदालाई आधार मानेर २०१५ फागुन १ गते नयाँ संविधान जारी भयो ।

संविधानबमोजिम १०९ सदस्य रहने तल्लो सभा प्रतिनिधिसभाको निर्वाचन जनताबाट प्रत्यक्ष निर्वाचनको माध्यमबाट हुने भयो । माथिल्लो सभा महासभा भने प्रतिनिधिसभाबाट निर्वाचित आधा र राजाबाट मनोनीत आधा सङ्ख्या हुने व्यवस्था गरियो ।

संविधानबमोजिम प्रतिनिधिसभाको निर्वाचनका लागि २०१५ फागुन ७ गते आम चुनाव घोषणा गरियो । १०९ प्रतिनिधिसभा सदस्य पदका लागि भएको निर्वाचनमा ९ वटा राजनीतिक दलबाट ५१८ जना र स्वतन्त्र २६८ गरी कुल ७८६ जना उम्मेदवार चुनावी मैदानमा रहेको तथ्याङ्कबाट देखिन्छ ।

४२ लाख ४६ हजारभन्दा बढी मतदाताहरूमध्ये १९ लाख ८१ हजार मत खसेको बताइन्छ । जुन करिब ४२ प्रतिशत हुन्छ ।

नेपालको आमनिर्वाचनको इतिहासमा २०१५ सालको आमचुनावलाई पहिलो निर्वाचन मानिए तापनि यसअघि पनि नेपालमा निर्वाचनको अभ्यास भइसकेको देखिन्छ ।

श्री ३ पद्मशमशेरले नेपालमा पहिलो पटक निर्वाचन गराएको इतिहास छ । उनले २००४ सालको जेठ २९ गते काठमाडौँ म्युनिसिपालिटीको निर्वाचन गराएका थिए ।

त्यस्तै २०१० भदौ १७ गते पनि काठमाडौँ नगरपालिकामा पुन: निर्वाचन भएको बताइन्छ ।

त्यस्तै काठमाडौँ नगरपालिकाको निर्वाचनको केही समयपछि २००४ सालमै भक्तपुर र ललितपुर नगरपालिकामा पनि निर्वाचन गराएको बताइन्छ ।

२०१७ सालमा राजा महेन्द्रले शासनसत्ता आफ्नो हातमा लिई 'कु' गरेपछि गाउँ पञ्चायत गठनको प्रक्रिया सुरु भएको मानिन्छ ।

त्यसपछि राजा महेन्द्रले २०१८, २०१९ देखि गराउन थालिएको स्थानीय निर्वाचन पञ्चायतकालमा २०४३ सालसम्म जारी रह्यो ।

२०४६ सालको जनआन्दोलनपछि जारी भएको २०४७ सालको संविधानबमोजिम २०४८ सालमा आम निर्वाचन र २०४९ सालमा स्थानीय निर्वाचन भएको देखिन्छ ।

त्यसपछि २०५४ सालमा भएको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको पदावधि सकिएपछि राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएका कारण राजनीतिक दलहरूले स्थानीय निर्वाचन बहिष्कार गरी प्रतिगमनविरोधी आन्दोलनलाई निरन्तरता दिएका थिए ।

एकदलीय निरङ्कुश पञ्चायती व्यवस्थामा २०१९, २०२६, २०३५, २०३८ र २०४३ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचन भएको देखिन्छ भने २०१८, २०२८, २०३२, २०३८ र २०४२ सालमा स्थानीय पञ्चायतको निर्वाचन भएको देखिन्छ ।

२०६२/६३ को परिवर्तनपछि २०६४ र २०६९ सालमा संविधानसभाको निर्वाचन भएको र संविधानसभाले नै व्यवस्थापिका संसद्को काम गरेको देखिन्छ ।

त्यस अवधिमा स्थानीय तहको निर्वाचन गराउन विभिन्न राजनीतिक दलले माग गर्दै आए तापनि स्थानीय तहको निर्वाचन हुन सकेन । जसका कारण स्थानीय तहमा जनप्रतिनिधिमूलक हुन सकेन ।

जनप्रतिनिधिको अभावमा कर्मचारीहरूको भरमा करिब १४/१५ वर्ष स्थानीय तह निकै अन्योलग्रस्त रूपमा चल्यो ।

२०७२ असोज ३ गते नयाँ संविधान जारी भएपछि २०७३ जेठमा स्थानीय तहको निर्वाचन र २०७३ मङ्सिरमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको देखिन्छ ।

तत्पश्चात् २०७९ सालमा पुन: दोस्रो पटक स्थानीय तहको र प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचन भएपछि २०८२ साल भदौ २३ गते भएको युवाहरूको प्रदर्शनपछि भड्किएको आगजनी र विध्वंशपछि ओली सरकारले राजीनामा दिएको र प्रधानमन्त्री ओलीकै सहमति र सिफारिसमा राष्ट्रपतिले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्ति गरिएको छ ।

**फागुन २१ को आसन्न निर्वाचन**

प्रधानमन्त्री पदमा नियुक्ति भएका सुशीला कार्कीले पद तथा गोपनीयताको शपथसँग तत्काल २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको मितिसहित प्रतिनिधिसभा विघटन गर्ने सिफारिस गरेको र सोही दिन राष्ट्रपतिले प्रतिनिधिसभा (सङ्घीय संसद्) विघटन गरेको अवस्था छ ।

सोहीबमोजिम कार्की सरकारको आम निर्वाचनको मार्गमा अघि बढ्दै गरेको देखिन्छ ।

तर व्यापक जनता किसान र मजदुर रहेको नेपाली समाजमा आम निर्वाचनको उपादेयता र निर्वाचनमा उम्मेदवार वा राजनीतिक दल छनोट प्रक्रिया तथा चेतनास्तरको अभावमा जुनसुकै सरकारले गराउने निर्वाचनको परिणामबाट व्यक्ति परिवर्तन भए तापनि व्यवस्था र जनताको अवस्थामा कुनै परिवर्तन आउने आशा गर्न सकिन्न ।

हालसम्म भएका निर्वाचनमा जनताले आफ्नो राजनीतिक सुझबुझको प्रयोग गरी राजनीतिक दल तथा दलसँग सम्बन्धित उम्मेदवारको पक्षमा मतदान गरेको देखिन्न ।

अझ देशका कुनाकाप्चाको त के कुरा गर्नु, राजधानी काठमाडौँको विगतका निर्वाचन परिणामलाई अध्ययन गर्ने हो भने राजधानीका बासिन्दामा राजनीतिक चेतनास्तर निकै कमजोर भएको सहजै अनुमान गर्न सकिन्छ ।

आम निर्वाचनमा व्यक्ति, दल वा दलका उम्मेदवार तथा राजनीतिक दल र उनका उम्मेदवारले भन्ने भनाइ तथा घोषणापत्रमा लेख्ने झूटा आश्वासन महत्त्वपूर्ण कुरा होइन ।

महत्त्वपूर्ण कुरा त कुन राजनीतिक दलले कस्तो राजनीतिक विचार र सिद्धान्त बोकेको छ ? देशमा कस्तो राजनीतिक व्यवस्था स्थापना गर्ने उद्देश्यले दल दर्ता गराएको हो ? सो राजनीतिक दलले आफ्नो भनाइबमोजिमको व्यवहार (गराई) अर्थात् निर्वाचन घोषणापत्रको कार्यान्वयन गर्दै आएको छ या छैन ? ती माथीका सबै कुराहरू जनतालाई बुझाइ राजनीतिक रूपमा जनतालाई सचेत/शिक्षित बनाउने कार्यक्रम गर्दै आएको छ कि छैन ? भन्ने हो ।

तर, देशमा भएका आमनिर्वाचनमा पटक पटक बहुमत ल्याएर पटक पटक सरकारमा पुगेका राजनीतिक दलहरूले पनि आफ्नो राजनीतिक सिद्धान्त र विचारको बारेमा जनतालाई सचेत बनाउन निरन्तर कार्यक्रम गर्ने गरेको पाइँदैन । बरु, उल्टै निर्वाचनताका मासुभात, ससाना जागिर, प्रमोसन, लोभलालच, पदपैसामा लोभ्याउने, आफू इटर आस्था राख्ने मानिसहरूलाई डरत्रास, धाकधम्की देखाई, निर्वाचन आचारसंहिताविपरीत करोडौँ रुपैयाँ खर्च गर्नुका साथै साम, दाम, दण्ड, भेदको प्रयोग गरी जसरी पनि निर्वाचन जित्ने गरेको जगजाहेर छ ।

जनताको आँखामा त्यसरी पटक पटक धुलो छ्याप्दै, झूटो आश्वासन बाँड्दै निर्वाचन जित्ने गरेको र सरकार गठनमा पनि दलीय भागबन्डा र गुट हाबी भई देश र जनतालाई प्राथमिकतामा नराख्दा गत भदौमा भएको युवाहरूको प्रदर्शनले निर्लज्जतापूर्वक सत्ताच्युत हुनपरेको अवस्था देखिएको छ ।

**भ्रष्ट, फटाहाहरूलाई ठेगान लगाउन अवसर**

अझै पनि राजनीतिक दलहरूले आफूलाई सुधार नगर्ने हो भने युवाहरूको मात्र होइन, व्यापक किसान, मजदुरहरूले सरकारमा पटक पटक पुगेका भ्रष्ट नेताहरूलाई निर्वाचनको माध्यमबाट नभए सङ्घर्षको माध्यमबाट ठेगान लगाउने निश्चित छ ।

निर्वाचनलाई विभिन्न जातजाति, भाषाभाषीहरूबिचको मतभेदको रूपमा नभई वर्गीय सङ्घर्षको रूपमा उपयोग गर्नु जरुरी छ । अर्थात कुन राजनीतिक दलले देशको सार्वभौमसत्ता र भूअखण्डताको रक्षाको कुरा र व्यवहार प्रदर्शन गर्दै आएको छ ? कुन राजनीतिक दलले गरिब जनतालाई सत्तामा बहाली गराउन निर्वाचनमा भाग लिएको छ ? भन्ने सुझबुझका साथ आमनिर्वाचनलाई उपयोग गर्नु आजको आवश्यकता हो ।

राजनीतिक दललाई कुनै किसिमले प्रतिबन्ध लगाउन नपाउने, सबै राजनीतिक दलको हैसियत समान हुने संवैधानिक व्यवस्था रहेकोमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐनहरूमा गरिएको मतसीमा (थ्रेसहोल्ड) को व्यवस्था प्रजातान्त्रिक मूल्य मान्यताको विपरीत हुनुका साथै संरा अमेरिकामा जस्तो दुईदलीय तानाशाही व्यवस्था स्थापना गर्न खोजिएको प्रस्ट छ ।

त्यसको विरोधमा सम्पूर्ण न्यायप्रेमी जनता एकजुट भई आगामी निर्वाचनमा देशद्रोही, भ्रष्टाचारी, तस्करी, फटाहाहरूलाई परास्त गर्नु पर्दछ ।

२०८२ पुस ५

---

**नेपालमा...**

'IRI' ले घोषणा गऱ्यो, "यी युवा राजनीतिक नेता र अभियन्ता बन्नेछन् । यिनीहरू कुनै दलविशेषको युवा समूहमा मात्र सीमित रहनेछैनन् । बरु राजनीतिमा नलागेका अभियन्ता र नागरिक समाजमा पनि उनीहरू नै हुनेछन् । सार्वजनिक जीवनबाहिर पनि यी युवा हुनेछन् ।" 'IRI' ले आफ्नो प्रश्नको जवाफ लिन 'नागरिक समाजका अभियन्ता र राजनीतिक नेता' बिच पनि 'मुख्य सूचनादाता' खोज्यो । 'सल्युशन कन्सल्टेन्ट' लाई 'सम्भावित सूचनादाता' सँग सम्पर्क बनाउने जिम्मा दिइयो । यी 'सूचनादाता' लाई 'IRI' ले 'कुराकानी गर्ने र/वा थप सूचनादाताको नाम सुझाउने उद्देश्यले भर्ती गऱ्यो' ।

**राजतन्त्र फर्काउन बाटो खन्ने प्रयास**

'IRI' ले फोकस समूहमा हुने छलफलका सहजकर्ताहरूलाई सिधै निर्देशन दियो - उनीहरूले 'सहभागीहरूलाई खुलेर मनमा लागेका सबथोक बोल्न दिनुपर्छ र सहभागीहरूले 'आफ्नो सकारात्मक र नकारात्मक दुवैथरी टिप्पणीले राजनीतिमा पूर्ण रुपमा सहभागी हुनबाट युवाहरूलाई रोक्ने छेकबार के हो भनी बुझ्नमा योगदान पुग्नेछ भनी बुझेको हुनुपर्छ' । आफ्नो 'गाइड' को वर्णन गर्दै 'IRI' ले यसबाट 'हामीले चाहेको मुद्दा सम्बोधन होस् भनेर सहजकर्तालाई आवश्यक प्रश्न र विषयवस्तुसँग परिचित गराइने' लेख्छ ।

'IRI' ले छनोट गरेको विषयमा केन्द्रित हुँदासम्म सहजकर्ताहरू 'प्रश्नलाई जोड्न, प्रश्न बदल्न, काम नलाग्ने प्रश्न हटाउन र रोचक लाग्ने खालका प्रश्न थप्न स्वतन्त्र' थिए ।

अन्तिम प्रतिवेदनको शीर्षक थियो - 'नेपाली राजनीतिमा युवा सहभागिताको गुणात्मक अध्ययन' । यसले नेपालमा स्थानीय राजनीतिमा युवा सहभागिताका तगाराहरूको मसिनो विश्लेषण गरेको छ । बिब्ल्याँटो कुरा के छ भने धेरै उत्तरदाताले स्थापित राजनीतिक दलहरूले आफ्नै मुद्दा अघि बढाउने र युवाहरूलाई 'प्राय: दुरुपयोग गरेको वा लत्याएको' मा खिन्नता पोखेका थिए । २४ वर्षका एक अज्ञात युवाले नेपाली कांग्रेसले आवश्यक पर्दा काठमाडौँमा 'प्राय: युवाहरूलाई प्रदर्शनमा उतारेको' अनि पछि ती युवा र तिनका मुद्दालाई बेवास्ता गरेको बताए । दलहरूले यी प्रदर्शनकारीहरूलाई पैसा दिएरै हिंसा गर्न उक्साउने गरेको उत्तरदाताहरूले सङ्केत गरे ।

एक सहभागीले भने, "सरकारले नीति बनाउँछ र युवाले त्यसको विरोध गर्छन् ।" विपक्षी विवेकशील साझा पार्टीका एक अज्ञात उत्तरदाताले भने, "सक्षम युवाहरूलाई सार्थक राजनीतिबाट टाढा राखिन्छ र धेरै त युवालाई विरोध गर्न र दङ्गा भड्काउन प्रयोग गरिन्छ । विद्यमान सरकारविरुद्ध 'परम्परागत दल' को नीति यस्तै हुन्छ ।" एक सूचनादाताले दुखेसो पोखे, "युवा अभियन्ताहरूलाई सडकमा लड्न र नेताहरूको सुरक्षामा प्रयोग गरिन्छ तर देशको विकास कसरी गर्ने भन्ने विषयमा उनीहरूको कुरा सुनिँदैन ।" यही खेल केही वर्षपछि सडकमा छताछुल्ल भयो । सरकारी नीतिविरुद्ध युवा अभियन्ताहरूले आन्दोलन गरे र नेपाली राजनीतिमा आँधी ल्याए । 'जेनजी' आन्दोलनले नेपालको निर्वाचित सरकारलाई सत्ताच्यूत गऱ्यो । यो भाँडभैलोको झिल्को तिनै मुद्दाबाट बालिएको थियो जसबाट 'IRI' ले फाइदा लिन खोजेको थियो । तसर्थ, यो आन्दोलन अमेरिकी सरकारको हस्तक्षेपकारी अभियानबाटै जन्मेको त थिएन भन्ने प्रश्न उठ्नु जायज छ ।

सेप्टेम्बर १५ को 'न्यूयोर्क टाइम्स' को सम्पादकीयमा लेखियो - "सबै क्षेत्रका नेपालीहरू दसौँ वर्ष लडेर स्थापित गरेको व्यवस्थालाई खारेज गर्न तयार भए ।" उनीहरूलाई "अब के हुन्छ भन्ने कुराको हेक्का थिएन ।" यही रिक्ततामा नेपालमा राजसंस्था पुन:स्थापित गर्न लालायित शक्तिले मुन्टो उठाएको छ । गणतन्त्रवादी शक्तिहरूले दसकौँ लामो राजनीतिक प्रतिरोध गरेर अन्तत: सन् २००८ मा नेपालबाट राजसंस्थालाई सत्ताच्यूत गरेका थिए ।

'द टाइम्स' पत्रिकाले लेख्यो - आगजनी गर्नेहरूले संसद् भवन, पार्टी कार्यालयहरू, गृहमन्त्रीको घरलगायत 'राज्यसत्ताको सबैजसो मुकाम' लाई तारो बनाए । सैन्य संस्थान र पूर्वराजा ज्ञानेन्द्र शाहको दरबारलाई भने केही गरिएन । पूर्वराजाले 'जेनजी' विद्रोहप्रति समर्थन जनाए । विद्रोह भए यता सेनाले राजावादी व्यक्तिहरूलाई सबल बनाउन सक्रिय देखियो । आन्दोलनकारी नेताहरूसँगै भावी सरकारमा सामेल गराउन सेनाले राजावादीहरूलाई पनि बैठकमा बोलाएको थियो ।

'IRI' ले दिएको तालिमले नेपालको सेप्टेम्बर सत्तापलटमा योगदान दिएको हो भने अमेरिकाले आफूले भने जस्तो गर्ने नेतालाई सत्तासीन बनाउने बाटो साफ गर्दै जानेछ । त्यो नेताले अमेरिकाको साम्राज्यवादी स्वार्थ पूरा गर्नेछ । तर, इन्टरनेट-प्रेरित युवाहरूको विद्रोही भावना वा सुन्दर अराजकताको खोलले उसको सक्कली अनुहार लुकाइनेछ ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*

---

## समाज परिवर्तनको निम्ति युवाहरू जुट्नुपर्ने

भक्तपुर । नेपाल क्रान्तिकारी युवा सङ्घ ख:लाँ भेगीय समितिको आयोजनामा शनिबार युवा भेला भयो ।

नेक्रायुसङ्घ भजिसका उपाध्यक्ष एच.एस.सुवालले नेमकिपाले देश र जनताको निम्ति सडकदेखि सदनसम्म राख्दै आएको सान्दर्भिक विचार सरकारमा जाने दलहरूले नसुनेको हुनाले भदौ २३ र २४ को घटना घटेको बताउनुभयो । नयाँ पुस्ताले अग्रजहरूको अनुभवबाट सिकेर प्रविधि र आफूले आर्जन गरेको सीपको प्रयोग गरी समाज परिवर्तनको लागि जुट्न प्रेरित हुनुपर्ने भनाइ राख्दै उहाँले देशको सार्वभौमिकता र स्वाधीनता रक्षाका लागि एकजुट भई साम्राज्यवादी र विस्तारवादी शक्तिहरूविरुद्ध लड्न सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा ५ वडा एकाइ समितिका इन्चार्ज बलराम सिबञ्जारले युवाहरूमा छाएको राजनीतिक वितृष्णालाई चिर्दै पार्टीको नीति निर्देशनमा रही समाजमा उदाहरणीय काम गर्न कार्यकर्ताहरू सदा तत्पर रहनुपर्ने र भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन युवाहरूले योगदान गर्नुपर्ने भनाइ व्यक्त गर्नुभयो ।

नेक्रायुसङ्घ ५ वडा एकाइ समितिका अध्यक्ष लक्ष्मीनारायण त्वानाबासुले राजनीतिक र सामाजिक परिवर्तनमा युवा भूमिकाबारे बताउँदै समाजमा देखिएका विकृति विसङ्गतिविरुद्ध सक्रिय भई लाग्ने युवा नै वास्तविक अर्थमा युवा हो भन्नुभयो ।

नेक्रायुसङ्घ ख:लाँ भेगीय समितिका अध्यक्ष सर्जु फसिकवको सभापतित्वमा भएको उक्त भेलामा सचिव नविन सिंख्वालले पनि बोल्नुभयो । भेलाबाट सर्जु फसिकवको अध्यक्षतामा रहेको भेगीय समिति विघटन गरी गौरव तमखूको अध्यक्षतामा १२ सदस्यीय नयाँ कार्य समिति गठन गरियो ।

## नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता २०८२ सम्पन्न

# खेलकुद पूर्वाधार निर्माणमा सरकारले जोड दिनु आवश्यक



भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत भएको टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो-खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्डो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय् र बाघचाल खेल पुस १ गते सम्पन्न भई विजेता खेलाडीहरूलाई पुरस्कार वितरण कार्यक्रम भयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समापन र विजयी खेलाडीहरूलाई पदक तथा पुरस्कार वितरण कार्यक्रम सहिद स्मृति खेल मैदानमा सम्पन्न भएको थियो ।

समापन समारोहमा अतिथि सुवालले भलिबल नेपालको राष्ट्रिय खेल भएको र भलिबल खेलको लोकप्रियता बढ्दो क्रममा रहेको उल्लेख गर्दै उहाँले खेलकुद पूर्वाधार निर्माणमा सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले भलिबल खेलको विकासको निम्ति संसद्मा खेलकुद ऐनमा संशोधन पनि राखेको स्मरण गर्दै भन्नुभयो, "नेपालको राष्ट्रिय खेल भलिबलको अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार कभर्ड हल बनाउने र एसियाली स्तरको भलिबल प्रतियोगिता नेपालमै हुनसक्ने गरी कभर्ड हल निर्माणको लागि संशोधन प्रस्ताव राखेका थियौँ । संसद् विघटनको कारण अहिले विचाराधीन अवस्थामा रहेको र नयाँ संसद्ले अगाडि बढाउने विश्वास छ ।"

खेलकुदले नागरिकको व्यक्तित्व विकासमा मात्र नभई सामाजिक विकासमा टेवा पुऱ्याउने औँल्याउँदै उहाँले शासक दलहरूले समूहगत कार्यमा जोड नदिँदा भदौ २३ र २४ गते नेपालमा अकल्पनीय घटना घटेको बताउनुभयो ।

देशमा आएको विभिन्न परिवर्तनले देशले कुनै उपलब्धि हासिल गर्न नसकेको स्पष्ट पार्दै उहाँले प्रजग कोरियाको राजनीतिक नेतृत्वले टीम वर्कमा ध्यान दिएका कारण आज संसारका प्रतिस्पर्धी देशको तुलनामा अगाडि बढिरहेको बताउनुभयो ।

नयाँ पुस्ताले देशको राजनीतिबारे बुझ्न आवश्यक रहेको चर्चा गर्दै उहाँले युवा-विद्यार्थी भनेका देशका विकासका कर्णधार हुन् भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाले आयोजना गरेको खेलकुद प्रतियोगिताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा टेवा पुऱ्याइरहेको उल्लेख गर्दै खेलाडीहरूको आवश्यकता र मागबमोजिम नगरका विभिन्न ठाउँमा कभर्ड हल निर्माणमा जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुरमा व्यवस्थित खेलमैदान निर्माणको प्रक्रियालाई पनि अगाडि बढाउँदै लाने उल्लेख गर्दै उहाँले समाजलाई सभ्य र सुसंस्कृत बनाउने नगरपालिकाको उद्देश्य विस्तारै पुरा हुने क्रममा रहेको बताउनुभयो ।

वाग्मती प्रदेशका सभासद् सुजना सैंजूले देशको सार्वभौमिकता रक्षा गर्न र देश विकासको लागि १८ वर्ष उमेर पुगेका युवाहरूलाई सैनिक तालिम दिन आवश्यक भएको बताउनुभयो । विद्यार्थीहरूलाई विद्यालयस्तरबाटै खेलकुद क्षेत्रमा सक्रिय बनाउन सके उसले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो प्रतिभा देखाउने अवसर मिल्ने विश्वास दिलाउँदै उहाँले विद्यालय तहदेखि नै इमानदार नागरिक बन्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले स्वस्थ नागरिक तयार गर्ने उद्देश्यले भक्तपुर नपाले खेलकुद क्षेत्रलाई विशेष प्राथमिकतामा राखी लगानी गर्दै आएको उल्लेख गर्दै मानव शरीरलाई स्वस्थ बनाउन खेलकुदको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

समापन कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक तथा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले ८० वटा विद्यालयहरूको सहभागिता रहेको यस वर्षको प्रतियोगितामा १५ वटा खेलमा हजारौं खेलाडीबिच प्रतिस्पर्धा भएको बताउनुभयो । कार्यक्रममा राष्ट्रिय भलिबल खेलका प्रशिक्षक विनोदचरण रायले प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषणा गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सुवाल र अन्य अतिथिहरूले विभिन्न खेलमा उत्कृष्ट खेलाडी एवं विद्यालयहरूलाई पदक तथा प्रमाणपत्र वितरण गर्नुका साथै सहभागी विद्यालयहरूलाई खेलकुद सामग्री वितरण गर्नुभयो ।

# समाजवादी व्यवस्थामा नागरिकले समानता पाउने

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा र रोजगारमा समान अवसरले मात्रै महिला-पुरुषबिच व्यवहारमा पनि समानता हुने बताउनुभयो ।

भनपा वडा नं. २ छिकोङ महिला समूहद्वारा शनिबार आयोजित भेटघाट कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले समाजवादी व्यवस्थामा मात्र सबै नागरिकले समानता पाउने बताउनुभयो ।

भक्तपुर नगरवासीलाई स्वस्थ राख्न नगरपालिकाले वडा वडामा स्वास्थ्य शिविर सञ्चालन गरिरहेको बताउँदै उहाँले महिलाहरूले विभिन्न व्यक्तिहरूको जीवनी अध्ययन गरी आफूलाई हरेक क्षेत्रमा योग्य बनाउनुपर्छ भन्नुभयो ।

अग्रजहरूले गरेका जनताका सेवामुखी कामलाई वर्तमानमा निरन्तरता दिँदा भक्तपुर सफा, सुन्दर र कला-संस्कृति संरक्षित नगरको रूपमा विकास भइरहेको बताउँदै उहाँले अनुशासित नागरिकले मात्रै सफलता हासिल गर्नसक्छ भन्नुभयो ।

अभिभावकहरूले आ-आफ्ना सन्तानहरूबारे चासो राख्नुपर्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले नयाँ पुस्ता हाम्रा भविष्य हुन्, नयाँ पुस्ता बिग्रेमा देशकै भविष्य अन्धकार हुने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले शिक्षा र स्वास्थ्य जनताका आधारभूत आवश्यकता भएकोले भनपाले त्यसैलाई जोड दिइरहेको बताउँदै बाल-बच्चाहरूलाई अनुशासन र सदाचारिता सिकाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

भनपा वडा नं. २ का वडा सदस्य मञ्जु लाखाले सङ्गठनको महत्त्वमाथि प्रकाश पार्दै महिला हिंसा नजिकका नातेदारहरूबाट बढी भएको अभिलेखले सबै सचेत हुनुपर्छ भन्नुभयो ।

छिकोङ प्रशिक्षक मुना बासुकलाले व्यायामले विभिन्न रोगका बिरामीलाई सहज बनाएको प्रशिक्षार्थीहरूबाट सुन्न पाउँदा आफूलाई खुसी लागेको बताउँदै महिला र पुरुष दुवै व्यायाममा सहभागी भई स्वास्थ्य लाभ लिन आग्रह गर्नुभयो ।

छिकोङका प्रशिक्षार्थीहरूले व्यायामपछि आ-आफ्नो शरीरमा आएको परिवर्तनबारे जानकारी दिँदै छिकोङ मानव जीवनको लागि आवश्यक भएको बताउनुभएको थियो ।

# पुँजीवाद र समाजवादको भिन्नता बुझ्नुपर्छ



दैलेख । नेपाल मजदुर किसान पार्टी दुल्लु नपा १२ वडा समितिको आयोजनामा जोसेफ स्तालिनको १४७ औं जन्म जयन्तीको कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा दैलेखका अध्यक्ष जगत वलीले स्तालिनको जन्म जयन्ती दिवस मनाउनुको अर्थ हामीले पनि स्तालिनजस्तै समाजको स्थापना र जगेर्ना गर्ने शिक्षा सिक्नुपर्ने बताउँदै शत्रु र मित्र पहिचान गरी सोभियत सङ्घजस्तै समाजवाद स्थापनाका लागि सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

उहाँले काम गरेर खाने शोषितपीडित निमुखा जनतालाई पुँजीवादी व्यवस्थाले गरेको अन्यायको बारेमा जानकारी दिनुपर्ने उल्लेख गर्दै पुजीवादी पार्टीले काम गरेर खाने सोझा जनतालाई समाजवादको विषयमा नभनी स-साना स्वार्थमा फसाएर राज्य सत्तालाई सधैं आफ्नो बनाउने अवसरवादी नीतिका बारेमा जनतालाई बुझाउन जरुरी छ भन्नुभयो ।

जेन-जी आन्दोलनपछि देशमा आएको सरकार पनि पुँजीवादी र विदेशीहरूको इसारामा बनेको सरकार भएकोले जेन-जी आन्दोलनमा निधन हुनेहरूको बलिदान यत्तिकै भएको जानकारी उहाँले दिनुभयो ।

उहाँले कार्यकर्ताले निरन्तर गतिविधि गर्ने र नयाँ पुस्तालाई पार्टी र सङ्गठनको विषयमा जानकारी दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका अग्रज कार्यकर्ता काशिराम जैसीले २०४६ सालपछिको नेमकिपाको राजनीतिक सङ्घर्षका बारेमा बोल्नुभएको थियो ।

नेमकिपा दैलेखका सदस्यहरू मदन भण्डारी, वीरबहादुर भण्डारी, शिवराज दाहाल र नेक्राविसङ्घ दैलेखको २२ औं जिल्ला सम्मेलन तयारी समितिका संयोजक खेमराज दाहालले पनि बोल्नुभएको थियो ।

# देश समृद्ध र जनता सुखी बनाउन समाजवादी अर्थतन्त्र आवश्यक

अर्थतन्त्र मजबुत भयो भने मात्र देश विकास हुन्छ र जनताको जीवन सुखपूर्ण हुन्छ या भोक, रोग र शोकले मर्नु पर्दैन । देशलाई समृद्ध र जनतालाई सुखी बनाउन समाजवादी अर्थतन्त्रको आवश्यकता हुन्छ । जसरी भए पनि पार्टी ठूलो बनाउने र सरकारको नेतृत्व गर्ने चाहनाले देश समृद्ध बन्दैन । देश र जनता भुलेर देशको अर्थतन्त्र मजबुत हुँदैन । जहाँ बढी भ्रष्टाचार, कमिसनको खेल हुन्छ, अनियमितता हुन्छ; बिचौलिया र कालाबजारीहरूको चलखेल हुन्छ त्यहाँ विकास र आयस्रोतमा बाधा हुन्छ । भएको बजेट या आयस्रोतमा शासकहरूले आँखा गाडे भने देशको आयस्रोत बढ्दैन । जनताका आधारभूत आवश्यकता पूर्तिसँगै उत्पादित सामान देशवासीलाई छोडेर अरु निर्यात गर्न सके, देशका स्रोत र साधनको उचित प्रयोग भए राज्यस्रोत बढ्छ । यसले विकासमा टेवा पुऱ्याउँछ । वास्तवमा सरकारको ध्यान दलगत र व्यक्तिगतभन्दा देशको स्रोत बढाएर जनतालाई सुखी बनाउनेतर्फ जानुपर्ने हो ।

संविधानमा समाजवादउन्मुख व्यवस्थाको अवधारणा छ । गणतन्त्र घोषणासँगै व्यवस्था भएको सो अवधारणाअनुसार काम भएको छैन; सरकारले संविधानलाई राम्ररी कार्यान्वयन गरिरहेको छैन । संविधानको अवधारणा समाजवादउन्मुख भए पनि बन्दोबस्त सबै पुँजीवादउन्मुख छ । पुँजीपति, सामन्त, जालीफटाहाहरूको स्वार्थ हेर्ने पुँजीवादी व्यवस्थाले श्रमजीवीवर्गको सेवा गर्दैन; श्रमजीवीवर्गको श्रमको मूल्य पाउँदैन । हरेक दृष्टिकोणले श्रमजीवीवर्गमाथि शोषण, विभेद र पक्षपात गरेर देशको अर्थतन्त्रमा सुधार हुँदैन । कम्युनिस्ट पार्टीको नेतृत्वमा पटक-पटक सरकार बनिसकेको छ । यसअघि पनि कम्युनिस्ट पार्टीकै नेतृत्वमा शक्तिशाली सरकार बनेको थियो । सिङ्गो कम्युनिस्ट भनिने दलको नेतृत्वमा सरकार बन्दा न समाजवादउन्मुख संविधान लागू भयो न त त्यसको पूर्वाभ्यास नै गरियो । चाहे कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार बनेको होस्, चाहे प्रजातान्त्रिक भनिने दलको नेतृत्वमा कुनै पनि दलको सरकारले देश र जनतालाई माथि राखेर काम गर्न सकेन । अनि देशको अर्थतन्त्र कसरी सुधार हुन्छ ?

विकास निर्माणको नाममा कमिसन, चुहावट, अनियमितता र भ्रष्टाचार भएसम्म विकासलाई उचाइमा पुऱ्याउन सकिँदैन । देशमा उत्पादन नगरी भएभरको सामान विदेशबाट आयात गरेर देशको आयस्रोत कसरी बढ्छ ? स्वदेशी स्रोत विदेसिएपछि, अरुको भरमा बस्नु परेपछि त्यो देशले अरु देशसँग कसरी प्रतिस्पर्धा गर्न सक्छ ? सरकारले देशभित्रका स्रोत र साधन उपयोग गरेर उत्पादन बढाउनुपर्छ र रोजगारीको व्यवस्था गर्नुपर्छ । स्वदेशमै उत्पादन बढ्यो, काम-मामको व्यवस्था भयो भने देश र जनताको आयस्रोत बढ्छ । सरकारले डाँडामा ठुलठुला भ्यु टावरजस्ता अनुत्पादक वस्तुमा लगानी गरेर जनताका आधारभूत आवश्यकता कसरी आपूर्ति हुन्छ ? युवा श्रम शक्तिलाई विदेशतिर धकेल्ने नीति सरकारले तर्जुमा गर्नु हुँदैन । हरेक दिनजसो पत्रपत्रिकामा भ्रष्टाचार र अनियमितता गरेको, पदको दुरुपयोग गरी आयआर्जन गरेको र सोसम्बन्धी मुद्दा परेको खबर प्रकाशमा आइरहेको छ । जनताको सम्पत्तिबाट बनेको विकास र योजनामा चुहावट भएपछि आर्थिक विकास चुनौतीपूर्ण स्वाभाविक हो ।

शासकहरू गम्भीर नहुँदा या किंकर्तव्यविमूढ हुँदा देशमा सन्तुलित विकास भएन । भएको बजेट पनि राम्ररी सदुपयोग भएन या दुरुपयोग भयो । यो पनि सरकारकै कमजोरी हो । सरकारले समयमा बुद्धि नपुऱ्याउँदा र जनताको माग सम्बोधन नगरेकोले पनि देशको ठूलो सम्पत्ति ध्वस्त भएको हो । जेन-जी आन्दोलन अहिलेसम्मकै सबभन्दा बढी देशको सम्पत्ति ध्वस्त भएको आन्दोलनको रूपमा चिनेको छ । एकै दिन खर्बौं बराबरको भौतिक सम्पत्ति क्षति हुनु भनेको सामान्य होइन । यस्तो घटनाले देशको अर्थतन्त्रलाई ध्वस्त पार्ने काम गर्छ । त्यत्रो ठूलो क्षति भएको सम्पत्ति सरकारले कहिले आर्जन गर्नसक्ला ? देशको बजेटको झन्डै एकचौथाइ बराबरको सम्पत्ति नष्ट हुनु भनेको ठूलै क्षति हो । यसको दोषी या जिम्मेवार को ?

यसबाहेक भूकम्प, बाढी पहिरो र डुबानले पनि देशको सम्पत्ति र आयमा क्षति पुगेको यथार्थ हो । कोरोना, डेङ्गुजस्ता रोगव्याधि, रोगको प्रकोपले पनि देशको आयस्रोतमा बाधा पुऱ्याएको छ । उद्योग सञ्चालकहरू इमानदार नभएकाले उद्योग तथा कलकारखाना डुबेर आर्थिक सङ्कटमा परेको स्थिति छ । यस्तै यस्तै समस्याले नेपालको आर्थिक वृद्धिदर एकदमै नगण्य भएको हो । सरकारले पर्यटकहरूको आगमन बढाउने आकर्षक योजनाहरू बनाउन सकेको छैन । स्वदेशी विदेशी पर्यटकहरूको सङ्ख्या बढाएर पर्यटन उद्योगको विकास गर्न सके त्यो देशको एउटा आयस्रोतको केन्द्र बन्ने थियो । शासकहरू इमानदार, नि:स्वार्थी, देश र जनताप्रति जिम्मेवार, कर्तव्यनिष्ठ, दूरदर्शी र देशभक्त भएमा देश र जनताको सेवा गर्नु नै सरकार या शासकहरूको कर्तव्य हो भन्ने सम्झेमा, सम्झेर काम गरेमा, देश बनाउन सकिन्छ; देशलाई विश्वसामु चिनाउन सकिन्छ ।

# सीपमार्फत आत्मनिर्भर नागरिक तयार गर्न जरुरी

भक्तपुर । भ.न.पा.४ वडा कार्यालयको आयोजनामा बिहीबार लैङ्गिक हिंसाविरुद्धको सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

भनपाका उपप्रमुख रजनी जोशीले नयाँ पुस्तालाई संस्कार संस्कृतिबारे ज्ञान दिन भनपाले स्थानीय पाठ्यक्रम लागू गरेको बताउँदै स्थानीय उत्पादन बिक्री वितरणसम्बन्धी तालिम र सीपमार्फत आत्मनिर्भर नागरिक तयार पार्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

पुँजीवादी व्यवस्थामा हिंसाजन्य आपराधिक घटना तीव्र वृद्धि भएकोमा चिन्ता व्यक्त गर्दै महिला पुरुषबिच आर्थिक, सामाजिक तथा राजनीतिक समानताका लागि समाजवादी बन्दोबस्त अपरिहार्य भएको चर्चा गर्दै उपप्रमुख जोशीले शान्तान नगरसितको भगिनी सम्बन्ध नवीकरणबारे आफ्नो अनुभव सुनाउनुभयो ।

पूर्वकार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले महिला मात्र नभई पुरुष पनि हिंसाको शिकार हुने गरेको बताउँदै छोरीलाई सम्पत्तिभन्दा शिक्षा, दीक्षा अत्यावश्यक हुने र समाजमा विद्यमान जातभात, छुवाछूतजस्ता समस्या कुसंस्कार र अज्ञानताकै कारण व्याप्त रहेको चर्चा गर्नुभयो ।

भनपा ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ नगर समितिका सदस्य रञ्जना सुवाल, स्वास्थ्य उपसमिति सदस्य रामलक्ष्मी दुवाल, वडा नर्स विनिता प्रजापति, कानुन अध्ययनरत छात्रा जेशिका तुल्सी, स्वास्थ्य स्वयम्सेविका रोशनी हालेयोजोशीलगायतले लैङ्गिक हिंसाको अन्त्यका लागि प्रविधिको सही प्रयोगबारे बोल्नुभयो ।

# विद्यार्थीलाई दक्ष, देशभक्त र सुसंस्कृत बनाउनु जरुरी

भक्तपुर । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलमा अध्ययनरत कक्षा ६ र ७ का विद्यार्थीहरूको सृजनशीलताका साथै शैक्षिक प्रदर्शनी कार्यक्रम विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थी, शिक्षक-शिक्षिका र अभिभावकहरूको सहभागितामा बिहीबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले विद्यार्थीहरूको सृजनशीलताको विषयगत प्रदर्शनी विद्यार्थीको विचारको प्रदर्शनी भएको बताउनुभयो ।

उहाँले विद्यार्थीहरूले पढेलेखेका कुरा अरूलाई निर्धक्क भएर अन्तरक्रियात्मक ढङ्गबाट सहजै बुझाउन सक्ने भएको खण्डमा शिक्षकको सिकाइले विद्यार्थीहरूले सार्थकता पाउने स्पष्ट पार्नुभयो ।

उहाँले ६/७ कक्षाका विद्यार्थीलाई पर्याप्त निद्रा, पोषणयुक्त खाना र शारीरिक व्यायाम जरुरी हुने भएकोले विद्यालय र




अभिभावकहरू यसबारे सचेत हुनुपर्ने औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, “विद्यार्थीहरुलाई विषयवस्तुमा दक्ष बनाउनुको साथै देशभक्त र सुसंस्कृत बनाउन जरुरी छ ।”

विद्यालयको शैक्षिक प्रदर्शनी कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य लक्ष्मीभक्त बासुकला, प्राचार्य बदनकेशरी प्रजापति, साहित्यिक प्रशिक्षक दीनानाथ पौडेल, देवना जोशी र अनिता देशेमरुलगायतले बोल्नुभएको थियो ।

# स्तालिनको योगदान जनताले कहिल्यै नभुल्ने

कालीकोट । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरू स्तालिको १४७ औं स्थापना दिवसको अवसरमा आइतबार प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले नाजी फाँसीवादीहरूको आक्रमणबाट सोभियत सङ्घलाई बचाउन स्तालिनको अतुलनीय योगदान रहेको कारण नै सोभियत सङ्घमा समाजवादी व्यवस्थाले सफलता पाएको बताउनुभयो ।

स्तालिनको योगदानलाई कामदार जनताले कहिल्यै भुल्न नसकिने स्पष्ट पार्दै उहाँले भन्नुभयो, “प्रतिक्रियावादीहरूका हरकिसिमका जालझेलहरूबाट बच्ने उपाय स्तालिनको जीवन सङ्घर्षबाट सिक्न सकिने कुरा राख्नुभयो ।

केन्द्रीय सदस्य शाहीले भन्नुभयो, “साम्राज्यवादीहरूको षड्यन्त्रबाट पार्टीभित्रकै खराब तत्त्वहरूका कारण स्तालिनको हत्या गरिएको थियो । निर्वाचन जित्नकै लागि साम, दाम, दण्ड र भेद प्रयोग गरी जनताको मतलाई प्रभावित पार्ने संसद्वादी दलहरूको गतिविधिलाई जनताको बिचमा लिएर निर्वाचन पनि एक राजनैतिक सङ्घर्षको रूपमा लिई जनताको घर घर पुग्नु अहिलेको आवश्यकता हो ।”

पार्टी जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीले स्तालिनको योगदानलाई संसारभरका कामदार जनताले उच्च श्रद्धाका साथ स्मरण गरिरहने स्पष्ट पार्दै पार्टी कार्यकर्ताहरू सैद्धान्तिक रूपमा परिपक्व हुनु जरुरी छ भन्नुभयो ।

पार्टीले निर्वाचनलाई लेनिनवादी नीतिअनुरूप प्रयोग गरिराखेको हुँदा देश र जनताका सेवामा लाग्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका उपाध्यक्ष नरदीप शाही र पार्टी जिल्ला समितिका सचिव धनञ्जय अधिकारीले पनि बोल्नुभएको थियो ।

# विद्यार्थीहरूको मुटु परीक्षण शिविर सञ्चालन हुने

भक्तपुर । भक्तपुर नगरपालिकाले २०८२ पुस ८, ९, १० र ११ गते विद्यालयका बालबालिकाहरूको मुटु परीक्षण शिविर सञ्चालन गर्ने भएको छ ।

भक्तपुर नगरपालिकाको आयोजना र मित्र राष्ट्र चीनको युनानस्थित फुवाई युनान कार्डियो भास्कुलर अस्पतालमा कार्यरत विज्ञ चिकित्सकहरूको सहभागितामा भक्तपुर नपाभित्र सञ्चालित संस्थागत र सामुदायिक विद्यालयका शिशु कक्षादेखि कक्षा १० सम्मका विद्यार्थीहरूको मुटु परीक्षण शिविर सञ्चालन गर्ने विषयमा शुक्रबार प्रधानाध्यापकहरूको भेला भयो ।

भेलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा र स्वास्थ्य क्षेत्रमा भक्तपुर अहिले प्रगतिको मार्गमा अगाडि बढिरहेको छ भन्नुभयो ।

भक्तपुरका सामुदायिक र निजी विद्यालयहरू शैक्षिक गुणस्तरमा समान रूपमा अगाडि बढिरहेको बताउँदै उहाँले यहाँ अध्ययनरत प्रत्येक नागरिकहरूलाई स्वस्थ बनाउने उद्देश्यले स्वास्थ्य क्षेत्रलाई जोड दिँदै १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले भक्तपुर क्यान्सर अस्पताल सरकारीकरण भएसँगै जनताले सहज र सुलभ रूपमा क्यान्सर उपचार सेवा गर्न पाइरहेको बताउँदै भक्तपुर नपाले टोल टोलमा विभिन्न रोगको स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले जापान सरकारको प्राविधिक सहयोगमा श्वासप्रश्वास पुन:स्थापना केन्द्र पनि सञ्चालन गरिरहेको बताउँदै भक्तपुरलाई सहज र व्यवस्थित उपचार हुने र स्वस्थ नागरिक बसोबास गर्ने ठाउँ बनाउने सोच रहेको बताउनुभयो ।

ख्वप अस्पतालका छाती रोग विशेषज्ञ डा. अमर प्रजापतिले जन्मजात हृदय रोगलाई समयमै उपचार गर्न सके भविष्यमा मुटु रोगको जोखिम कम हुने बताउँदै बालबालिकाहरूमा देखिने मुटु रोगका लक्षणहरूलाई अभिभावकले संवेदनशीलताका साथ लिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले शिविरमा नगरभित्रका ३५ हजार ८८० जनाको हाराहारीमा विद्यार्थीहरूको सहभागिता रहने बताउँदै पुस १० गते सार्वजनिक बिदा भए पनि उक्त दिन मुटु परीक्षण शिविर सञ्चालन गरिने जानकारी गराउनुभयो ।

नगर शिक्षा शाखा प्रमुख साधुराम फुयालले शिक्षा र स्वास्थ्य एउटै सिक्काका दुई पाटा हुन् भन्दै बालबलिकाको मुटु परीक्षणले सम्भावित जोखिम न्यूनीकरणमा मद्दत पुग्ने बताउनुभयो ।

चीनको खुनमिङ चिकित्सा विश्वविद्यालयमा जनस्वास्थ्य विषय अध्ययनरत कृष्ण गरुले कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्दै मुटु परीक्षण गरिएका विद्यार्थीमध्ये मुटुमा गम्भीर समस्या देखिएकाहरूलाई नि:शुल्क उपचार गरिने बताउनुभयो ।

## कविता

# जनताले अब चिन्नैपर्नेहरू

✍ प्रतिष्ठा

*पालैपालो सरकारमा पुग्नेहरू*
*देशको विकास गर्न नसक्नेहरू*
*नि:शुल्क शिक्षा नदिनेहरू*
*उपचार सेवा पनि नदिनेहरू*
*देशभित्र काम दिँदै नदिनेहरू*
*कृषिप्रधान देश भन्नेहरू*
*दाल, चामल, तरकारी, फलफूल*
*सबै विदेशबाटै किन्नेहरू*
*देशलाई खबौँखर्ब रुपैयाँ*
*व्यापार घाटा पार्नेहरू*
*प्रजातन्त्रको कल्की लगाएकाहरू*
*खाँटी कम्युनिस्ट पार्टी भन्नेहरू*
*जनतालाई खबौं ऋण बोकाएर*
*भ्रष्टाचारमात्र गर्नेहरू*
*कठघरामा उभ्याउनुपर्नेहरू*
*फेरि सरकारमा पुग्न खोज्नेहरू*
*देशद्रोहीहरू, जनद्रोहीहरू*
*जनताले अब चिन्नैपर्नेहरू !*
*संसद् जल्यो, सिंहदरबार जल्यो*
*सर्वोच्च पनि जल्यो,*
*देशैभरि तोडफोड र आगजनी भयो,*
*जनताका दु:ख नबुझ्नेहरू*
*विध्वंसको पूर्वानुमान गर्न नसक्नेहरू*
*हेलिकप्टरबाटै भाग्नेहरू*
*घुस्यो को किन भन्न नसक्नेहरू*
*प्रधानमन्त्री र मन्त्री भएकाहरू*
*सत्ता के हो बुझ्न नसक्नेहरू*
*तिहुन चखुवाहरू*
*सरकारमा पुगेर*
*जनतालाई वास्ता नगर्नेहरू*
*पाको होस् या युवा*
*शोषक वर्गको सेवा गर्नेहरू*
*कठघरामा उभ्याउनुपर्नेहरू*
*सरकारमा फेरि जान खोज्नेहरू*
*देशद्रोहीहरू, जनद्रोहीहरू*
*हो, यिनीहरू नै हुन्*
*जनताले अब चिन्नैपर्नेहरू*

*२०८२ पुस १ गते*

## कविता

# प्रगतिशील गीत

✍ *राजेश्वर देवकोटा*

आई गयो भारतीय पल्टन, नेपालको सीमा
जनता ठग्नका लागि, भन्छन् गरौँ बीमा ।
कसैलाई ब्रह्मलुट भयो, कोही भोकभोकै मरी
कार्यकर्ता पालेका छन्, केही कनिका छरी ।
संसद् हल नै खाली गरी, हाजिर गरी भाग्ने
त्यस्तो विचार भएकाले, मत नै किन माग्ने ।
जाउ कमाउ विदेशी डलर, स्वदेश किन आउने ?
चुनावमा पैसा बाँड्न, घर-घर किन धाउने ?
जिल्ला भाँड्ने कार्यकर्ता, केन्द्र भाँड्ने नेता
जनता बलिका बोका, न यता न उता ।
कसैका आडभरि गोली, कसैका महल
खान्दानका शासकहरू, गर्दैनन् पहल ।
लोकसेवा नाममात्र भयो, आफ्नै मान्छे भर्ती
विदेशी डलरमा भुल्ने, कस्ता नेता स्वार्थी ।
शिक्षामा माफियातन्त्र, सच्चाको भाउ है नाइँ
कति दिन रहने होला नउठी सुखै नाइँ ।
सत्ता हाँक्ने शासक दलले, खानसम्म खाए
परिणाम त निस्किहाल्यो, घर सब जलाइ पाएँ ।

# घरेलु उत्पादन प्रवर्द्धन मेला सम्पन्न




भक्तपुर । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा उद्योग वाणिज्य कार्यालय र गो लोकलको सहकार्यमा भक्तपुरको संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनको लागि बिहीबारदेखि सुरु भएको तीनदिने घरेलु उत्पादन मेला शनिबार सम्पन्न भयो ।

न:पुखु परिसरमा सञ्चालित तीनदिने घरेलु उत्पादन मेलाको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा उहाँले घरेलु उद्योगहरूले देशका धेरै युवाहरूलाई रोजगारी प्रदान गरिरहेको बताउँदै हाम्रा उत्पादनहरू विश्व बजारमा पुऱ्याउन सङ्घ र प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर धेरै घरेलु उत्पादन हुने ठाउँ हो भन्दै उहाँले भक्तपुरमा ससाना मेला तथा उत्सवहरू समय समयमा भइरहको बताउनुभयो ।

भक्तपुरको घरेलु उत्पादनको प्रयोग र खरिदमा जनतालाई उत्साहित गर्दै आएको उल्लेख गर्दै उहाँले नगरपालिकाले युवा लक्षित सीपमूलक तालिम सञ्चालन र युवा उद्यमशील ऋणको व्यवस्था गर्दै आएको बताउनुभयो ।

उहाँले घरेलु उद्योगहरूलाई सक्दो सहज ऋणको व्यवस्था गर्नु उपयुक्त हुने बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले तीनदिने घरेलु मेला सफलताको शुभकामना दिँदै घरेलु उद्योगले स्थानीय उत्पादन प्रवर्द्धन गर्नुका साथै देशको आर्थिक विकासमा पनि महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका उपाध्यक्ष चन्दनकृष्ण श्रेष्ठले उद्यमीहरूको उद्यम प्रवर्द्धनमा उद्यमीहरू नै सङ्गठित हुनुपर्ने बताउँदै स्थानीय सरकारको साथ र सहयोगले मात्र भक्तपुर घरेलु उद्योगहरू सञ्चालनमा सहजता मिल्ने बताउनुभयो ।

उक्त कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख रामप्रसाद कुस्मा, गो लोकका संयोजक वीरेन्द्र जति, पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष सुन्दर शिल्पकार, महिला उद्यमी समितिका अध्यक्ष कमलश्वरी खर्बुजाले पनि बोल्नुभएको थियो ।

मेलामा जुजु धौ, भादगाउँले टोपी, ख्वप बजी, घरबुना कपडा, काष्ठकला, हस्तकला, धातुकला, प्रस्तर कला, माटाका भाँडाहरू, कृषि उत्पादनहरू, तोरीको तेल, नेपाली अचार, पाउँका प्रकारहरू, नर्सरी तथा अन्य थुप्रै घरेलु उत्पादनहरूका साथै नेवारी खाजाका परिवार र च्याउका परिकारहरू राखिएको आयोजकले जनाएको छ ।

# वर्गीय समाजमा वर्गसङ्घर्ष स्वाभाविक

कैलाली । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्किचुहा न.पा. वडा नं.५ तिलकपुर एकाइ समितिको आयोजनामा नेक्राविसङ्घको स्थापना दिवसको अवसरमा बुधबार प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले समाजमा वर्गमा विभाजित भएसम्म वर्गसङ्घर्ष चालु रहने बताउनुभयो ।

समाजवाद र पुँजीवादबिचको फरकबारे जनतालाई सचेत गर्नु अहिलेको आवश्यकता भएको उहाँले बताउनुभयो ।

# शाननान नगरपालिकाको सहकारी अभ्यासबाट केही सिक्ने कि ?

✍ रवीन्द्र ज्याख्व

नेपालमा अहिले जनस्तरमा सहकारी अभियानले व्यापकता पाएको छ । कम आयस्रोत भएका गरिब जनताले मासिक वा निश्चित अवधिमा थोरै थोरै रकम जम्मा गरी आफूलाई आवश्यकता पर्दा वा पारिवारिक, सामाजिक वा सांस्कृतिक जिम्मेवारी पूरा गर्न एकमुष्ट रकम झिक्न वा आवश्यकताअनुसार ऋण प्राप्त गर्न सहज माध्यम सहकारी बनेको छ । बालबालिका, महिला, ज्येष्ठ नागरिक र व्यवसायीहरूले समेत आर्थिक कारोबारका लागि सजिलो र आत्मीय संस्थाको रूपमा स्थानीय सहकारीहरूलाई लिन थालेको देखिन्छ ।

तर, यससँगै सहकारी संस्थाहरूका आर्थिक क्रियाकलापहरू पारदर्शी नभएको, बचतकर्ताहरूको रकम सञ्चालकहरूले हिनामिना गरेको, सहकारी संस्थाहरू नै बन्द गरी सञ्चालकहरूले ठगी गरेको जस्ता समाचारहरू पनि दैनिकजसो आइरहेका छन् । विद्यमान सहकारी ऐन नियमहरूमा रहेका कानुनी छिद्रहरू ( Loop holes) बाट फाइदा उठाउँदै सहकारी सञ्चालकहरूले बचतकर्ताहरूको करोडौँ रकम ठगी गरेर भागेका छन् । सहकारी संस्थाहरूले बचत र ऋणको मात्र कार्य गर्दा जनताले बैङ्क र सहकारी संस्थामा फरक देख्न छाडेको यथार्थ हो । नेपाली सहकारी संस्थाहरूले के साँच्चिकै सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तअनुसार काम गरिरहेका छन् त ? 'एकका लागि सबै र सबैका लागि एक,' यही नै सहकारी सिद्धान्त हो भन्ने सर्वसाधारणको बुझाइ हो । तर, नेपालमा सबैको बचत एकले बोकेर भाग्ने र तिनैले राजनैतिक आवरणमा संरक्षण पाउने विकृति बढेको छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'चिनियाँ जनकम्युन' पुस्तकमा सहकारी सिद्धान्त र चिनियाँ अभ्यासबारे सरल भाषामा लेख्नुभएको छ । उहाँले उत्पादनसँग जोडिएको सहकारी अभ्यासको उदाहरणसहित व्याख्या गर्नुभएको छ । समाजवादी राज्य व्यवस्थामा सहकारी संस्थालाई बचत र ऋण कारोबारमा सीमित गरिँदैन, बरु सहकारीमार्फत उत्पादन कार्य अघि बढाउँदै जनताको समग्र आर्थिक-सामाजिक प्रगतिमा योगदान गरिन्छ । त्यसैले सहकारी सदस्यहरू आफैँ कामदार र आफैँ मालिक हुन्छन् । सबै सदस्यहरू आर्थिक प्रगतिको प्रत्यक्ष हकदार बन्छन् ।

भक्तपुर नगरपालिकासँग भगिनी सम्बन्ध स्थापित जनवादी गणतन्त्र चीनको सिचाङ्ग स्वशासित क्षेत्र (तिब्बत) को शाननान नगरपालिकाका विभिन्न सहकारी संस्थाहरूको अवलोकन भ्रमण गर्दा त्यहाँको सहकारी अभ्यासका असल गुणहरू नेपाली समाजको लागि उपयुक्त हुने अपेक्षा गर्न सकिन्छ । यस लेखमा केही अभ्यासहरूको चर्चा गरिएको छ ।

**पहिलो उदाहरण : याङ्गा सुनौलो टोपी उत्पादन सहकारी**

शाननान नगरपालिकाको झानाङ्ग काउन्टी (Zhanang County) मा स्थानीय युवाहरूको सक्रियतामा याङ्गा सुनौलो टोपी उत्पादन सहकारी संस्था ( Yangga Golden Hat Cooperative) सञ्चालन गरिएको छ । सन् २०१३ मा स्थानीय ८ जना युवाले परम्परागत टोपी र पोशाक निर्माण गर्ने उद्देश्यले स्थानीय पालिकामा सहकारी दर्ता गरेका रहेछन् । पालिकाको सबैभन्दा सानो एकाइलाई गाउँ भनिन्छ (नेपालमा वडा भनेजस्तै) । गाउँले सहकारी सञ्चालनको लागि जग्गा र त्यसमा भौतिक पूर्वाधार निर्माणमा सहयोग गरेको छ भने उक्त संरचनामा सहकारी सदस्यहरूले थोरै लगानी गरी मेसिन, कच्चा पदार्थलगायत जोरजाम गरेका छन् । न्याउरी मुसोजस्तै देखिने पुच्छरमा बाक्लो भुवा भएको जनावर (नेपालीमा लोखर्के भनिँदो रहेछ) स्क्वीरलको पुच्छर र छालाबाट विभिन्न आकार प्रकारका परम्परागत टोपी सिउँछन् । टोपीको बजारीकरणका लागि स्थानीय पालिकाले सहजीकरण गर्छ । टोपी सिउने सुनौलो धागो नेपालबाट आयात गरिँदो रहेछ । सहकारीबाट उत्पादित सुनौलो टोपी शाननान र ल्हासामा मात्र नभई चीनको मुख्य भूमि तथा नेपाल र भारतमा समेत बेच्ने गरेको सहकारी सदस्यहरूको भनाइ रह्यो । परम्परागत सामग्री र शैलीबाट निर्माण गरिएका पोशाक र टोपीको स्थानीय समुदायमा अत्यन्त माग भएको र हाल ५४ जना स्थानीय युवाहरू सहकारी सदस्य भई प्रत्यक्ष रोजगारीमा लागेको जानकारी दिइएको छ । सहकारीबाट प्राप्त नाफा सहकारी सदस्यहरूबिच बाँडिने वा पुन: पूजीकृत गर्ने उनीहरूको भनाइ छ । सहकारी संस्था अत्यन्त व्यवस्थित रूपमा चलाउनुका साथै उत्पादन पनि गुणस्तरीय रहेको बताइन्छ ।



**दोस्रो उदाहरण : काष्ठकला सहकारी**

झानाङ्ग काउन्टीमै काष्ठकला उत्पादन गर्ने सहकारी छ । लहरे पिपलको काठलाई लामो समय भण्डारण गरी उत्पादन गर्ने काष्ठकला अत्यन्त आकर्षक र बुट्टेदार रहेछन् । काठ वा धातुको मुङ्ग्रो (Hammer) प्रयोग नगरी हाते ज्यावलबाटै बुट्टा कोरेर बनाउने काष्ठकला उत्पादन भक्तपुरको काष्ठकलाभन्दा भिन्न देखिन्छन् । काष्ठकला उद्योगका राष्ट्रिय कलाकार पाईमा झातुई (Bai Ma Zhadui) को रेखदेख र प्रशिक्षणमा उक्त सहकारी सञ्चालित छ । स्थानीय युवाहरूले उक्त सहकारीमा बुट्टेदार काष्ठकला तथा आकर्षक फर्निचरहरू बनाउँछन् । ती उत्पादनहरू स्थानीय बजारमा मात्र नभई चीनभरि नै बिक्री वितरण गरिने उनीहरूको भनाइ छ । सहकारीमा काम गर्ने कर्मीहरूले पारिश्रमिक पनि पाउँछन् भने उत्पादन बिक्रीबाट भएको नाफा रकम पनि आपसमा समानुपातिक ढङ्गले बाँडिदो रहेछ । यसलाई सहकारीको उत्कृष्ट अभ्यास मान्न सकिन्छ ।



हातैले बुट्टा कुँद्दै कलाकार



राष्ट्रिय कलाकार पाईमा झातुई



उत्कृष्ट काष्ठकला

**तेस्रो उदाहरण : होचा स्याउ बगान**

ल्हासा सहरबाट शाननान जाने बाटोमा समुद्री सतहभन्दा ३७५० मिटर उचाइमा होचा स्याउ बगान (Dwarf apple farm) छ । होचो उचाइका रातो र धेरै फल्ने स्याउको बोटले भरिएको बगान अत्यन्त आकर्षक तथा संसारकै सबैभन्दा उचाइमा फल्ने स्याउ भएकोले चीनको मुख्य भूमि र विदेशमा समेत धेरै माग भएको र स्याउको ब्रान्ड नै ३७५० राखिएको छ । त्यहाँ स्याउसँगै स्याउभन्दा ठुला आरुहरूको बगान पनि छ । आरु स्याउजस्तै मिठो र रसिलो रहेछ । स्याउ बगानमा सिँचाइको लागि ठुलो आकारको कृत्रिम पोखरी निर्माण गरिएको छ । १० वर्षअगाडि १५० रोपनीमा सुरु गरिएको स्याउ खेती अहिले ८०० जना जनशक्तिका साथ १५०० रोपनीमा फैलिएको छ । ६० प्रतिशत चिनियाँ सरकारको र ४० प्रतिशत स्थानीयको लगानीमा सञ्चालित उक्त स्याउ बगानमा प्रत्येक बोटबाट लगभग १५ किलो स्याउ उत्पादन हुने जानकारी दिइएको छ ।

**चौथो उदाहरण : अङ्गुर खेती**

साङ्ग्री गाउँ नजिकैको खोलाको बगरमा अङ्गुर खेती र फाभु रक्सी उद्योग (Pazhu Wine Industry) सञ्चालन गरिएको छ । शाननान सहरबाट आधा घण्टाको बस यात्रापछि साङ्ग्री अङ्गुर खेती पुगिन्छ । यसलाई संसारकै अग्लो ठाउँमा अङ्गुर खेती गरिएको भनी गिनिज बुक अफ वर्ल्ड रेकर्डमा अभिलेखीकरण गरिएको छ । १० हजार रोपनी बगरमा गरिएको अङ्गुर खेती अत्यन्त आकर्षक छ र अङ्गुर उत्पादन पनि प्रशस्तै हुनेरहेछ । विशुद्ध प्राङ्गारिक मलको प्रयोग गरिने उक्त खेतीमा दैनिक दुई सय जना कामदार कार्यरत रहेको जानकारी दिइएको छ । जग्गासहित सरकारको ४० प्रतिशत र स्थानीय जनताको ६० प्रतिशत लगानीमा सुरु गरिएको अङ्गुर खेतीको सुरुवाती लगानी ८० लाख चिनियाँ मुद्रा (RMB) थियो । त्यहाँ उत्पादित अङ्गुर बजारमा फलफूलको रूपमा पनि बिक्री गरिन्छ भने आफ्नै लगानीमा खुलेको फाभु रक्सी उद्योगमा पनि कच्चा पदार्थको रूपमा प्रयोग गरिन्छ । उक्त उद्योग अङ्गुर खेतीबाट अलिकति मात्र दूरीमा छ । ठुलो आकारमा सञ्चालित उद्योगबाट उत्पादित थरीथरीको स्वाद र ब्रान्डका अङ्गुरको वाइन चीनका विभिन्न स्थानमा बिक्री गरिन्छ ।

**पाँचौँ उदाहरण : हरितगृह कृषि उत्पादन केन्द्र**

शाननान सहरबाट उत्तरपूर्वमा पर्ने छोङ्गयाई काउन्टीमा करिब ९०० रोपनी क्षेत्रफलमा प्राङ्गारिक आधुनिक हरितगृह कृषि उत्पादन केन्द्र (Vegetable Basket based in Qonggyai County) सञ्चालन गरिएको छ । कृषिमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरिएको उक्त केन्द्रमा उमेरले ४० वर्ष नकटेका युवाहरू सक्रिय देखिन्छन् । केन्द्रमा स्थानीय सरकारले जग्गासँगै हरितगृह निर्माणको सम्पूर्ण व्यवस्था गरेको छ भने त्यसभित्रको खेतीमा लगानी स्थानीय युवाहरूले गरेका छन् । विभिन्न किसिमका गोलभैँडा, सानो काँक्रो, खर्बुजा र हरियो तरकारी प्रशस्त उत्पादन गरिएका छन् । बोट बिरुवा रहेको क्षेत्रबाहेक सबैतिर प्लास्टिकले माटो छोपेको देख्दा केही साथीहरूले जिज्ञासा पनि राखे । प्लास्टिकले छोप्दा अनावश्यक घाँस आउनबाट रोक्ने त हो नै, साथै माटोको गुणस्तर वृद्धि हुने पनि जवाफ प्राप्त भयो । यो वर्ष बाली लगाइएको माटोमा अर्को वर्ष प्राङ्गारिक मल मिसाएर प्लास्टिकले छोप्ने र अघिल्लो वर्ष प्लास्टिकले छोपिएको माटोमा बाली लगाउने रहेछ । बाली लगाउनुपूर्व ट्र्याक्टरले जोत्न पनि परेन, गोडमेल पनि धेरै गर्न परेन । साथै हरेक बोटमा पाइपमार्फत थोपा सिँचाइ गर्ने प्रबन्ध मिलाइएको छ । यसले गर्दा उत्पादन ह्वात्तै बढेको स्थानीय युवाको भनाइ छ ।

हरितगृह प्रविधिमार्फत गर्मी ठाउँमा मात्र फल्ने खर्बुजा पनि तिब्बतको सुख्खा र चिसो ठाउँमा राम्रैसँग फलाइएको छ । त्यसमाथि जमिनमा लहरा जाने खर्बुजाको बोटलाई थाक्रो दिएर फलाइएको र प्रत्येक खर्बुजालाई प्लास्टिकको जाली झोलाको माध्यमबाट झुन्ड्याइएको अनौठो दृश्य देख्न पाइन्छ । यसो गर्दा खर्बुजाको सबै भागमा प्रकाश परेर सबै भाग हरियो र सुन्दर देखिने तर्क रहेछ ।

तिब्बतलाई खाद्यान्न, तरकारी र फलफूलमा आत्मनिर्भर बनाउने र स्थानीय युवाहरूलाई आफ्नै ठाउँमा रोजगारी सिर्जना गर्ने सरकारी नीतिअनुसार हरेक क्षेत्रमा युवा क्रियाशीलता बढाइएको देखिन्छ ।

**उत्पादनलाई पर्यटनसँग जोड्ने अभ्यास**

सहकारीमार्फत स्थानीय जनताको प्रत्यक्ष सहभागितामा उत्पादन गरिएका क्षेत्रहरूलाई चीनकै विभिन्न प्रान्तका जनतालाई आकर्षित गर्ने आन्तरिक पर्यटन प्रवर्द्धन कार्यसँग जोडिएको देखिन्छ । जस्तै:- स्याउ वा अङ्गुर टिप्ने सिजनमा विद्यार्थी, युवा, कर्मचारीलगायत चिनियाँ जनतालाई मेलाको रूपमा आमन्त्रण गर्ने, उनीहरूले फलफूल टिप्दै रमाइलो गर्ने, सित्तैमा पेटभरि फलफूल खान पाइने र दिनभरि टिपेको फलफूल त्यही छोड्ने गज्जबको तरिका अपनाइएको रहेछ ।

फलफूल टिप्ने मेला, साग लगाउने मेला र खेत जोत्ने मेला सुन्दै रमाइलो लाग्ने । नयाँ पुस्तालाई खेती किसानीप्रति आकर्षित गर्ने र सीप हस्तान्तरण गर्ने नौलो अभ्यास । यसले आन्तरिक पर्यटन प्रवर्द्धन पनि हुनेरहेछ ।

**छैठौँ उदाहरण : होमस्टे**

पाको उमेरका ज्येष्ठ नागरिक तथा महिलाहरूको ७८ घर परिवारले सहकारीमार्फत होमस्टे सञ्चालन गरेका रहेछन् । स्थानीय खाद्य परिकारहरूको स्वाद चाख्न पाइने, स्थानीय परम्परागत सांस्कृतिक प्रदर्शनीहरू अवलोकन गर्न पाइने र घरेलु वातावरणमा समय बिताउन पाइने व्यवस्थासहितको होमस्टे चलाइएको देखिन्छ । पर्यटकहरूलाई पालैपालो सहकारी सदस्यहरूको घरमा बस्ने व्यवस्था गर्ने र प्राप्त आम्दानी सबै सदस्यहरूबिच समानुपातिक रूपमा वितरण गरिने राम्रो अभ्यास थालनी गरिएको छ ।




**उपसंहार**

नेपालमा पनि केही विशिष्टीकृत सहकारी संस्थाहरू उत्पादन र सेवामा लागेका छन् तर अपवादबाहेक ती सहकारी संस्थाहरूले निर्धारित कार्यक्षेत्रलाई निरन्तरता दिन नसकेर बचत तथा ऋण सङ्कलन कार्यमा लागिरहेका छन् । सरकारले सहकारी संस्थाहरूलाई हेर्ने दृष्टिकोणमा नै समस्या छ । त्यसमाथि सहकारी बैङ्क स्थापना गरेपछि सहकारीको मूल्य मान्यता नै फरक हुन थाल्यो । सहकारी संस्थाहरूले बैङ्किङ कारोबार गर्न थालेसँगै उच्च तहका व्यक्तिहरूले कानुनी छिद्रहरूको प्रयोग गरेर बचतकर्ताहरूको रकम हिनामिना गर्ने र भाग्ने राम्रो मेसो पाएका छन् । तिनीहरू शासक दलहरूको राजनैतिक संरक्षणमा 'ठुला नेता' र 'समाजसेवी' बन्ने होडमा छन् ।

सहकारीमार्फत ठगी र भ्रष्टाचार गर्नेहरूलाई कडा कारबाही गरी साँचो अर्थमा सहकारी सिद्धान्तअनुसार आर्थिक अवस्था कमजोर भएका जनताको आर्थिक, सामाजिक र सांस्कृतिक स्तर उठाउने बलियो सहाराको रूपमा सहकारी संस्थालाई विकास नगरेसम्म विकृति यथावत नै रहन्छ । तथापि वर्तमान व्यवस्थामै पनि कम्तीमा जनताप्रति उत्तरदायी सहकारी संस्थाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भए गरेका केही सकारात्मक अभ्यासहरूलाई अनुसरण गरेर जनहितका कार्य गर्न सकेमा बचतकर्ताहरूको विश्वास जित्न सकिनेमा दुईमत नहोला । कसैबाट सुरुआत गर्ने कि ?

---

**एमाले...**

महिनाको २/३ लाख सहयोग गरेको' (पेज १४०) उल्लेख छ । पुस्तकमा कोटेश्वरमा भएको रामहरि हत्या काण्डको सम्बन्धमा उनले 'रामहरिको दाजु बनेर दर्जनौँ पटक झुट बोलेको' निर्लज्जतापूर्वक उल्लेख गरेका छन् (पेज ८०) । त्यस्तै विष्णु पौडेल (उपाध्यक्ष) बालुवाटारको जग्गा हिनामिना प्रकरणमा, शेरधन राई (सचिव) महिलामाथि दुर्व्यवहार, ऐन महर र विशाल भट्टराई पनि विवादित व्यक्तिहरू हुन् ।

एमाले नेतृत्वको सरकारको पालामा भएको गिरिबन्धु टि स्टेटको जग्गा सट्टापट्टा प्रकरण, स्वास्थ्य सामग्री खरिदमा भएको 'ओम्नी' काण्ड, नेपाल ट्रष्टको जग्गा कौडीको मूल्यमा यति समूहको गोकर्ण रिसोर्टलाई दिएको सम्बन्धी मुद्दालगायत चर्चित काण्डहरू हुन् । यसले एमालेले जबज त्याग गरेर बाहुबलीवाद (बाबबा) अवलम्बन गरेको रूपमा जनताले बुझ्न थालेका छन् । पार्टीले अवलम्बन गरेको सिद्धान्त र विचारधाराको आधारमा देशलाई अगाडि बढाउने सपना देखाउनुपर्नेमा एमाले नेतृत्वले धम्क्याएर र तर्साएर शासन गर्ने चेतावनी सार्वजनिक रूपमा दिइरहेका छन् । धम्काउनु, तर्साउनु राजनीति होइन, त्यो त डरपोक अभिव्यक्ति हो । एमाले नेताहरू भित्र भित्र डराइरहेको सङ्केत हो ।

एमाले निर्वाचनमा ईश्वर पोखरेल पक्षीय गुट जितेकै अवस्थामा पनि जनताको निम्ति तात्त्विक फरक पर्ने छैन किनभने एमालेले जबजलाई लामो समयदेखि पुँजीवादी सरकारमा जाने भर्याङमात्र बनाउँदै आइरहेको छ । नेका, राप्रपा, रास्वपा जोसुकैसँग जुनसुकै अवस्थामा मिलेर पनि सरकारमा जाने जबजको सार हो । राप्रपाका कमल थापा, राजेन्द्र लिङ्देन, परिवार दलका एकनाथ ढकालदेखि हृदयेश त्रिपाठीसम्मलाई एमालेको टिकट दिएर निर्वाचन जित्न सहयोग गर्नु नै जबज हो । एमालेभित्र जबजका व्याख्याताहरू धेरै छन् । उनीहरूले जबजलाई संसारकै 'नवीनत्तम सिद्धान्त' भनेर व्याख्यासमेत गरेका छन् । उनीहरूले दाबी गरे जस्तै जबज न नविन विचार हो न मार्क्सवाद लेनिनवादसँग छेउ टुपो मिल्ने विषय हो । जबज मार्क्सवादविरोधी संशोधनवादी विचार हो, त्यो पुँजीवादी विचार हो । जबजका 'प्रणेता' मदन भण्डारीलाई कम्युनिस्टहरू संशोधनवादी बर्नस्टिनसँग तुलना गर्छन् र भण्डारी नेपालका वर्नस्टिन भएको बताउँछन् ।

वर्नस्टिन मार्क्सवाद विरोधी थिए । उनले सन् १८९६–१८९८ तिर जर्मन सामाजिक जनवादीहरूको मुखपत्र (नयाँ युग) मा 'समाजवादका समस्याहरू' लेखहरू लेखेर मार्क्सवादका दार्शनिक, आर्थिक र राजनैतिक सिद्धान्तहरूको संशोधन गर्ने प्रयास गरे । उनले पुँजीवाद शान्तिपूर्ण तरिकाले समाजवादमा विकास हुने विचार अघि सारे । संसद्मा बहुमत सदस्यहरू जितेरै शासन सत्ता मजदुर वर्गले कब्जा गर्न सक्छ भन्ने उनको विचार थियो ।

सन् १९५६ मा का. स्तालिनको निधनपछि सोभियत सङ्घको सत्तामा पुगेका खुश्चेभले त्यही संशोधनवादी नीतिलाई अवलम्बन गरे । पार्टीको २० औँ महाधिवेशनले वर्ग सङ्घर्ष आवश्यक नभएको र शान्तिपूर्ण तरिकाबाटै समाजवाद आउँछ भन्ने संशोधनवादी विचार अघि सारे । संसदीय निर्वाचन जितेर नै कुनै पनि देशमा समाजवाद स्थापना गर्न सकिन्छ भने मार्क्सवाद विपरीत संशोधनवादी वा पुँजीवादी विचार थियो त्यो । त्यही गलत सैद्धान्तिक आधार बनाउँदा सोभियत सङ्घमा समाजवाद तासको घरझैँ भत्क्यो । आज न समाजवाद रह्यो न सोभियत सङ्घ नै । देश १४/१५ वटा टुक्रामा विभाजित भयो । पूर्व सोभियत सङ्घ अहिले रुस र युक्रेनबिच वर्षौंदेखि युद्धरत छन् । सिद्धान्त छाड्नाको परिणाम हो त्यो दुर्दशा ।

एमाले महाधिवेशनमा भएको प्रचार प्रसार कुनै पुँजीवादी पार्टीहरूको भन्दा कम थिएन । निर्वाचन स्थल भृकुटी मण्डपमा नेताहरूका फोटोहरू, झण्डाहरू छरपष्ट थिए । महाधिवेशन प्रतिनिधिहरू ती फोटो र झण्डाहरूमा कुल्चेर आआफ्नो गुटको प्रचार गरिरहेको, छाडा गीत गाएर अर्धनग्न भई नृत्य गर्ने नायिकाहरू समेत भोट मागिरहेका दृश्य देखिन्थ्यो । ती सबै दृश्यले अब एमाले जनताको बहुदलीय जनवाद (जबज) बाट रूपान्तरण भई बाहुबलीवाद (बावबा) मा परिणत भएको जनताले अनुभव गर्दै छन् ।




**खाद्य...**

रक्षा गर्नु मानव जीवनको कर्तव्य भएको बताउनुभयो ।

सरकारमा गएकाहरूले देश र जनताको समस्या समाधान समयमा गर्न नसक्नु र सरकारले सम्भावित दुर्घटनाको पूर्व अनुमान गर्न नसक्दा जेनजी आन्दोलन भएको राष्ट्रिय मानव अधिकार आयोगको निष्कर्ष रहेको चर्चा गर्दै उहाँले प्रधानमन्त्री र मन्त्रीहरूले देश र जनताको समस्या समयमै गर्नुपर्छ भन्ने विषयमा नेमकिपाले सडक र सदनमार्फत आवाज उठाउँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ भन्ने विषयलाई जोड दिँदै आइरहेको बताउँदै नगरपालिकाअन्तर्गत सञ्चालित कलेजहरूको लागि अनुसन्धान गर्न छुट्टै बजेट विनियोजन गर्दै आइरहेको बताउनुभयो ।

कृषिमा ६० प्रतिशतभन्दा बढी जनता आश्रित देशमा कृषि क्षेत्रमा राम्रो अनुसन्धानको बन्दोबस्त नहुनु विडम्बनाको विषय हो भन्दै उहाँले कृषिमा व्यापक रूपमा अनुसन्धान गर्न सकेमा नेपाल खाद्यान्न आयातमा मात्र होइन, निर्यात गर्ने स्थितिमा पुग्न सकिने बताउनुभयो । कृषि वैज्ञानिकहरूलाई उचित सम्मान र सेवा सुविधा नहुँदा नेपालका राम्रा राम्रा कृषि वैज्ञानिकहरू विदेश पलायन भइरहेको यथार्थबारे प्रस्ट पार्दै उहाँले वैज्ञानिकहरूलाई नेपालमै काम गर्ने वातावरण तयार गर्नु आवश्यक रहेको बताउनुभयो ।

चीनका वैज्ञानिक युआन लोङफिङले गरेको हाइब्रीड बीउको आविष्कारले चीनलाई भोकमरीमुक्त देश बनाएको प्रसङ्ग जोड्दै उहाँले हाम्रा विश्वविद्यालयहरूले धान, गहुँ, फलफूल, पशु, जडीबुटीको अनुसन्धान गरेर देशलाई कृषिमा आत्मनिर्भर मात्र होइन कृषि उत्पादन निर्यात गरेको र पर्याप्त मात्रामा विदेशी मुद्रा आर्जन गर्नेतर्फ जोड दिनुपर्छ भन्नुभयो ।

सरकारले देशको दीर्घकालीन हितलाई ध्यानमा राखेर अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने आजको आवश्यकता भएको बताउँदै उहाँले राज्यको ध्यान अनुसन्धानतर्फ केन्द्रित हुनुपर्छ भन्नुभयो ।

आयोजक समितिका संयोजक प्रा.डा. राजु खनालले भक्तपुरमा ‘खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला’ आयोजना गर्नुको महत्त्व र उद्देश्यमाथि प्रकाश पार्दै स्थानीय तहबाट सञ्चालित ख्वप इ. कलेजलगायतसँग समन्वय र सहकार्यमा काम गर्न निकै सजिलो भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले ख्वप सर्कलले देशको शिक्षा विकासमा खेलेको भूमिका अग्रणी रहेको औंल्याउँदै पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालित ख्वप इ. कलेज पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका कलेजहरूमध्ये उत्कृष्ट कलेजको रूपमा सञ्चालनमा रहेको बताउनुभयो ।

**एकक्षण** — **निर्जला**

## ‘महाअधिवेशन’ के होइन ?

*राणाकालमा सहर-सहरमा नुन किन्नेको लाम,*
*मट्टीतेल किन्ने र अन्य प्राकृतिक प्रकोपको बेला*
*राहत सामग्री र खानेकुरा वितरणका लाम,*
*अनि प्रमको महानिर्वाचनमा पाँच हजारको*
*रु. को खामबन्दी, रातो टीका लगाउँदाको नाम*
*पद पाउन र मन्त्री, अन्य लाभको पाउने सबै लाम*
*त ‘महाअधिवेशन’ कै सिलसिला न हो ?*
*जिल्ला, गाउँ, नगर र प्रदेश दस्ताबेजबारे*
*छलफल नै नगरी निर्दलीय बेला पशुपति दर्शन*
*एवं लुम्बिनी, पोखरा र जनकपुरधामको दर्शन*
*स्वास्नीलाई फरिया र चोलो, केटा-केटीलाई नाना*
*राजनीतिक भेला, सम्मेलन र महासम्मेलन नै त*
*‘महाअधिवेशन’ हो भने सिद्धान्त, नीति र वर्गबिनाको*
*हुल जम्मा गर्नु पनि ‘महाअधिवेशन’ हो !*
*गाउँ र सहरको संसदीय निर्वाचनमा ग्यास सिलिन्डर,*
*माछा र मासुको पोको अनि कुर्ता-सुरुवाल र घाँघर*
*घर-घरमा वितरण गर्दा हार-जित र ‘वाम राजनीति’ हो*
*भने, राजधानीमा पैसै नतिरी घुमघाम गराउन पैसा दिने*
*आवतजावतको रकम र खाने केन्द्रकै बन्दोबस्त हुन्छ*
*भने, लुटेको डलर साटेको र भारुको नेरु बनाएर*
*‘दल बदल’को नाम कमाउनु कुन लज्जाको कुरा हो,*
*हे, प्रधानमन्त्री काङ्ग्रेस पार्टीभित्र पनि चुनाव मात्रै’ क्या ?*
*ठिक्कै ‘सहकारी’ मा छलफल र निर्णयमा सही छाप गराउँदा*
*करोडौं र अर्बौं आआफ्ना नाममा ऋण लिने, बिना*
*कुनै धितो हुन्छ भने, त्यही दलको केन्द्रमा राजनीति*
*त्यो पनि महाअधिवेशन किन हुन्न हँ ? भइरहेछ !*

**निर्वाचन...**

सरकारको ध्यान जान आवश्यक छ । निर्वाचन आयोगलाई आवश्यक बजेट र जनशक्ति सरकारले उपलब्ध गराउनु जरुरी छ । आयोगलाई सोझै विदेशीसँग भेटघाट र सहयोग लिन नपर्ने गरी सरकारले बन्दोबस्त गर्नु जरुरी छ ।”

देशको सन्तुलित विकास गरिए र देशभित्र रोजगारीको व्यवस्था भए निर्वाचन क्षेत्र र देश बाहिर बसेकालाई मतदान गराउने अलग कानुनी व्यवस्था गर्न नपर्ने उल्लेख गर्दै सचिव सुवालले विप्रेषणको भरमा देश आत्मनिर्भर नहुने बताउनुभयो ।

बैठकमा प्रधानमन्त्री सुशीला कार्कीले सबै दलको चाहना फागुन २१ गते नै निर्वाचन गर्ने हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, “केही दल अदालतमा पनि पुगेका छन्; ६ महिनाभित्र चुनाव सम्पन्न गर्नु संविधानसम्मत हो ।”

देशको सर्वेसर्वा जनता नै भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले सरकारमा गएका दलहरूको भागबन्डा नमिलेकै कारण जनता प्रताडित हुनुपर्ने स्थिति आउन नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, “हिजो सरकारमा गएका दलहरूले मनोरञ्जन गरेर बिताए; यो कसैप्रति आक्षेप लगाएको होइन । सबैलाई निर्वाचनमा ल्याउने प्रयास भइरहेको छ । एक आपसमा रिस पोख्दा बङ्गलादेश जस्तो वा मुलुक नरहने अवस्था हुनेतर्फ सचेत हुनु जरुरी छ ।”

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आयोगले राजनीतिक दल फुटाउने काम नगरेको बरु राजनीतिक दलहरू आफै फुटेर आएको बताउँदै नेमकिपाबाहेक अधिकांश दलहरू टुटफुट भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “निर्वाचनसम्बन्धी कानुन समयमा नआए निर्वाचन सम्पन्न गर्न आयोगलाई कठिन हुनेछ । विदेशमा बसेका नेपालीलाई मतदान गराउने, नेपालभित्रै निर्वाचन क्षेत्र बाहिर बस्नेलाई मतदान गराउने र कसैलाई पनि मत नदिनेलगायत सर्वोच्च अदालतको २०७४ सालको निर्देशनअनुसार तत्तत् निकायबाट कार्य सम्पादन नभएको हो ।”

निर्वाचन आयोगका पूर्वप्रमुख आयुक्त सूर्यप्रसाद श्रेष्ठले सर्वोच्च अदालतको निर्देशनअनुसार विदेशमा बसेकालाई मतदान गराउने र निर्वाचन क्षेत्र बाहिर बसेकालाई मतदान गराउने कानुनी व्यवस्था फागुन २१ गतेको चुनावको लागि सम्भव नहुने धारणा राख्नुभयो ।

कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेलले कसैलाई ‘मत नदिने पक्षमा’ ५० प्रतिशतभन्दा बढी भएमा के गर्ने ? भन्ने जस्ता विषयमा राम्रो अध्ययन नगरी यो व्यवस्था राख्न नहुने धारणा राख्नुभयो ।

पत्रकार कनकमणि दीक्षितले चुनावपछिको संसद्ले संविधान संशोधन गर्नु उपयुक्त हुने धारणा राख्दै भदौ २३ र २४ गतेको घटनाबारे चुनावी सरकारले अनुसन्धान पूरा गर्नुपर्नेमा जोड दिनुभयो ।

संविधानसभा सदस्य राधेश्याम अधिकारीले निर्वाचनको मिति घोषणा भइसकेपछि निर्वाचनसम्बन्धी ऐन संशोधन गर्नु उपयुक्त नहुने धारणा राख्नुभयो ।

पूर्वसचिव विद्याधर मल्लिकले जेन-जीसँग गरेको सम्झौताका विषयलाई अल्पकालीन र दीर्घकालीन रूपमा पूरा गरिनुपर्ने बताउनुभयो ।

सरू जोशीले अस्ट्रेलियामा कसैलाई भोट नहाल्ने व्यवस्था होइन, भोट हाल्नैपर्ने अधिकारको रूपमा राखिएको र फिलिपिन्सले जहाँ बसे पनि जनताले भोट हाल्न पाउने व्यवस्था गरेको बताउनुभयो ।

बैठकमा नेपाली काङ्ग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपा, जनमत, सङ्घीय समाजवादी पार्टी नेपाल, लोसपा, नागरिक उन्मुक्ति पार्टी, देश विकास पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, सङ्घीय समाजवादी पार्टीका प्रतिनिधिहरूको सहभागिता थियो ।

बैठकमा जेन-जीका दुई प्रतिनिधिले बोलेका थिए ।

कुलमान घिसिङबाहेक सबै मन्त्रीहरू सहभागी भएको उक्त बैठकमा प्रधान सेनापति, आईजीपी, प्रहरी महानगर निरीक्षक, मन्त्रालयका सचिव आदिको उपस्थिति थियो ।

सभाको अन्त्यपछि शिक्षामन्त्री महावीर पुनले जेन-जीको माग सम्बोधन नभएको भनी गुनासो पोख्नुभयो ।

**जनताको...**

कामअनुसार ज्यालाको व्यवस्था हुनु जरुरी छ । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भष्टाचारीहरूलाई मृत्यु दण्डसमेत हुने कानुनी व्यवस्था जरुरी छ”, उहाँले भन्नुभयो, “कर्मचारीहरूले हाजिर गरेपछि तलब र पारिश्रमिक पाउने ठान्नु हुँदैन, हाजिर सँगसँगै काम पनि गरेर पुष्टि गर्नुपर्दछ । बिहान १० बजे हाजिर हुने र साँझ ४–५ बजे कार्यालयबाट छुट्टि भएपछि पाएको पारिश्रमिकअनुसार काम भए नभएको तर्फ ध्यान दिनुपर्दछ ।”

भक्तपुरका जनताले भक्तपुरलाई सफा स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखेको र यो लक्ष्य पूरा गर्न जनप्रतिनिधिहरूले नीति कार्यक्रम बनाउने र कर्मचारीहरूले कार्यान्वयन गर्ने कामलाई निरन्तरता दिनु उपयुक्त हुने धारणा राख्दै सचिव सुवालले भन्नुभयो, “नेपाल मजदुर किसान पार्टीका अध्यक्षले धेरै अगाडि नै कर्मचारीहरू एम्बुलेन्स र दमकलजस्तै देश र जनताप्रति जिम्मेवार हुनुपर्ने बताउनुभएको थियो । कर्मचारीहरू चौबीसै घण्टा देश र जनताप्रति जिम्मेवार र जवाफदेही हुनु आवश्यक छ । भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगले सरकारहरू जनताका माग समयमा सम्बोधन गर्न समर्थ नभएको र सम्भावित दुर्घटनाको पूर्वानुमान गर्न नसकेको वक्तव्य प्रकाशित गरेको तर्फ सबैको ध्यान जानुपर्दछ ।”

“२०१९ सालयता नेपाल मजदुर किसान पार्टीका अग्रजहरू जनप्रतिनिधि बनेर भक्तपुर नगरपालिकालाई स्थानीय जनताको उपभोक्ता समिति र श्रमदानसमेतमा विकासका कार्यमा आर्थिक अनुशासन, मितव्ययिता, पारदर्शिता कायम गर्दै अघि बढाउनुभएको हो । भक्तपुर नगरपालिकालाई देशको नमुना नगरपालिका बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले थप मेहनत गर्ने जनताको अपेक्षा हो”, सचिव सुवालले भन्नुभयो ।

“नयाँ पुस्ता हाम्रा भविष्य हुन् । चिकित्सकहरूका अनुसार सहरका विद्यार्थीहरूमा केही मात्रामा कुपोषण देखिएको, शारीरिक गतिविधि र सरसफाइमा कमी भएको सार्वजनिक भएको छ । यसबारे जनप्रतिनिधि र विद्यालयहरूबिच छलफल हुनु उपयुक्त हुनेछ”, उहाँले भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २००६ साल असार २४ गते भक्तपुर म्युनिसिपालिटीको रूपमा स्थापना भएको भक्तपुर नगरपालिका स्थापनाकालदेखि आजसम्म विभिन्न कालखण्डमा नगरपालिकामा जनप्रतिनिधिहरूको रूपमा निर्वाचित भएर सेवा गर्नुभएका, प्रत्यक्ष र अप्रत्यक्ष रूपमा भक्तपुरको विकासमा योगदान गर्नुभएका सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर विभिन्न ऐन-कानुनहरू निर्माण गर्दै सबै क्षेत्रमा विकास निर्माणलाई अगाडि बढाउँदै आएको उल्लेख गर्नुभयो । उहाँले भनपाले निर्वाचनमा जनताबिच घोषणामार्फत गरेका प्रतिबद्धताहरू पूरा गर्न शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माण, सीपमूलक तालिमहरू दिएर भनपाले जनभावनाअनुसार कार्य गर्दै आएको छ भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, “नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २५-२६ वर्षअघि देख्नुभएको सपनाअनुसार भक्तपुर ‘एक घर एक स्नातक’, पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो छुट्टै पहिचान बोकेको नमुना नगरको रूपमा विकास हुँदै छ ।”

सांस्कृतिक नगर भक्तपुरका मूर्त तथा अमूर्त सम्पदाहरूलाई जीवन्त राख्न भनपाले निरन्तर जोड दिँदै आएको उल्लेख गर्दै उहाँले विदेशीको सहयोगमा होइन आफ्नै पौरखले हाम्रा सम्पदा उठाउनुपर्छ भन्ने भावनाले नगरपालिकाले जनतासँग मिलेर श्रमदान, आर्थिक सहयोग लिएर सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्दै आएको स्पष्ट पार्नुभयो ।

वाग्मती प्रदेशका प्रदेश सदस्य सुरेन्द्रराज गोसाईले भक्तपुर नगरपालिकाले यहाँका संस्कृतिहरूको संरक्षण र प्रवर्द्धनमा जनतालाई उत्साहित गर्दै आएको बताउँदै नगर निर्माण र दिगो विकासको निम्ति सङ्गठित शक्ति र सही विचार आवश्यक भएको बताउनुभयो ।

उहाँले प्रजग कोरियाले छोटो समयमा संसारलाई आश्चर्यचकित हुने ढङ्गले विकास गरेको चर्चा गर्दै प्रजग कोरियाको प्योङयाङ सहर भक्तपुरजस्तै कला, कृति र कलाकारहरूको सहर भएको बताउनुभयो ।

भक्तपुरका पुराना कला र संस्कृतिलाई विज्ञान, प्रविधि र आधुनिकतासँग जोडेर लान सके नयाँ युगको सेवा हुने उल्लेख गर्दै उहाँले जनताको सांस्कृतिक र नागरिक भावना जोगाउनु आवश्यक छ भन्नुभयो ।

उहाँले भक्तपुरको नेवार सभ्यता केवल सांस्कृतिक समुदायमा सीमित नरहेको बताउँदै यहाँका जनता राजनीतिक रूपमा सचेत र सङ्गठित भएकै कारण यसको छुट्टै पहिचान कायम भएको हो भन्नुभयो ।

भक्तपुरका पुस्तकालयहरू स्तरोन्नतिसँगै यहाँका नागरिकहरूको बौद्धिक र सांस्कृतिक स्तर पनि माथि उठ्दै जाने विश्वास व्यक्त गर्दै उहाँले भक्तपुर देशकै लागि रोल मोडलको रूपमा अगाडि बढिरहेको छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाका विविध गतिविधि र कार्यक्रमले गर्दा देशकै उदाहरणीय नगरको रूपमा स्थापित हुन सफल भएको चर्चा गर्दै भक्तपुरका मूर्त तथा अमूर्त सम्पदा संरक्षण गरी पर्यटन उद्योगसँग जोडी विभिन्न कार्यक्रमहरू अगाडि बढाउँदै आएको बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले भक्तपुरको संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरपालिकाले खेल्दै आएको भूमिका प्रशंसनीय छ भन्दै यस्ता गतिविधिलाई निरन्तरता दिँदै जानुपर्ने बताउनुभयो ।

नेपाल कर्मचारी एसोसिएसन एकाइ समिति भक्तपुरका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर नगरपालिकामा जनप्रतिनिधि र कर्मचारीहरूको समन्वय र समभावमा काम गरेकै कारण देशको उदाहरणीय बन्न सफल भएको बताउँदै सरकारले स्थानीय तहका कर्मचारीहरूलाई दोस्रो दर्जाको कर्मचारीहरूको रूपमा हेर्न नहुने बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि सचिव सुवालले योमारी प्रतियोगिताका सहभागीहरूलाई प्रमाण पत्र र विजयीहरूलाई पुरस्कार तथा मायाको चिनो वितरण गर्नुभएको थियो भने नगर प्रमुख प्रजापतिले निर्णायकहरूलाई धन्यवाद पत्र र मायाको चिनो वितरण, प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले योमारी उत्सवमा सहभागी सांस्कृतिक समूहहरूलाई धन्यवाद पत्र र मायाको चिनो तथा उपप्रमुख जोशीले सहयोगी सङ्घ-संस्थाहरूलाई धन्यवाद पत्र र मायाको चिनो वितरण गर्नुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो । भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा योमारी निर्माण र प्रतियोगितासम्बन्धी लघु वृत्तचित्र प्रदर्शनी गरिएको थियो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको योमरी प्रतियोगितामा ६२ वटा समूहले सहभागिता जनाएका थिए । उक्त प्रतियोगितामा भनपा वडा नं. ८ को छिकोङ समूह प्रथम, भनपा वडा नं. ९ को विश्वकर्मा भैल प्याखँ खल: तौलाछेँ दोस्रो, भनपा ८ को ख्वप्रिङ एकेडेमी तेस्रो, भनपा ६ को भादगाउँ दिदी बहिनी समूह र भनपा ४ को सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. ले सान्त्वना स्थान हासिल गरेका थिए ।

**सर्वहारा...**

र माओको देनलाई भुल्दै छन् । साम्राज्यवादीहरूको अगाडि विश्व सर्वहारा वर्गका नेताहरूको तस्बिरसम्म देखाउन चाहँदैनन् । यस मानेमा शासक पार्टीहरू नाममात्रको कम्युनिस्ट छन्, व्यवहारमा काङ्ग्रेस हुन्”, उहाँले भन्नुभयो ।

कार्यक्रमका सभापति गङ्गाराम ज्याख्वले सय वर्षअघिको चीनको रेशममार्गलाई नै आज २१ औं शताब्दीमा चिनियाँ सरकार र कम्युनिस्ट पार्टीले संसारकै देशहरूसँग मिलेर अगाडि बढिरहेको छ भन्नुभयो ।

कार्यक्रममा पार्टी नगर समितिका मिरा दुगुज, विष्णुराम दुमरू र पुरुषोत्तम तमखुले पनि स्तालिन र माओको योगदानबारे बोल्नुभएको थियो ।

**विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं।**

❖विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
❖विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
❖विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं।
❖विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
❖सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं।
❖सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३